# स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन मार्गदर्शन

# २०७६/७७

प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

२०७६

सामाजिक विकास मन्त्रालयल र अन्तर्गतका स्वास्थ्य निकायबाट आर्थिक वर्ष २०७६/७७ मा सन्चालित हुने स्वास्थ्य क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरुको पारदर्शी, मितव्ययी, प्रभावकारी र व्यवस्थित सञ्चालनको सहजीकरण लागि यो कार्यक्रम सञ्चालन मार्गदर्शन तयार गरिएको छ।


प्रदेश सरकार
प्रदेश नं. ५

**सामाजिक विकास मन्त्रालय**

बुटवल,
फोनः ०७१-५५०६५०
Email: mosdfive@gmail.com
Website: www.mosd.p5.gov.np

# विषयसूचि

**विषय** **पेज नं.**

**खण्ड - क ........ ८**

**सामाजिक विकास मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रमहरु ........ ८**

१. प्राकृतिक चिकित्सा क्षेत्रमा कार्यरत संस्थाहरुलाई पूंजिगत अनुदान ........ ९

२. आँखा अस्पतालहरुको सेवा सबलिकरण तथा सहजिकरणको लागि प्रस्तावमा आधारित पुँजिगत अनुदान ........ ११

३. नेपाल रेडक्रस सोसाइटीलाई जिल्ला स्तरमा ब्लड बैंक सुध्दृढीकरणकालागि पुँजिगत अनुदान ........ १३

४. सामुदायिक अस्पतालहरुको बिशेषज्ञ सेवा सञ्चालनमा सहजिकरणको लागि प्रस्तावमा आधारित पुँजिगत अनुदान ........ १५

५. स्वास्थ्य क्षेत्रमा आवश्यक रणनीति तथा लागत कार्ययोजनाको निर्माण कार्यान्वन ........ १७

६. राजयोग सभागृह बुटवलमा निर्माण कार्यमा सहकार्य ........ १८

७. आमा सुरक्षा कार्यक्रममा स्टाफ नर्स तथा अ.न.मी. करार ........ १९

८. स्वास्थ्य सम्बन्धी विषयवस्तुहरु विद्यालय पाठ्यक्रममा समावेश गर्नको लागि कार्यक्रम ........ २१

**खण्ड - ख ........ २२**

**स्वास्थ्य निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमहरु ........ २२**

१. स्वास्थ्य क्षेत्रमा (आयुर्वेद तथा वैकल्पिक चिकत्सा समेत) अनुसन्धान ........ २३

२. प्रदेश स्तरीय आयुर्वेदिक औषधी उत्पादन तथा प्रशोधन केन्द्र स्थापना सम्भाब्यता अध्ययन ........ २५

३. स्वास्थ्य क्षेत्रमा स्थानीय संघ संस्था साझेदारीमा कार्यक्रम सञ्चालन ........ २६

४. दम जन्य तथा ब्रोकाटिस उपचार व्यवस्थापन अस्पतालहरु ........ २८

५. मुटुरोग, मृगौला, थलसेमिया, सिकलसेल एनेमियाको निदान उपचार पुनर्स्थापना ........ ३०

६. खानेपानी परीक्षण प्रयोगशाला स्थापना ........ ३१

७. एम्बुलेन्स ट्रयाकिङको लागि डिभाइस जडान तथा सञ्चालन ........ ३३

८. निःशूल्क बिशेषज्ञ स्वास्थ्य शिविर सन्चालन ........ ३५

९. निशुल्क विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन ........ ३७

१०. वायु प्रदुषण मापन कार्यक्रम ........ ३९

११. RDQA कार्यक्रम सञ्चालन ........ ४१

१२. MPDSR कार्यक्रम सञ्चालन अनसाईट कोचिङ समेत ........ ४३
१३. प्रादेशिक अस्पतालहरुको न्युनतम सेवा मापदण्ड कार्यक्रम ........ ४५
१४. अस्पतालहरुमा सामाजिक परीक्षण कार्यक्रम ........ ४६
१५. स्वास्थ्य कार्यक्रमहरुको एकिकृत अनसाईट कोचिङ ........ ४८
१६. आँखाको नि:शुल्क शल्यक्रिया शिविर सञ्चालन ........ ५०
१७. सि.इ.ओ.एन.सि. सेवा चाप बढि भएका अस्पतालहरुमा रोबसन क्राईटेरिया लागु ........ ५२
१८. आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई सि.एम.ई.कार्यक्रम ........ ५४

**खण्ड - ग ........ ५५**

**स्वास्थ्य तालिम केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरुः ........ ५५**

१. अस्पताल नर्सिङ्ग स्टाफहरुलाई ओ.टि. म्यानेजमेन्ट तालिम ........ ५६
२. लामो अवधीको परिवार नियोजन साधन सम्बन्धी तालिम ........ ५८
३. सुरक्षित मातृत्वका लागि अन साइट कोचिङ मेन्टरिङ तालिम ........ ६०
४. चिकित्सकहरुका लागि मेडिको लिगल तालिम ........ ६३
५. कुष्ठरोग सम्बन्धि आधारभूत तालिम ........ ६६
६. सुरक्षित गर्भपतन सेवा तालिम ........ ६८
७. सर्पदंश उपचार तालिम ........ ७१
८. भि आइ ए तालिम ........ ७४
९. आयुर्वेद स्वास्थ्यकर्मिहरुलाई आयुर्वेद कार्यकम सञ्चालन तथा ब्यावस्थापन तालिम ........ ७७
१०. एस बि ए तथा एडभान्स एस बि ए तालिम ........ ७९
११. सिटीएस तालिम ........ ८२
१२. चिकित्सकहरुको लागि भ्यासेक्टोमी तालिम ........ ८५
१३. चिकित्सकहरुलाई मिनि ल्याप तालिम ........ ८७
१४. एडभान्स एफ.सि.एच.भी. ........ ८९
१५. आई पि अन साईट कोचिङ् ........ ९२

**खण्ड -घ ........ ९४**

**प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रमार्फत सञ्चालन कार्यक्रमहरु ........................................ ९४**

१. प्रदेश स्वास्थ्य आपुर्ति व्यबस्थापन केन्द्रको सुदृढीकरण.................................................... ९५

२. औषधि ढुवानी .................................................................................... ९६

३. निशुल्क औषधी खरिद.............................................................................. ९७

४. आयुर्वेद औषधी खरिद .............................................................................. ९८

५. पूर्वकर्म/पञ्चकर्मको लागि स्टिमबाथ बक्स खरिद.............................................................. ९९

६. महामारी अवस्थाको लागि औषधी लगायत अन्य सामाग्री खरिद तथा बफर स्टक .................................. १००

७. स्वास्थ्य संस्थामा जन्मेका बालबालिकाहरुको लागि भिटामिन प खरिद ........................................ १०१

८. अस्पताल तथा स्थानीय तहहरुमा एम्बुलेन्स खरिद............................................................ १०२

९. दुर्गम क्षेत्रका स्वास्थ्य क्षेत्रहरुमा प्रयोगशाला विस्तारका लागि औजार उपकरण विगतको भुक्तानी समेत .................... १०४

१०. बर्थिङ्ग सेन्टरहरुको लागि औजार, उपकरण खरिद तथा विगतको भुक्तानी समेत.......................................... १०५

११. प्रादेशिक अस्पतालहरुको लागि आई.सी.यू. सेट अप सहितको एम्बुलेन्स खरिद.......................................... १०७

१२. अस्पतालहरुमा फोहोर व्यवस्थापनको लागि अटोकेलेभ मेसिन खरिद.................................................. १०८

१३. स्वास्थ्य संस्थाहरुको लागि अक्सिजन कनसन्ट्रेटर खरिद.......................................................... १०९

१४. अस्पतालहरुको लागि मेसिनरी औजार खरिद (सिटी स्कायन मेसिन समेत) विगतको भुक्तानी समेत.................... ११०

**खण्ड ङ........................................................................................ १११**

**स्वास्थ्य कार्यालयहरु मार्फत सञ्चालन कार्यक्रमहरु ................................................................ १११**

१. ८४ बर्ष पुगेका जेष्ठ नागरीकहरुलाई घरमै स्वास्थ्य सेवा कार्यक्रम ................................................ ११२

२. स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रम, प्रकाशन, प्रसारण सन्चालन.................................................. ११३

३. निजि स्वास्थ्य संस्थाहरुको तथ्यांक समावेशिकरणको लागि अभिमुखिकरण ............................................ ११९

४. सिकल सेल प्रभावित जिल्लाहरुमा सचेतना कार्यक्रम सञ्चालन........................................................ १२१

५. पाठेघर खस्ने समस्या, फिस्टुला तथा पाठेघरको मुखको क्यान्सर परिक्षण शिविर सञ्चालन .................................. १२३

**खण्ड - च ..................................................................................... १२५**

**अस्पतालहरुमार्फत सञ्चालन कार्यक्रमहरु ........................................................................ १२५**

१. अस्पतालको सेवा सुदृढिकरणको लागि गुरुयोजना निर्माण.......................................................... १२६

२. अस्पतालहरुमा सामाजिक सेवा एकाई स्थापना ........ १२८

३. ओ.सि.एम.सि. सेवा विस्तार ३ अस्पताल ........ १३१

४. लुम्बिनी प्रादेशिक अस्पतालमा न्युरो तथा अर्थो बिशिष्टिकृत सेवा सञ्चालन ........ १३३

५. लुम्बिनी प्रादेशिक अस्पतालमा नँया न्युरो तथा अर्थो बिशिष्टिकृत सेवा सञ्चालन ........ १३४

६. राप्ती प्रादेशिक अस्पताल एन.आई.सि.यु. सेवा सञ्चालन ........ १३५

७. राप्ती प्रादेशिक अस्पतालमा जेरियार्टिक वार्ड सञ्चालन ........ १३६

८. लुम्बिनी प्रादेशिक अस्पतालमा प्यालिएटिभ सेवा सञ्चालन ........ १३७

९. लुम्बिनी प्रादेशिक अस्पताल डाईग्नोष्टिक भवन निर्माण निरन्तरता ........ १३८

१०. लुम्बिनी प्रादेशिक अस्पतालको हालको ओ.टी. भवन माथि क्याबिन निर्माण कार्य निरन्तरता ........ १३९

११. रुकुम पूर्व अस्पतालको लागि औजार उपकरण खरिद ........ १४०

१२. लुम्बिनी प्रादेशिक अस्पतालमा न्युरो तथा अर्थोको बिशष्टिकृत सेवा सञ्चालनको लागि औजार उपकरण खरिद ........ १४१

१३. राप्ती प्रादेशिक अस्पतालमा एन.आई.सि.यु. सेवा सञ्चालनको लागि औजार उपकरण खरिद ........ १४२

१४. जिल्ला स्थित अस्पतालहरुको अपरेशन थिएटर सुदृढिकरण एवं सञ्चालन ........ १४३

१५. अस्पतालहरुको गुणस्तर सुदृढिकरणको लागि औजार उपकरण ........ १४४

**खण्ड- छ ........ १४५**

**आयुर्वेद केन्द्र तथा चिकित्सालयमार्फत सञ्चालन कार्यक्रमहरु ........ १४५**

१. जडिबुटि प्रशोधन तथा आयुर्वेदिक औषधि उत्पादन ........ १४६

२. क्षार सुत्र तालीम आयुर्वेद चिकित्सकहरुको लागि ........ १४७

३. आयुर्वेद सेवा कार्यक्रम सञ्चालन ........ १४८

**खण्ड - ज ........ १५०**

**भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत सञ्चालन हुने कार्यक्रमहरु ........ १५०**

१. ट्रमा सेन्टर भवन निर्माण ........ १५१

२. लुम्बिनी आयुर्वेद चिकित्सालयको योगभ्यास केन्द्र निर्माण निरन्तरता ........ १५३

३. प्रादेशिक आयुर्वेद अस्पतालको पंचकर्म हल निर्माण निरन्तरता ........ १५५

४. पाल्पा जिल्लाको हुंगी पन्टारमा योग अभ्यास केन्द्र निर्माण ........ १५७

५. राप्ती प्रादेशिक अस्पताल तुल्सिपुरमा योग अभ्यास केन्द्र निर्माण........................................................................१५९

६. २ वटा आयुर्वेद स्वास्थ्य केन्द्रको भवन निर्माण................................................................................................१६१

७. राप्ती प्रादेशिक अस्पतालको तल्ला थप तथा कम्पाउण्ड वाल निर्माण बहुबर्षिय निरन्तरता (समपुरक अनुदान)................१६३

८. लुम्बिनी प्रादेशिक अस्पतालमा न्युरो तथा अर्थो भवन निर्माण कार्य प्रारम्भ.........................................................१६५

९. रुकुम पूर्व अस्पतालहरुको भवन निर्माण..........................................................................................................१६७

१०. राप्ती प्रादेशिक अस्पतालको पेडियाक्ट्रिक भवन निर्माण........................................................................१६९

**यस मार्गदर्शनसँग सम्बन्धित ऐन, नियम तथा निर्देशिकाहरुः- ..........................................१७१**

## कार्यक्रमको अवधारणापत्रको खाकाः

| | |
|---|---|
| १. आयोजना/कार्यक्रमको संक्षिप्त परिचयः | |
| २. आयोजनाको नाम ( Project Name) | |
| ३. आयोजनाको खर्च संकेत ( Project Expenditure Code ) | |
| ४. आयजनाको औचित्य( Project Rationale) | |
| ५. आयोजनको कूल बजेट (Project Budget) | |
| ६. आयोजनाको रहने स्थान ( Project Location) | |
| ७. आयोजनाको मुख्य उदेश्य ( Project Objectives) | |
| ८. आयोजनाको अपेक्षित प्रतिफल ( Project Outputs) | |
| ९. आयोजनाको अपेक्षित नतिजा( Project Outcomes) | |
| १०. आयोजनाका लाभग्राही ( Porject Beneficiaries) | |
| ११. आयोजना कार्यन्वयन गर्ने निकाय ( Implementing Agencies) | |

## आयोजनाको बजेट खर्चको बाँडफाँटः

| जनशक्तिको खर्च ( Expenditures on Human Resources) | | | |
|---|---|---|---|
| विवरण( Description | एकाई ( Unit) | दर (Rate) | रकम (Amount) |
| जनशक्ति | संख्या | | |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| उपकरणको खर्च ( Expenditures on Equipment) | | | |
| विवरण( Description | एकाई ( Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

| | | | |
|---|---|---|---|
| ५. | | | |
| ६. | | | |
| निर्माण खर्च ( Construction Cost) | | | |
| विवरण( Description | एकाई ( Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| तालिम खर्च ( Training Cost) | | | |
| विवरण( Description | एकाई ( Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| परामर्श खर्च ( Consultancy Cost) | | | |
| विवरण( Description | एकाई ( Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| अनुगमन खर्च ( Monitoring Cost) | | | |
| विवरण( Description | एकाई ( Unit) | दर (Rate) | रकम (Amount) |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

| |
|---|
| कार्यक्रमसंग सम्बन्धित खर्च मात्र समावेश गर्नु पर्दछ।जस्तै  निर्माण कार्यमा तालिम खर्च नहुन सक्छ |

## आयोजनाको अनुगमन तथा मूल्यांकन तालिका

| विवरण | समय तालिका | पटक | अनुगमनमा संलग्न जनशक्ति | |
|---|---|---|---|---|
| | | | विवरण | संख्या |
| १. सम्भाव्यताको लागि स्थलगत भ्रमण | | १ | | |
| २. लागत अनुमान तयार पार्न स्थलगत अनुगमन | | १ | | |
| ३. प्रगती अनुगमन | | | | |
| ४. जाँचपासको लागि भ्रमण | | | | |
| ५. सार्वजनिक परीक्षणको भ्रमण | | १ | | |
| ६. आयोजना हस्तान्तरणमा भ्रमण | | १ | | |
| ७. प्रगति समिक्षा | | १ | | |

## आयोजनाको कार्यन्वयन तालिका

| क्रियाकलाप | समय | जिम्मेवारी | प्रतिफल |
|---|---|---|---|
| १. अवधारणा पत्र तयार | | | अवधारणा पत्र |
| २. लागत अनुमान तयार पार्ने | | | लागत अनुमान |
| ३. परामर्स शेवा भए  कार्य शर्त र RFP तयार गर्ने | | | TOR and RFP |
| ४. तालिम कार्य भए तालिमा योजना तयार पार्ने | | | Training Plan |
| ५. उपकरण  खरिद भए  स्पेसिफिकेशन सहित बिड डकुमेन्ट तयार गर्ने | | | Specification and bid document |
| ६. निर्माण कार्य भए स्पेसिफिकेसन, | | | Bid document with |

| | | | |
|---|---|---|---|
| Drawinng, design, Bid Document तयार गर्ने | | | specification, drawing and design |
| ७. सूचना वा प्रस्ताव आव्हान | | | |
| ८. प्रस्तावको मूल्यांकन | | | Evaluation |
| ९. सम्झौता समय | | | Agreement |
| १०. कार्यन्वयन | | | Implementation |
| ११. जाँचपास | | | Technical Examination |
| १२. सार्वजनिक परीक्षण | | | Public Audit |
| १३. फरफारक | | | Clearance |

## आयोजना जोखिमको लेखाजोखा

| सम्भावित जोखिम ( Potential Risks) | जोखिमबाट आउन सक्ने परिणाम ( Consequences) | जोखिम न्यूनीकरणको रणणनीति Risks Reduction Strategy |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

## कार्य शर्तको मोटमोटी खाका

१. परिचय ( Introduction)
२. अध्ययनको उदेश्य ( Study Objectives)
३. अध्यनको अपेक्षित नतिजा ( Expected Outputs)
४. अध्ययनको कार्य क्षेत्र ( Scope of Work)
५. अध्ययन विधि( Methodology)
६. अध्ययनमा संलग्न जनशक्तिको विवरण, संख्या र निजहरुको योग्यता
७. अध्ययन प्रतिवेदनको भाषा र संख्या ( Language of work)
८. अध्ययनको व्यवस्थापनको जिम्मेवारी ( Responsible Unit)
९. लागत अनुमान ( Cost Breakdown)
१०. परामर्श दाता छनौटको मूल्यांकनको आधार (खरिद ऐन अनुसार)
११. परामर्शदाताले पेश गर्नु पर्ने दस्तावेजहरु ( Documents to be submitted)
१२. अनुगमन तथा मूल्यांकन ( Monitoring and Evaluation)
१३. परामर्शदाताको समय तालिका ( Time Schedule)
१४. भुक्तानीको किस्ता तरिका ( Payment and Instalment)
१५. प्रतिवेदनको पुनरावलोकन ( Review of Report)
१६. परामर्शदाताले पालन गर्नु पर्ने अन्य शर्तहरु

# कार्यक्रम सञ्चालनका आधारभूत मार्गदर्शन

बार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्दा संस्था प्रमुख, लेखा प्रमुख, कार्यक्रम संयोजक लगायत कार्यक्रममा संलग्न कर्मचारी तथा निकायहरुले ध्यान दिनुपर्ने महत्वपूर्ण विषयहरु देहाय बमोजिम रहेका छन्-:

१. यो आधारभूत मार्गदर्शन सामाजिक विकास मन्त्रालय र मातहतका निकायबाट आर्थिक वर्ष २०७६/७७ मा सञ्चालन गर्ने कार्यक्रमको कार्यान्वियन सहजीकरणका निमित्त तयार गरिएको छ।

२. यो आधारभूत मार्गदर्शन र कार्यक्रम सञ्चालनसँग सम्बन्धी प्रचलित कानून वाझिएमा प्रचलित कानून अनुसार नै कार्यसम्पादन गर्नुपर्नेछ।

३. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यस मार्गदर्शनलाई राम्ररी अध्ययन गर्नुपर्दछ।

४. यस मार्गदर्शनमा उल्लेखित विषयहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी संस्था प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका कार्यक्रम संयोजकको हुनेछ। संस्था प्रमुखले प्रचलित कानूनको परिधिभित्र रही आफूलाई प्राप्त अधिकारहरु मातहतका निकाय तथा कर्मचारीहरुलाई प्रत्यायोजन गर्न सक्नेछ।

५. कार्यक्रम सञ्चालन गर्नु पूर्व प्रचलित कानूनको प्रावधान अनुकुल हुने गरी कार्यक्रमको उद्देश्य, कार्यक्रम सञ्चालन प्रकृया, कार्यक्रममा लाग्ने अनुमानित खर्च वाँडफाँड, कार्यक्रमका सहभागी तथा स्रोत व्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान र मिति आदी उल्लेख गरीएको कार्यक्रमको रुपरेखा तथा अवधारणा (Detail Program Framework and Concept) संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट टिप्पणी आदेशबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गराउनु पर्दछ।

६. स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही सार्वजानिक खरिद ऐन २०६३, सार्वजानिक खरिद नियमावली (संशोधन २०७५ समेत) २०६४ ,प्रदेस नं ५ प्रदेस आर्थिक ऐन, २०७५, प्रदेस नं ५ को सार्वजनिक खर्चको मापदन्ड, कारयविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, प्रदेस सार्वजनिक खरिद सम्बन्धी खरिद नियमावली, २०७६ ,अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७५,नेपाल सरकारको भ्रमण खर्च नियमावली २०६४, बमोजिम वाँडफाँड गरी स्वीकृत गराई मितव्ययी, पारदर्शी तथा दक्षतापूर्वक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

७. कार्यक्रम सञ्चालनको अवधिमा कार्यक्रम सञ्चालनसँग सम्बन्धित कुनै ऐन,नियमावली, कार्यविधि, निर्देशिका संशोधन भएमा संशोधन भएको प्रावधान अनुसार गर्नुपर्दछ।

८. यस मार्गदर्शनमा उल्लेखित वार्षिक कार्यक्रमको सञ्चालन गर्दा प्रदेश सरकार, प्रदेश नं.५ को सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली, कार्य सञ्चालन निर्देशिका, भ्रमण खर्च नियमावली, आर्थिक ऐन, आर्थिक कार्यविधि नियमावली र खर्च सम्बन्धी अन्य निर्देशिका वा कार्यविधि स्वीकृत भएपश्चात सोहि वमोजिम खर्च वाँडफाँड गरी कार्य सञ्चालन गर्नुपर्नेछ।

९. कार्यक्रमको भौतिक तथा वित्तिय प्रगति चौमासिक र वार्षिक रुपमा सामाजिक विकास मन्त्रालय पठाउनुपर्नेछ।

१०. कार्यक्रमहरु सञ्चालन गर्दा नतिजामूलक अवधारणा( Result Framework), स्वीकृत कार्ययोजना, समयसारिणी र स्वीकृत खरिद योजना अनुसार गर्नुपर्नेछ। कुनै संघ संस्थाबाट कार्यक्रम सञ्चालन गर्दा सो कार्यक्रमको गुणस्तर

कायम गर्ने, कार्यक्रमको विधि र प्रक्रिया पूरा गर्ने र  सार्वजनिक लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धित संघ संस्थाको हुनेछ ।

११.तालिमहरु सञ्चालन गर्दा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्डको सीमाभित्र रही सञ्चालन गर्नु पर्नेछ ।

१२.प्रदेस विनियोजन ऐन अनुसार हुने गरी आवश्यकता र औचित्यका आधारमा स्थानीय तह मार्फत सञ्चालन गर्न सकिने कार्यक्रमहरु स्थानीय तहलाई अख्तियारी प्रदान गरी कार्यक्रमको कार्यान्वयन गर्न सकिनेछ ।

१३.संघ संस्थामार्फत सञ्चालन भएका कार्यक्रमहरुको सार्वजनिक परीक्षण गराएर मात्र फरफारक गराउने व्यबस्था मिलाउनु पर्नेछ ।

१४. भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम सन्चलान गर्दा राष्ट्रिय भवन संहिता २०६०, नेपाल सरकारबाट स्वीकृत शहरी योजना तथा भवन निर्माण  सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ पालना गर्नु पर्नेछ ।

१५. चिकित्सकीय औजार उपकरण खरिद गर्दा प्रचलित कानून बमोजिम योग्यता पुगेको बायो मेडिकल ईन्जिनियरबाट यसको स्पेसिफकेशन तयार गर्नु पर्नछ ।

१६.भौतिक संरचना निर्माण गर्दा  भवन ऐन, २०५५ ले निर्धारण गरेको योग्यता पुगेको प्राविधिकबाट लागत अनुमान, डिजायन, स्पेसिफिकेशन तयार गर्नु पर्नेछ ।

१७.परामर्शदाताबाट भएको अध्यन सम्बन्धी कार्यको परामर्शदातालाई अध्ययन प्रतिवेदन प्रस्तुत गर्न लगाई  तोकिएको कार्यशर्त अनुसार कार्य भए  नभएको सुनिश्चतथा गर्नु पर्नेछ ।

१८.कार्यक्रमको खर्च गर्दा  देहायको खर्च संकेतको व्याख्यालाई आधार मानी खर्च गर्नु  पर्नेछ ।



# खण्ड - क

# सामाजिक विकास मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रमहरु

## १. प्राकृतिक चिकित्सा क्षेत्रमा कार्यरत संस्थाहरुलाई पूंजिगत अनुदान

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २६४२३ | रु. ५० लाख | पटक | १ | प्रथम |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | प्रकृतिमा उपलब्ध हुने प्राकृतिक उपजहरुको प्रयोग गरी उपचार गरीने पद्धतिलाई प्राकृतिक चिकित्सा पद्धति भनिन्छ । यो चिकित्सा पद्धति हाम्रो समाजमा युगौदेखि चलि आए पनि हालको अवस्थामा ओझेलमा परेको छ । यो प्रणालीको विकास विस्तार र सुदृढिकरण गर्नका लागि यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| **लक्ष** | प्राकृतिक चिकित्सा सेवाको सुदृढिकरण तथा प्रबर्द्धन गर्ने । |
| **उद्देश्यः** | प्रदेश भित्रका सामुदायिक क्षेत्रमा कार्यरत सामुदायिक प्राकृतिक चिकित्सा केन्द्र/अस्पताललाई प्रस्तावका आधारमा सेवा प्रवाह गर्न अत्यावश्यक भौतिक पूर्वाधार निर्माण र चिकित्सकीय औजार तथा उपकरणको लागि सहयोग प्रदान गरी स्वास्थ्य क्षेत्रमा सर्वसाधारण जनताको पहुँच बढाउने। |
| **लक्षित समुहः** | सामुदायिक स्तरमा संचालित प्राकृतिक चिकित्सा केन्द्रहरु |
| **कार्यक्रमका खर्चक्षेत्र** | छनौट भएका संस्थाहरुलाई आवश्यक्ता र औचित्यका आधारमा अत्यावश्यक चिकित्सकीय औजार उपकरण र पूर्वाधार । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | सामाजिक विकास मन्त्रालय / निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | • कार्यक्रमको विस्तृत अवधारणा पत्र स्वीकृत गर्ने ।<br>• कार्यक्रमको लागत अनुमान तयार गर्ने<br>• सामुदायिक प्राकृतिक चिकित्सा केन्द्रहरुबाट प्रस्ताव (Proposal) माग गर्ने ।<br>• प्राकृतिक चिकित्सालयको नियमानुसार सेवा सञ्चालन भएको सुनिश्चितथा गर्ने ।<br>• प्रस्तावको मूल्याङ्कन गरी उपयुक्त देखिएमा छनौट गर्ने ।<br>• कार्यक्रम सञ्चालनका लागि दुई पक्षीय सम्झौता गर्ने ।<br>• कार्यक्रम सञ्चालनको अनुगमन, मुल्याङ्कन तथा प्राविधिक जाँचपास गर्ने ।<br>• कार्यक्रमको सार्वजनिक परीक्षण गर्ने ।<br>• कार्यक्रम सम्पन्न भएपछी कार्यक्रम सम्पन्न प्रतिबेदन लिई फरफारक गर्नुपर्नेछ । |

| | |
|---|---|
| **कार्यक्रम सन्चालन निर्देशिका** | • प्रदेश सरकारबाट स्वीकृत “स्वास्थ्य कार्यक्षेत्रमा कार्यरत संस्थाहरुलाई पूँजीगत अनुदानका लागि प्रस्तावका आधारमा सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०७६” बमोजिम सेवाको गुणस्तर सुदृढिकरणका लागि पुजिगत अनुदान प्रदान गर्ने। |
| **अपेक्षित उपलब्धी** | प्राकृतिक चिकित्सा केन्द्रबाट दिइने सेवाको गुणस्तरमा सुधार भई सेवा सुचारु हुनेछ। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेटको बाँडफाँड, कार्यक्रम संचालन गर्नुपर्नेछ। |
| **खर्च संकेत** | २६४२३ \| अन्य संस्थालाई सःशर्त पुंजीगत अनुदान \| यसमा गैर सरकारी, सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु र माथी उल्लेख नभएका संस्थाहरुलाई सःशर्त पूँजीगत कार्यको लागि दिइने अनुदान समावेश गरिन्छ |

## २. आँखा अस्पतालहरुको सेवा सबलिकरण तथा सहजिकरणको लागि प्रस्तावमा आधारित पुँजिगत अनुदान

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २६४२३ | रु. २ करोड | पटक | १ | दोश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | प्रदेश भित्र बसोवास गर्ने नागरीकहरुमा देखिने आँखासँग सम्बन्धी स्वास्थ्य समस्याहरुको समाधान गर्न, आँखा अस्पतालहरुको सेवाको गुणस्तर कायम गर्न यस प्रदेशभित्र रहेका विभिन्न सार्वजनिक, सामुदायिक तथा गैर सरकारी  अस्पतालहरुको सवलिकरण तथा सहजिकरणका लागि प्रस्तावमा आधारित पुँजिगत अनुदान प्रदान गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **उद्देश्यः** | प्रदेश भित्रका सामुदायिक क्षेत्रमा कार्यरत सामुदायिक आँखा अस्पताललाई प्रस्तावका आधारमा सेवा प्रवाह गर्न अत्यावश्यक चिकित्सकीय औजार तथा उपकरणको लागि सहयोग प्रदान गरी आँखा उपचारमा सर्वसाधारण जनताको पहुँच बढाउने। |
| **लक्ष** | • सेवा प्रदान गर्ने आँखा अस्पतालहरुको गुणस्तर कायम गर्ने।<br>• संचालित विशेषज्ञ सेवा सुदृढिकरण तथा  सेवा प्रवाह गर्ने।<br>• सेवाग्राहीहरुको विश्वसनियता वृद्धि गर्ने। |
| **प्राविधिक अनुगमन** | यस कार्यक्रमको प्राविधिक अनुगमन  स्वास्थ्य निर्देशनालयबाट हुनेछ। कार्यक्रमको समस्टिगत अनुगमन मन्त्रालयको सम्बन्धित महाशाखाबाट हुनेछ। |
| **लक्षित समुहः** | प्रदेश अन्तरगतका सार्वजनिक, सामुदायिक तथा गैर सरकारी मध्ये कम्तिमा ५ वटा आँखा अस्पतालहरु। |
| **कार्यक्रमका खर्चक्षेत्र** | छनौट भएका आँखा अस्पतालहरुलाई आवश्यक्ता र औचित्यका आधारमा अत्यावश्यक चिकित्सकीय औजार उपकरण |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | सामाजिक विकास मन्त्रालय/निर्देशनालय |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन विधिः** | • सार्वजनिक, सामुदायिक तथा गैर सरकारी आँखा अस्पतालहरुको गुणस्तर सुदृढिकरण गर्न औजार उपकरणको लागि प्रस्ताव माग गर्ने ।<br>• प्रस्तावको मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव छनौट गर्ने ।<br>• छनौट भएका आँखा अस्पतालहरुसँग सम्झौता गर्ने ।<br>• प्रदेश सरकारबाट स्वीकृत "स्वास्थ्य कार्यक्षेत्रमा कार्यरत संस्थाहरुलाई पुंजीगत अनुदानका लागि प्रस्तावका आधारमा सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०७६" बमोजिम स्वीकृत भएको अस्पताललाई अनुदान प्रदान गर्ने ।<br>• कार्यक्रम सञ्चालनको अनुगमन, मुल्याङ्कन तथा प्राविधिक जाँचपास गर्ने ।<br>• कार्यक्रमको सार्वजनिक परीक्षण गर्ने ।<br>• कार्यक्रम सम्पन्न भएपछी कार्यक्रम सम्पन्न प्रतिबेदन लिई फरफारक गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | सार्वजनिक, सामुदायिक तथा गैर सरकारी आँखा अस्पतालहरुको सेवामा गुणस्तर वृद्धि हुनेछ । |
| **प्राविधिक अनुगमन** | यस कार्यक्रमको प्राविधिक अनुगमन स्वास्थ्य निर्देशनालयबाट हुनेछ। कार्यक्रमको समस्टिगत अनुगमन मन्त्रालयको सम्बन्धित महाशाखाबाट हुनेछ। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **खर्च संकेत** | २६४२३ \| अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान \| यसमा गैर सरकारी, सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु र माथी उल्लेख नभएका संस्थाहरुलाई सःशर्त पूँजीगत कार्यको लागि दिइने अनुदान समावेश गरिन्छ |

## ३. नेपाल रेडक्रस सोसाइटीलाई जिल्ला स्तरमा ब्लड बैक सुध्दृढीकरणकालागि पुँजिगत अनुदान

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २६४२३ | रु. १ करोड | संस्था | ४ | प्रथम |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | नेपालमा रक्त संचार कार्यलाई व्यबस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्ने जिम्मेवारी निर्वाह गरेको एक मात्र गैर सरकारी संस्था नेपाल रेड क्रस सोसाइटि रक्त संचार केन्द्रले गर्दै आएको छ। जिल्लास्तरमा संचालित ती रक्त संचार केन्द्रहरुको सुदृढीकरणका लागि पुंजिगत अनुदान प्रदान गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **उदेश्य** | छनौट भएका रक्त संचार केन्द्रहरुलाई आवश्यक्ता र औचित्यका आधारमा अत्यावश्यक चिकित्सकीय औजार उपकरणका लागि सहयोग उपलब्ध गराउने |
| **लक्ष** | सेवा प्रदान गरीरहेका रक्त संचार केन्द्रहरुको सेवामा गुणस्तर सुदृढिकरण गर्न। |
| **लक्षित समुहः** | प्रदेश भित्रका रक्त संचार केन्द्रहरु। |
| **कार्यक्रमका खर्चक्षेत्र** | छनौट भएका रक्त संचार केन्द्रहरुलाई आवश्यकता र औचित्यका आधारमा अत्यावश्यक चिकित्सकीय औजार उपकरण |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | सामाजिक विकास मन्त्रालय/निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | • रक्त संचार केन्द्रहरुको गुणस्तर सुदृढिकरण गर्न औजार उपकरणका लागि प्रस्ताव माग गर्ने।<br>• प्रस्तावको मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव छनौट गर्ने।<br>• छनौट भएका रक्त संचार केन्द्रहरुसँग सम्झौता गर्ने।<br>• छनौट भएका रक्त संचार केन्द्रहरुलाई अनुदान प्रदान गर्ने।<br>• कार्यक्रम सञ्चालनको अनुगमन, मुल्याङ्कन तथा प्राविधिक जाँचपास गर्ने।<br>• कार्यक्रमको सार्वजनिक परीक्षण गर्ने।<br>• कार्यक्रम सम्पन्न भएपछी कार्यक्रम सम्पन्न प्रतिबेदन लिई फरफारक गर्नुपर्नेछ |
| **अपेक्षित प्रतिफल** | व्लड बैकहरुको सेवामा सुदृढीकरण हुनेछ । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **प्राविधिक अनुगमन** | यस कार्यक्रमको प्राविधिक अनुगमन स्वास्थ्य निर्देशनालयबाट हुनेछ। कार्यक्रमको समस्टिगत अनुगमन मन्त्रालयको सम्बन्धित महाशाखाबाट हुनेछ। |

| | | | |
|---|---|---|---|
| **खर्च संकेत** | २६४२३ | अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | यसमा गैर सरकारी, सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु र माथी उल्लेख नभएका संस्थाहरुलाई सःशर्त पूँजीगत कार्यको लागि दिइने अनुदान समावेश गरिन्छ |

## ४. सामुदायिक अस्पतालहरुको बिशेषज्ञ सेवा सञ्चालनमा सहजीकरणको लागि प्रस्तावमा आधारित पुँजिगत अनुदान

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २६४२३ | रु. २ करोड | पटक | १ | प्रथम |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | प्रदेश भित्र बसोवास गर्ने आम समुदायलाई प्रदान गरीने स्वास्थ्य सेवाको संवेदनशिलतालाई ध्यानमा राखी प्रदेश भित्रका सामुदायिक अस्पतालहरुबाट विशेषज्ञ सेवा सञ्चालन गर्ने उद्देश्यले सामुदायीक अस्पतालहरुको सेवाको सवलिकरण तथा सहजिकरणका लागि प्रस्तावमा आधारित पुँजिगत अनुदान प्रदान गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **लक्ष** | • सेवा प्रदान गर्ने सामुदायिक अस्पतालहरुको न्युनतम सेवा मापदण्ड (Minimum Service Standard) मापन गर्ने।<br>• संचालित विशेषज्ञ सेवा सुदृढिकरण तथा  सेवा प्रवाह गर्ने।<br>• सेवाग्राहीहरुको विश्वसनियता वृद्धि गर्ने।<br>• सेवाको गुणस्तरलाई वढाउने। |
| **उदेश्य** | छनौट भएका सामुदायिक अस्पतालहरुलाई आवश्यकता र औचित्यका आधारमा अत्यावश्यक चिकित्सकीय औजार उपकरण खरिदका लागि सहयोग उपलब्ध गराउने |
| **लक्षित समुहः** | प्रदेश भित्रका सामुदायिक अस्पतालहरु |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | सामाजिक विकास मन्त्रालय/ निर्देशनालय |
| **कार्यक्रमका खर्चक्षेत्र** | छनौट भएका सामुदायिक अस्पतालहरुलाई आवश्यक्ता र औचित्यका आधारमा अत्यावश्यक चिकित्सकीय औजार उपकरण |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन विधिः** | • प्रदेशको आवश्यक्ता अनुसार विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने सामुदायिक अस्पतालहरुको प्राथमिकरण गर्ने ।<br>• प्राथमिकरण गरीएको विशेषज्ञ सेवा सञ्चालन सम्बन्धमा सामुदायीक अस्पतालहरुबाट प्रस्ताव माग गर्ने ।<br>• नेपाल सरकारबाट स्वीकृत "अस्पतालको लागि न्यूनतम सेवा मापदण्ड (MSS)" निर्देशिका अनुसार सामुदायिक अस्पतालहरुबाट प्रदान गर्ने सेवाको गुणस्तर जाँच गर्ने ।<br>• प्रस्तावहरुको स्थलतगत अध्ययन तथा मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव छनौट गर्ने ।<br>• छनौट भएका सामुदायिक अस्पतालहरुसँग सम्झौता गर्ने ।<br>• प्रदेश सरकारबाट स्वीकृत "स्वास्थ्य कार्यक्षेत्रमा कार्यरत संस्थाहरुलाई पुंजीगत अनुदानका लागि प्रस्तावका आधारमा सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०७६" बमोजिम स्वीकृत भएको अस्पताललाई अनुदान प्रदान गर्ने ।<br>• कार्यक्रम सञ्चालनको अनुगमन, मुल्याङ्कन तथा प्राविधिक जाँचपास गर्ने ।<br>• कार्यक्रमको सार्वजनिक परीक्षण गर्ने ।<br>• कार्यक्रम सम्पन्न भएपछी कार्यक्रम सम्पन्न प्रतिबेदन लिई फरफारक गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | सामुदायिक अस्पतालको सेवामा गुणस्तर वृद्धि भई प्रदेशस्तरमा विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध हुनेछ । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **प्राविधिक अनुगमन** | यस कार्यक्रमको प्राविधिक अनुगमन स्वास्थ्य निर्देशनालयबाट हुनेछ। कार्यक्रमको समस्टिगत अनुगमन मन्त्रालयको सम्बन्धित महाशाखाबाट हुनेछ। |
| **खर्च संकेत** | २६४२३ \| अन्य संस्थालाई सःशर्त पुंजीगत अनुदान \| यसमा गैर सरकारी, सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु र माथी उल्लेख नभएका संस्थाहरुलाई सःशर्त पूँजीगत कार्यको लागि दिइने अनुदान समावेश गरिन्छ |

## ५. स्वास्थ्य क्षेत्रमा आवश्यक रणनीति तथा लागत कार्ययोजनाको निर्माण कार्यान्वन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १० लाख | पटक | ३ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | प्रदेश नं. ५ को स्वास्थ्यसँग सम्बन्धित ऐन, नियमावली, नीति, रणनीति, कार्यविधि तथा निर्देशिकाका मस्यौदा तयारी गर्दा विभिन्न समयमा वस्ने वैठक अन्तरक्रिया तथा कार्यशाला गोष्ठी सञ्चालन गर्नका लागि यो कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **उद्देश्यः** | प्रदेश अन्तरगतका स्वास्थ्यसँग सम्बन्धित ऐन, नियमावली, नीति, रणतीति, कार्यविधि तथा निर्देशिकाहरुको मस्यौदा तयारी गर्न। |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | सामाजिक विकास मन्त्रालय। |
| **कार्यक्रम सञ्चालन विधिः** | • कार्यक्रमको अवधारणा पत्र तयार गरी स्वीकृत गर्ने<br>• मस्यौदा तयारीका लागि मस्यौदा समिति तथा अन्य प्राविधिक कार्यदल गठन गर्ने।<br>• सरोकारवालाहरुसँग छलफल बैठक तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।<br>• मस्यौदा तयार गरी स्वीकृत गर्ने गराउने।<br>• आवश्यकता अनुसार परामर्श सेवा खरिद गर्ने। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | स्वास्थ्यसँग सम्बन्धित ऐन, नियम, नियमावली, नीति, रणनीति, कार्यविधि तथा निर्देशिकाका मस्यौदा समयमै तयार हुनेछन्। |
| **खर्च संकेत** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## ६. राजयोग सभागृह बुटवलमा निर्माण कार्यमा सहकार्य

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३१११२ | रु. ५० लाख | पटक | १ | दोश्रो |

| **उपशीर्षक:** | **विवरण** |
|---|---|
| **परिचय:** | मानिसका आधुनिक जीवनशैलिका कारण दिन प्रतिदिन नसर्ने रोगहरु (जस्तैः मुटुरोग मृगौला नशा सम्बन्धी क्यान्सर मधुमेह आदी) बढ्दै गएको छ । यी रोगहरुको न्यूनिकरण तथा रोकथामका लागि योगाभ्यास गर्न जरुरी छ र प्रदेश भित्र सामुहिक रुपमा योगाभ्यास गर्न सभागृह नभएकोले राजयोग सभागृह वुटवलमा निर्माण कार्यमा सहकार्य गर्न यस कार्यक्रमको व्यबस्था गरीएको छ । |
| **उद्देश्य:** | सामुहिक योगाभ्यास गर्न राजयोग सभागृह वुटवलमा सभाघरहको भौतिक संरचना निर्माण कार्यमा सहयोग उपलब्ध गराउने |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय:** | सामाजिक विकास मन्त्रालय/निर्देशनालय |
| **कार्यक्रमका खर्चक्षेत्र** | भौतिक पूर्वाधार |
| **कार्यक्रम सञ्चालन विधि:** | • राजयोग सभागृह निर्माण कार्यमा सहकार्यका लागि प्राविधिक लागत अनुमान, नक्शा तथा डिजाइन सहितको प्रस्ताव माग गर्ने ।<br>• माग गरीएको प्रस्तावको अध्ययन गरी स्वीकृत गर्ने ।<br>• कार्यक्रम कार्यान्वनका लागि सम्झौता गर्ने ।<br>• स्वीकृत प्रस्ताव अनुसार अनुदान प्रदान गर्ने ।<br>• कार्यक्रम सञ्चालनको अनुगमन, मुल्याङ्कन तथा प्रावधिक जाँचपास गर्ने ।<br>• कार्यक्रमको सार्वजनिक परीक्षण गर्ने ।<br>• कार्यक्रम सम्पन्न भएपछी कार्यक्रम सम्पन्न प्रतिबेदन लिई फरफारक गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | राजयोग सभागृह सहकार्यमा निर्माण हुनेछ । |
| **बजेट बाँडफाड:** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **प्राविधिक अनुगमन** | यस कार्यक्रमको प्राविधिक अनुगमन स्वास्थ्य निर्देशनालयबाट हुनेछ। कार्यक्रमको समस्टिगत अनुगमन मन्त्रालयको सम्बन्धित महाशाखाबाट हुनेछ। |

| | | | | |
|---|---|---|---|---|
| **खर्च संकेत** | | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | यसमा कार्यालय भवन, भवन तथा जग्गाको कम्पाउन्ड वाल निर्माण गोठ र टहराजस्ता भवनजन्य संरचनाको निर्माण/खरिद गर्न लाग्ने खर्चहरुको साथै भइरहेको भवनमा कोठा वा तला थप गर्दा हुने खर्च समावेश गर्नु पर्दछ । भवन खरिद गर्दा यो भवन तथा भवनले ओगटेको जग्गा, कम्पाउण्ड लगायतको अन्य संरचनागत खर्च (जग्गा फर्निचर र फिक्चर्स आदीको) को लागत छुट्याउन सक्ने भएमा सम्बन्धित खर्च शीर्षक मै रकम व्यबस्था गरी खर्च लेख्नु पर्दछ । |

## ७. आमा सुरक्षा कार्यक्रममा स्टाफ नर्स तथा अ.न.मी. करार

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२४११ | रु. २०,०७,०००।- | पटक | १ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | प्रसुती हुन आउने महिलाहरुको संख्या वढि भएका अस्पतालहरुमा जनशक्ति कम हुने भएकोले गुणस्तरीय सेवाको लागि स्टाफ नर्स तथा अ.न.मी. करारमा नियुक्ती गरी प्रसुती सेवा सञ्चालन गर्न यो कार्यक्रमको व्यवस्था गरीएको छ |
| **लक्ष** | गुणस्तरीय प्रसुती सेवा लाई २४ घण्टा सुचारु ढङ्गले सञ्चालन गर्ने । |
| **उदेश्य** | करारबाट स्टाफ नर्स र अ न मी जनशक्तिको व्यबस्थाका लागि अस्पतालहरुलाई अनुदान उपलब्ध गराउने |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | गुल्मी अस्पताल, राप्ती प्रादेशिक अस्पताल र पृथ्वी चन्द्र अस्पताल |
| **खर्च क्षेत्र** | करारबाट स्टाफ नर्स र अ न मी जनशक्तिको व्यबस्थाका लागि अस्पतालहरुलाई अनुदान उपलब्ध गराउने |
| **कार्यक्रम सञ्चालन विधिः** | • कार्यक्रमको अवधारणा पत्र तयार गरी स्वीकृत गराउने ।<br>• सामाजिक विकास मन्त्रालयले सम्वन्धित अस्पतालहरुमा उल्लेख भए अनुसारको रकम हस्तान्तरण गर्ने ।<br>• सम्वन्धित संस्थाहरुले सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ तथा करार निर्देशिका २०७२ अनुसार स्टाफ नर्स र अ. न. मी. करारमा नियुक्ति गरी **TOR** बनाई काममा लगाउने । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | गुणस्तरीय प्रसुति सेवा चौविसै घण्टा सञ्चालन हुनेछ । |
| **अनुगमन** | मन्त्रालयको सम्बन्धित महाशाखा र निर्देशनालय |

| | | | | |
|---|---|---|---|---|
| **खर्च संकेत** | | २२४११ | सेवा र परामर्श खर्च | यसमा देहायका रकमहरु समावेश हुन्छः<br>(क) पुँजीगत निर्माण अन्तर्गत नपरेका वा त्यस्तो निर्माणसँग सम्वन्धित नभएका अध्ययन, अनुसन्धान आदीको पारिश्रमिक र<br>(ख) छानविन, जाँचबुझ गराए वापतको खर्च विशेषज्ञबाट लिइने परामर्श सेवा तथा विज्ञ र सल्लाहकार सेवा आदीको पारिश्रमिक सम्बन्धी खर्चहरु समावेश गरिन्छ । |

## ८. स्वास्थ्य सम्बन्धी विषयवस्तुहरु विद्यालय पाठ्यक्रममा समावेश गर्नको लागि कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १०,००,०००।- | पटक | २ | प्रथम, दोश्रो |

| **उपशीर्षक:** | **विवरण** |
|---|---|
| **परिचय:** | प्रदेश भित्र वसोवास गर्ने नागरीकहरुको स्वास्थ्य सम्वर्द्धन गर्न वहुक्षेत्रीय समन्वय तथा सहकार्यको आधारमा विद्यार्थीहरुलाई पोषण, यौन तथा प्रजनन् स्वास्थ्य,रोग नियन्त्रण, लागु औषध दुर्व्यसनी, तथा स्वस्थ जिवनशैली प्रर्वद्धन गर्नका लागि आवश्यक आधारभूत ज्ञान, सीप तथा क्षमता विकास गर्न आवश्यक छ । तसर्थ प्रदेश भित्र सञ्चालनमा रहेका सामुदायिक तथा निजी विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई विद्यालयस्तरदेखि स्वास्थ्य तथा सरसफाई सम्वन्धित आधारभूत विषयवस्तुहरुको जानकारी दिई स्वस्थ नागरीक उत्पादनमा टेवा पुर्याउनको लागि विद्यालय शिक्षाको पाठ्यक्रममा स्वास्थ्य सम्वन्धी विषयवस्तुहरु समावेश गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| **उद्देश्य:** | • प्रदेशभित्र विद्यमान स्वास्थ्य समस्याहरुको रोकथाम गर्नको लागि विद्यालय शिक्षाको पाठ्यक्रममा स्वास्थ्य सम्बन्धी विषयवस्तुहरु समावेश गर्ने ।<br>• किशोरकिशोरीहरुलाई पोषण, यौन तथा प्रजनन् स्वास्थ्य,रोग नियन्त्रण, लागु औषधी दुर्व्यसनीतथा स्वस्थ जिवनशैली प्रवर्द्धन गर्नका लागि आवश्यक आधारभूत ज्ञान, सीप तथा क्षमता विकास गर्न । |
| **सञ्चालन गर्ने निकाय:** | सामाजिक विकास मन्त्रालय |
| **कार्यक्रमका सहभागीहरु:** | सामाजिक विकास मन्त्रालय, शिक्षा निर्देशनालय, शिक्षा तालीम केन्द्र, स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपुर्ती व्यवस्थापन केन्द्र, स्वास्थ्य तालिम केन्द्रका प्रमुखहरु र स्थानिय तहहरुबाट मेयर वा अध्यक्ष । |
| **कार्यक्रम सञ्चालन विधि:** | • पाठ्यक्रममा समावेश गर्नु पर्ने स्वास्थ्यका विषयहरु पहिचान तथा प्राथमिकिकरण गर्ने ।<br>• पाठयक्रम निमार्णका लागि प्राविधिक कार्य समिती गठन गरी पाठ्यक्रम मस्यौदा तयार गर्ने ।<br>• पाठ्यक्रम निमार्ण सम्वन्धी अन्तरक्रिया तथा परामर्श कार्यक्रम सञ्चालन गर्ने ।<br>• समितीले तयार गरेको पाठ्क्रमको मस्यौदा उपर छलफल गरी पाठ्क्रम लाई अन्तिम रुप दिने । |
| **बजेट बाँडफाड:** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **खर्च संकेत** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

# खण्ड - ख

## स्वास्थ्य निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमहरु

## १. स्वास्थ्य क्षेत्रमा (आयुर्वेद तथा वैकल्पिक चिकत्सा समेत) अनुसन्धान

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२४११ | रु. २०,००,०००।- | पटक | ४ | प्रथम, दोश्रो |

| **उपशीर्षक:** | **विवरण** |
|---|---|
| **परिचय:** | योजनाबद्ध विकासको लागि तथ्य र तथ्याङ्कको आवश्यकता पर्छ। नयाँ ज्ञान र तथ्यहरुलाई उजागर गर्न अनुसन्धान अपरिहार्य छ। स्वास्थ्य क्षेत्रमा देखिएका नँया-नँया समस्याहरुको यथार्थ कारण पत्ता लगाई समाधानका उपायहरु खोज्न समेत अनुसन्धानको महत्वपूर्ण भूमिका रहेको हुन्छ। |
| **उद्देश्य:** | • आयुर्वेद स्वास्थ्य संस्थाको अवस्था र सेवा वीचको Gap Analysis गरी सेवाको गुणस्तर अभिवृद्धिका लागि अनुसन्धान कार्य गर्ने।<br>• आयुर्वेद र वैकल्पिक चिकित्सामा संलग्न संघ संस्थाहरुको श्रोत नक्शा (Resource Map) तयार गर्ने।<br>• आयुर्वेद स्वास्थ्य सेवाको स्तरीय उपचार पद्धती (Standard Treatmeant Protocol) निर्माण गर्ने।<br>• सर्पदंश उपचार केन्द्र स्थापना/आवश्यक्ता सम्बन्धी अध्ययन गर्ने।<br>• सामाजिक विकास मन्त्रालयले उचित ठानेको विभिन्न स्वास्थ्य सम्बन्धी समस्याहरुमा अध्ययन अनुसन्धान कार्य गर्न।<br>(नोटः वैकल्पिक चिकित्सा भन्नाले होमियोप्याथी, युनानी, आम्चि, फिजियोथेरापी, प्राकृतिक, अक्युपन्चर आदीलाई वुझिन्छ।) |
| **खर्च क्षेत्र** | • परामर्शदाताको खर्च, खरिद प्रक्रियाको खर्च, प्रतिबेदन र प्रोटोकलको छपाई खर्च, परामर्शदाताबाट भएको कार्यको अनुगमन र प्रतिबेदनको पुनरावलोकन खर्च। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय:** | स्वास्थ्य निर्देशनालय |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन विधिः** | ● परियोजना विस्तृत अवधारणा पत्र तयारी ( Detail Project Concept Note)<br>● कार्य शर्त निर्माण<br>● लागत अनुमान तयारी र स्वीकृति<br>● परामर्श दाताको सेवा खरिद<br>● आयुर्वेद स्वास्थ्य संस्थाको अवस्था र सेवा वीचको Gap Analysis र गुणस्तर अभिवृद्धि सम्बन्धी अध्ययन, आयुर्वेद स्वास्थ्य सेवाको स्तरीय उपचार पद्धती (Standard Treatmeant Protocol) निर्माण, सर्पदंश उपचार केन्द्र स्थापना/आवश्यक्ता सम्बन्धी अध्ययनतथा सामाजिक विकास मन्त्रालयले स्वास्थ्य सम्बन्धी समस्याहरुमा अनुसन्धानका लागि प्रस्ताव माग गर्ने ।<br>● सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन २०७५ समेत) को अधिनमा रही कार्यक्रम सञ्चालन गरीनेछ ।<br>● कार्यक्रमबाट तयार पारिएको प्रतिबेदनको गुणस्तरको सुनिश्चितथाका लागि विज्ञ समूहबाट समिक्षा गरीनेछ ।<br>● कार्यक्रमको फरफारक स्वास्थ्य निर्देशनालयबाट हुनेछ । |
| **अपेक्षित उपलब्धी** | ● आयुर्वेद स्वास्थ्य संस्थाहरुको सेवाको गुणस्तरमा अभिबृद्धि हुनेछ ।<br>● आयुर्बेद र वैकल्पिक चिकित्सा संस्थाहरुको श्रोत नक्शा तयार हुनेछ ।<br>● आयुर्वेद स्वास्थ्य सेवाको स्तरीय उपचार पद्धति (Standard Treatment Protocal) निर्माण हुनेछ ।<br>● शर्पदंश उपचार केन्द्रको आवश्यक्ताको पहिचान हुनेछ । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **प्रगति अनुगमन र समीक्षा** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको प्रगति अनुगमन र समीक्षा हुनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |
| **खर्च संकेत** | २२४११ \| सेवा र परामर्श खर्च \| यसमा देहायका रकमहरु समावेश हुन्छः<br>(क) पुँजीगत निर्माण अन्तर्गत नपरेका वा त्यस्तो निर्माणसँग सम्वन्धित नभएका अध्ययन, अनुसन्धान आदीको पारिश्रमिक र<br>(ख) छानविन, जाँचबुझ गराए वापतको खर्च विशेषज्ञबाट लिइने परामर्श सेवा तथा विज्ञ र सल्लाहकार सेवा आदीको पारिश्रमिक सम्बन्धी खर्चहरु समावेश गरिन्छ । |

## २.प्रदेश स्तरीय आयुर्वेदिक औषधी उत्पादन तथा प्रशोधन केन्द्र स्थापना सम्भाब्यता अध्ययन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११७२ | रु. १०,००,०००।- | पटक | १ | दोश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | आयुर्वेद औषधिको आवश्यकता पूर्ति गर्न उपलब्ध कच्चा पदार्थको प्रशोधन गरी औषधी निर्माण, वितरण तथा प्रशोधित कच्चा पदार्थ निर्यात गरी आर्थिक समृद्धि प्राप्त होस् भन्ने हेतुले आयुर्वेदिक औषधि उत्पादन तथा प्रशोधन केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन कार्यक्रमको लागि वजेट विनियोजन गरीएको छ। |
| **उद्देश्यः** | आवश्यक औषधिको समुचित उपलब्धता तथा कच्चा पदार्थको प्रशोधन गर्न औषधि उत्पादन तथा प्रशोधन केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्नु । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **अध्ययनका क्षेत्रहरु** | जडिबुटिहरुको पहिचान, उपलब्धता, प्रशोधन, औषधी निर्माणका नविनतम विधि तथा प्रविधिहरु, उपकरणहरु, उद्योग स्थापनाको सम्भावित स्थानहरु आदी समेतलाई समेटी आयुर्वेद स्वास्थ्य सेवाको विकास, विस्तार र प्रबर्द्धन गर्ने। |
| **खर्च क्षेत्र** | परामर्शदाताको खर्च, खरिद प्रक्रियाको खर्च, प्रतिबेदनको छपाई खर्च, परामर्शदाताबाट भएको कार्यको अनुगमन र प्रतिबेदनको पुनरावलोकन खर्च। |
| **कार्यक्रम सञ्चालन विधिः** | • कार्यक्रमको अवधारणा पत्र तयार गर्ने।<br>• कार्यशर्त र लागत अनुमान तयार<br>• परामर्शदाता नियुक्तिका लागि प्रस्ताव आव्हान गर्ने।<br>• उपयुक्त परामर्शदाता छनौट गर्ने।<br>• परामर्शदाताबाट संभाव्यता अध्ययन गर्नेछ।<br>• कार्यसम्पादनको गुणस्तर आन्तरिक विज्ञ समूहबाट समिक्षा गरीनेछ। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | आयुर्वेद औषधी उत्पादन तथा प्रशोधन केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन हुनेछ। |
| **प्रगति अनुगमन समिक्षा** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको प्रगति अनुगमन र समीक्षा हुनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ। |

## ३. स्वास्थ्य क्षेत्रमा स्थानीय संघ संस्था साझेदारीमा कार्यक्रम सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ५०,००,०००।- | पटक | २ | प्रथम |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचयः** | प्रदेशमा विद्यमान स्वास्थ्य क्षेत्रका समस्याहरु पहिचान गरी समाधानका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नका लागि प्रदेश भित्र रहेका स्थानिय संघ संस्थाहरु सँगको साझेदारीमा कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकारले यो कार्यक्रम तय गरेको छ। |
| **उद्देश्यः** | स्वास्थ्य सेवाको पँहुच र गुणस्तर वृद्धिका लागि प्रदेशका संस्थाहरुसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने। |
| **लक्षित समुह** | प्रदेशमा रहेका जनताहरु |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | • कार्यक्रम संचालन निर्देशिकाको निर्माण।<br>• स्थानीय स्तरमा देखिएका मूलभुत स्वास्थ्य समस्याहरुको पहिचान र प्राथमिकरण गर्ने।<br>• पहिचान र प्राथमिकीकरण गरीएका समस्याहरुको समाधानका लागि स्थानीय स्तरमा रहेका संघ संस्थाहरुवाट हरेक जिल्लाबाट अलग-अलग प्रस्ताव माग गर्ने।<br>• प्रस्ताव छनौट गर्ने र कार्यक्रम सञ्चालन गर्ने।<br>• कार्यक्रम सञ्चालनको अनुगमन, मुल्याङ्कन गर्ने।<br>• कार्यक्रमको सार्वजनिक परीक्षण गर्ने।<br>• कार्यक्रम सम्पन्न भएपछी कार्यक्रम सम्पन्न प्रतिबेदन लिई फरफारक गर्नुपर्नेछ। |
| **खर्च क्षेत्र** | सर्ने तथा नसर्ने रोगहरुको स्क्रिनिङ, निदान तथा उपचार आदी |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | स्थानीय संघ संस्था मार्फत स्वास्थ्य सेवा विस्तार भई आम नागरीकमा स्वास्थ्य सेवाको पँहुचमा वृद्धि हुनेछ। |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको प्रगति समिक्षा हुनेछ। निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन हुनेछ। |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ। |

| | |
|---|---|
| **खर्च संकेत** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा  उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## ४. दम जन्य तथा ब्रोकाटिस उपचार व्यवस्थापन अस्पतालहरु

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ३ करोड मात्र | जिल्ला | १२ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचयः** | प्रदेशमा विद्यमान विभिन्न नसर्ने रोगहरुको वढ्दो प्रकोपवाट प्रदेश वासीलाई पर्ने व्यक्तीगत व्ययभार कम गर्नका लागि उपचारमा आर्थिक सहुलियत प्रदान गर्न दीर्घ श्वासप्रश्वास रोगहरु (Chronic Respiratory Diseases) (जस्तै COPD, Asthma, Occupational Lungs Diseases, Pulmonary Hypertension) को विरामीहरुलाई प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार रु. ५०,०००।– अक्षेरुपी रु. पचास हजार सम्मको निःशुल्क उपचार व्यवस्थापनको लागि यो कार्यक्रमको व्यवस्था गरीएको छ। |
| **उद्देश्यः** | दमजन्य तथा व्रोंकाईटिस उपचारमा विरामीको व्यक्तीगत व्ययभारलाई कम गर्न आर्थिक सहुलियत प्रदान गर्ने। |
| **कार्यक्रम व्यबस्थापन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम कार्यान्वयन गर्ने निकाय** | प्रदेश भित्रका सरकारी अस्पतालहरु |
| **खर्च क्षेत्रहरु** | विरामीको दर्ता, निदान तथा औषधि उपचार खर्च |
| **कार्यक्रम सञ्चालन विधिः** | • कार्यक्रम संचालन कार्यविधि र विस्तृत रुपरेखा निर्माण गर्ने।<br>• दम जन्य (COPD) तथा ब्रोकाटिस उपचार व्यवस्थापन कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम सम्बन्धित अस्पतालहरुबाट कार्यक्रम सञ्चालन गरीनेछ।<br>• सेवा प्रदान गर्ने सरकारी अस्पतालले तोकिए बमोजिमको फाराम मासिक रुपमा भरी निर्देशनालयबाट खर्चको शोधभर्नाका लागि पेश गर्नुपर्नेछ।<br>• माग भएबमोजिमको फारामको अध्ययन गरी निर्देशनालयबाट खर्चको शोधभर्ना भुक्तानी गर्नेछ। |
| **अपेक्षित उपलब्धी** | दम जन्य तथा व्रोङ्काइटिसका विरामीहरुको उपचारमा हुने व्यक्तिगत व्ययभार कम भई सेवामा नागरीकको पँहुचमा वृद्धि हुनेछ। |
| **खर्च क्षेत्र** | दर्ता शुल्क, निदान तथा उपचार आदी |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |

| | |
|---|---|
| **अपेक्षित उपलब्धी** | दम जन्य तथा व्रोङ्काइटिसका विरामीहरुको उपचारमा हुने व्यक्तिगत व्ययभार कम भई सेवामा नागरीकको पँहुचमा वृद्धि हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको प्रगति समिक्षा हुनेछ । निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन हुनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |
| **खर्च संकेत** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा  उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## ५. मुटुरोग, मृगौला, थलसेमिया, सिकलसेल एनेमियाको निदान उपचार पुनर्स्थापना

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १ करोड मात्र | जिल्ला | १२ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | प्रदेशमा विद्यमान विभिन्न नसर्ने रोगहरु तथा निश्चित समुदायहरुमा देखा परेका सिकलसेल एनिमिया तथा थालासेमिया जस्ता रोगहरुको निदान,उपचार तथा पुनस्र्थापना गर्नको लागि यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| **उद्देश्यः** | प्रदेशमा विद्यमान रहेका मुटुरोग, मृगौला, थलसेमिया, सिकलसेल एनेमियाको निदान उपचार गरी व्यक्तीगत तथा सामाजिक जिवनयापनमा सहजता ल्याउने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | • विस्तृत कार्यक्रम अवधारणापत्र तयार गर्ने<br>• लागत अनुमान तयार पार्ने<br>• प्रभावित क्षेत्रको पहिचान<br>• Mass screening क्याम्प सञ्चालन र शंकास्पद रोगी लाई प्रेषण गर्ने व्यवस्था मिलाउने ।<br>• रोग पहिचान भएका नागरीकहरुलाई सम्वन्धित रोगको उपचारमा सहुलियत प्रदान गर्ने । |
| **खर्च क्षेत्र** | शिविर मार्फत स्क्रिनिङ, निदान, उपचार र औषधि तथा जनशक्ती ब्यवस्था । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | नसर्ने रोगहरु तथा निश्चित समुदायमा देखा परेका सिकलसेल एनिमिया तथा थालासेमिया जस्ता रोगहरुको समय मै पहिचान भई व्यबस्थापन हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको प्रगति समिक्षा हुनेछ । निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन हुनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |
| **खर्च क्षेत्र** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## ६. खानेपानी परीक्षण प्रयोगशाला स्थापना

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. ४० लाख मात्र | वटा | १ | प्रथम |

| **उपशीर्षक:** | **विवरण** |
|---|---|
| **परिचय:** | भूमिगत खानेपानी साधारणतया सूक्ष्म जीवाणुद्वारा कम मात्रामा प्रदूषित हुने भएता पनि धमिलोपन, आइरन तथा एमोनियाबाट प्रदूषित भएको हुनसक्छ। हाते पम्पवाट उपलव्ध हुने भुमिगत पानी फलाम (आइरन), म्यागनिज, सूक्ष्मजीवाणु र आर्सेनिकबाट प्रदूषित हुने सम्भावना रहन्छ। दैनिक जीवनमा प्रयोग हुने पानीलाई सुरक्षित राख्न सकेमा मात्र मानव स्वास्थ्यमा हुने पानीजन्य रोगहरुको संक्रमणमा कमी ल्याउन सकिन्छ। तसर्थ प्रदेश स्तरमा आफ्नै प्रयोगशाला मार्फत खानेपानीको शुद्धता परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न यस कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **उद्देश्य:** | प्रयोगशाला स्थापना गरी पिउने पानीको शुद्ता परीक्षण गर्नु र पानीजन्य रोगहरुको जोखिमबाट प्रदेश भित्रका आम नागरीकहरुलाई बचाउनु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ। |
| **लक्षित समुह:** | प्रदेशका आम नागरीकहरु |
| **खर्च क्षेत्र** | प्रयोगशाला स्थापनाका लागि चाहिने औजार ,उपकरण, र फर्निचर |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय:** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधि:** | • कार्यक्रमको विस्तृत अवधारणा पत्र तायर पारने<br>• प्रदेश जनस्वास्थ्य प्रयोगशालामा खानेपानी परीक्षणका लागि प्रयोगशाला स्थापना गरी कार्यक्रम सञ्चालन गरीने छ।<br>• लागत अनुमान तथा स्पेशिफिकेशन तयार गर्ने।<br>• प्रचलित खरिद ऐन तथा नियमावली अनुसार कार्यान्वयन गर्ने। |
| **बजेट बाँडफाड:** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **कार्यक्रमको प्रतिफल** | खानेपानी परीक्षणका लागि प्रदेश नं.५ मा आवश्यक उपकरण सहित एक प्रयोगशाला स्थापना हुनेछ। |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको प्रगति समिक्षा हुनेछ। निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन हुनेछ |

| | |
|---|---|
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |
| **खर्च संकेत** | ३११२२ — मेशिनरी तथा औजार — यसमा एक वर्ष भन्दा वढी आयु भएका सवारी साधन बाहेकको मेशिन तथा मेशिनरी औजारहरुको खरिदको लागि भएको खर्च समावेश हुन्छ । |

## ७. एम्बुलेन्स ट्र्याकिङको लागि डिभाइस जडान तथा सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२४१२ | रु. ३५ लाख मात्र | पटक | १ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षक:** | **विवरण** |
|---|---|
| **परिचय:** | एम्बुलेन्स सेवालाई प्रभावकारी र जवाफदेही बनाउन तथा आकस्मिक विरामीहरुलाई छिटो छरितो स्वास्थ्य संस्थामा पुऱ्याउनका लागि नजिकको एम्वुलेन्सको अवस्था थाहा पाउनका लागि प्रदेश भित्रका एम्वुलेन्सहरुमा जि पि एस जडान गरी एम्वुलेन्स सेवालाई प्रविधिमैत्री नियमन गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **उद्देश्य:** | प्रभावकारी रुपमा एम्वुलेन्स सेवा सञ्चालनका लागि प्रविधिमैत्री नियमन प्रणाली अवलम्वन गर्ने। |
| **लक्षित समुह:** | प्रदेश भित्र सञ्चालन भएका एम्बुलेन्सहरु |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय:** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | जि पि एस जडान प्रविधि खरिद तथा जडान, औजार उपकरण, फर्निचर तथा Online सूचना प्रणालीका लागि अन्य सामाग्रीहरुको व्यबस्था। |
| **कार्यक्रम सञ्चालन विधि:** | • परियोजा अवधारणा तयार गर्ने<br>• लागत अनुमान तयार पार्ने<br>• जिल्ला स्थित एम्वुलेन्स सेवा सञ्चालन समिति मार्फत सरकारी एम्वुलेन्स सेवा प्रदायकहरुको लगत तयार गर्ने।<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन २०७५समेत) अनुसार जि पि एस जडान गर्ने।<br>• स्वास्थ्य निर्देशनालयमा GPS ट्र्याकिङ्ग अनुगमन प्रणालीको व्यबस्था गर्ने।<br>• जि पि एस जडान सञ्चालन निर्देशिका अनुसार कार्यक्रम सञ्चालन गरीनेछ। |
| **बजेट बाँडफाड:** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित प्रतिफल** | प्रदेशका सरकारी एम्वुलेन्समा जि पि एस प्रणाली जडान भई ट्र्याकिन्डको कार्य हुनेछ। |
| **अपेक्षित उपलव्धी:** | प्रदेशका आकस्मिक विरामीहरुले सर्वसुलभ र छिटो छरितो एम्वुलेन्स सेवा प्राप्त गर्न सक्नेछन्। |

| | |
|---|---|
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको प्रगति समिक्षा हुनेछ। निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन हुनेछ |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ। |
| **खर्च क्षेत्र** | २२४१२ \| सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च \| यसमा सूचना प्रणाली तथा सफ्टवेयर संचालनका लागि गरिने नवीकरण खर्च, परामर्श सेवाको खर्च तथा नियमित सुधार खर्च समावेश गरिन्छ। |

## ८. निःशूल्क बिशेषज्ञ स्वास्थ्य शिविर सन्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ७० लाख मात्र | पटक | १४ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | धैरैजसो ग्रामीण समुदायका गरीव मानिसहरु स्वास्थ्य संस्थाहरुबाट विशेषज्ञ स्वास्थ्य सेवा लिन बञ्चीत छन् । त्यस्ता क्षेत्र, वर्ग र समुदायमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन टड्कारो आवश्यकता रहेको हुँदा दुर्गम तथा पिछडिएको क्षेत्र, स्वास्थ्य सेवाको पहुंच नपुगेको आर्थिक तथा सामाजिक रुपमा पछि परेका बर्ग तथा समुदायको बसोवास भएको स्थानहरुमा निःशुल्क बिशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य सेवाको पँहुचमा वृद्धि गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **उद्देश्यः** | • दुर्गम तथा पिछडिएको क्षेत्र, स्वास्थ्य सेवाको पहुंच नपुगेका आर्थिक तथा सामाजिक रुपमा पछि परेका बर्ग तथा समुदायको बसोवास भएको स्थान र प्राकृतिक प्रकोप (बाढी पहिरो, आगजनी आदि) प्रभावित क्षेत्रहरुमा स्वास्थ्य सेवाको पँहुच बृद्धि गर्ने।<br>• आधारभूत स्वास्थ्य सेवामा समावेश नभएका स्वास्थ्य सेवाहरु प्रदान गर्ने।<br>• स्वास्थ्य सेवाको पँहुच वाहिर रहेका समुदायका नागरीकहरुको विभिन्न रोगहरुको पहिचान, निदान, उपचार तथा प्रेषण गर्ने। |
| **कार्यक्रमको औचित्यः** | • विशेषज्ञ स्वास्थ्य सेवाको पहुंच नपुगेका दुर्गम तथा पिछडिएको क्षेत्र, स्वास्थ्य सेवाको पहुंच नपुगेको आर्थिक तथा सामाजिक रुपमा पछि परेका बर्ग तथा समुदायको बसोवास भएको स्थान र प्राकृतिक प्रकोप (बाढी पहिरो, आगजनी आदि) प्रभावित क्षेत्रहरुमा यो कार्यक्रमको अत्याधिक आवश्यकता भएको छ। |
| **खर्च क्षेत्र** | औषधि खरिद तथा अन्य उपचार सामाग्री खरिद, विशेषज्ञ डाक्टर, स्वास्थ्य कर्मि तथा अन्य सहयोगी कर्मचारीहरुका लागि दै भ्र भ, औषधी ढुवानीका लागि गाडी भाडा आदी |
| **लक्षित समुहः** | प्रदेशका नागरीकहरु |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | • कार्यक्रमको अवधारणा पत्र तयार गर्ने<br>• स्वास्थ्य कार्यालयको सिफारिसमा शिविर सञ्चालन गर्ने।<br>• हरेक जिल्लामा कम्तिमा एक स्थानमा शिविर सञ्चालन गर्ने।<br>• शिविर सञ्चालनको लागि चाहिने विशेषज्ञ चिकित्सक सहितको मानवश्रोत तथा अन्य |

| | |
|---|---|
| | भौतिक स्रोतको व्यबस्था गर्ने ।<br>● स्थानीय तहहरुसँग समेत सहकार्य गरी शिविर सञ्चालन गरीने विशेषज्ञ स्वास्थ्य सेवाहरुका वारेमा जानकारी स्थानीय संचार माध्यम तथा साधन श्रोतको उपयोग गरी प्रचारप्रसार गर्ने ।<br>● विशेषज्ञ स्वास्थ्य शिविर आवश्यक्ताका आधारमा विभिन्न संघ संस्थाहरुसँग समन्वय तथा साझेदारीमा सञ्चालन गर्न सकिनेछ ।<br>● कार्यक्रम सम्पन्न पश्चात सार्बजनिक परीक्षण गरीनेछ । |
| **बजेट बाँडफाडः** | ● प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धीः** | ● पिछडिएका वर्ग र क्षेत्रका नागरीकहरुको विशेषज्ञ स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि हुनेछ ।<br>● नागरीकका विशेष स्वास्थ्य आवश्यकताहरुको सम्बोधन हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको प्रगति समिक्षा हुनेछ । निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन हुनेछ |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |
| **खर्च संकेत-२२५२२** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## ९. निशुल्क विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १२ लाख मात्र | पटक | ४ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचयः** | स्वास्थ्य सेवाको पहुंचबाट टाढा रहेका पिछडीएका दलित गरीब तथा सीमान्तकृत बर्गहरुमा आयुर्वेद चिकित्सा सेवा प्रदान गर्नका लागि निःशुल्क विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **उद्देश्यः** | सेवाको पहुंचबाट बञ्चित नागरीकमा आयुर्वेद चिकित्सा सेवा प्रवाह गर्ने। |
| **लक्षित समुहः** | प्रदेशका आम नागरीक |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | आयुर्वेद औषधि तथा अन्य उपचार सामाग्री खरिद, विशेषज्ञ आयुर्वेद चिकित्सक तथा अन्य स्वास्थ्य कर्मीहरुको दै भ्र भ. तथा औषधि ढुवानीका लागि गाडी भाडा आदी |
| **कार्यक्रम सञ्चालन विधिः** | • कार्यक्रमको अवधारणा पत्र तयार<br>• आयुर्वेद स्वास्थ्य चिकित्सालय/ स्वास्थ्य केन्द्र/औषाधालयको सिफारिसमा माग र आवश्यक्ताको आधारमा शिविर सञ्चालन गर्ने।<br>• शिविर सञ्चालनको लागि चाहिने आयुर्वेद विशेषज्ञ चिकित्सक सहितको मानवश्रोत तथा अन्य भौतिक स्रोतको व्यबस्था गर्ने।<br>• स्थानीय तहहरुसँग समेत सहकार्य गरी शिविर सञ्चालन गरीने विशेषज्ञ आयुर्वेद स्वास्थ्य सेवाहरुका वारेमा जानकारी स्थानीय संचार माध्यम तथा साधन श्रोतको उपयोग गरी प्रचारप्रसार गर्ने।<br>• विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर आवश्यक्ताका आधारमा विभिन्न संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी सञ्चालन गर्न सकिनेछ।<br>• कार्यक्रम सम्पन्न पश्चात सार्बजनिक परीक्षण गरीनेछ। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन  र खर्च गर्नुपर्नेछ। |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको प्रगति समिक्षा हुनेछ। निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन हुनेछ |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ। |

| | |
|---|---|
| **खर्च संकेत- २२५२२** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## १०. वायु प्रदुषण मापन कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. २० लाख मात्र | पटक | १ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षक:** | **विवरण** |
|---|---|
| **परिचय:** | प्रत्येक नागरीक स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने हकको कार्यान्वयन गर्न औद्योगिक क्षेत्रवाट उत्सर्जन हुने मुख्य ग्याँसहरु कार्वनडाईअक्साईड, मिथेन, नाईट्रजनअक्साईड, हाईड्रोफ्लोरो कार्वन, परफ्लोरो कार्वन जस्ता ग्याँसहरुको मात्रा बढि उत्सर्जन हुँदा वायू प्रदुषण भई मानवीय स्वास्थ्यमा प्रतिकुल असर पारी श्वास प्रश्वास सम्वन्धी शारीरिक समस्या बढ्दै जाने भएकोले स्वच्छ र स्वस्थ्य वातावरण कायम राख्न वायु प्रदुषणको मापन गरी औद्योगीक क्षेत्र लगायत अन्य वातावरण स्वस्थ्य राख्नु अपरिहार्य छ। |
| **उद्देश्य:** | प्रदेश अन्तर्रगतका विभिन्न स्थानका ठुला औद्योगीक क्षेत्रमा वायुको गुणस्तरको अवस्था र प्रदुषणको स्तर मापन गरी वर्तमान प्रदुषण अवस्था पत्ता लगाई प्रदुषण सम्वन्धी नागरीक चेतना अभिबृद्धि गर्नु कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ। |
| **लक्षित समुह:** | प्रदेश अन्तर्गतका विभिन्न औद्योगिक क्षेत्रहरु। |
| **खर्च क्षेत्र** | परामर्शदायी नियुक्ती, औजार उपकरण खरिद, निर्देशनालयमा online प्रतिबेदन प्रणाली स्थापनाका लागि सामाग्री खरिद आदी |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय:** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधि:** | • कार्यक्रमको अवधारणापत्र तयार गर्ने<br>• आवश्यक उपकरणको स्पेशिफिकेशन, लागत अनुमान सहित वोलपत्र दस्ताबेज तयार गर्ने।<br>• प्रचलित खरिद सम्बन्धी कानून अनुसार वातावरणसगँ सम्वन्धीत क्रियाशिल वा वायु प्रदुषण मापन सम्वन्धी विभिन्न व्यक्ति, संघ संस्था, सरकारी एवं गैरसरकारी संस्था आदी मार्फत कार्यक्रम सञ्चालनको प्रस्ताव माग गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने छ।<br>• कार्यक्रम सञ्चालन गर्ने संघ संस्थासँग लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।<br>• स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमनका लागि Online प्रतिबेदन प्रणाली जडान गर्नु पर्नेछ।<br>• वायु प्रदुषण मापन निर्देशिका वमोजिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |
| **खर्च क्षेत्र** | उपकरण खरिद, जडान, सञ्चालन, Online प्रतिबेदन प्रणालीको स्थापना आदी। |
| **बजेट बाँडफाड:** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गरी कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **कार्यक्रमको प्रतिफल** | प्रदेशमा वायु प्रदुषण मापन उपकरण जडान भई सञ्चालनमा आएको हुनेछ। |

| | |
|---|---|
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको प्रगति समिक्षा हुनेछ । निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन हुनेछ |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |
| **खर्च संकेत- २२५२२** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## ११. RDQA कार्यक्रम सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. २५ लाख मात्र | जिल्ला | १२ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | आ.व. २०५१/०५२ मा एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली लागु भए पश्चात स्वास्थ्य सेवाहरुको सूचनाहरु एकद्वार प्रणालीबाट उपलव्ध गरीने प्रावधान रहेको छ । उक्त सूचनाहरु प्राप्त गर्न हाल भइरहेको अभिलेख तथा प्रतिबेदनमा एकरुपता ल्याउन र स्वास्थ्य सेवाको अनुगमन प्रणालीलाई सुदृढिकरण गर्ने अभिप्रायले तथ्याङ्कको गुणस्तर लेखाजोखा अति आवश्यक हुन्छ । साथै कार्यक्रमहरुको प्रभावकारी योजना बनाउन र कार्यक्रमहरुलाई प्राथमिक्ता प्रदान गर्नका लागि सही तथ्याङ्कको खाँचो परेको अवस्थाका कारण तथ्याङ्कको आधिकारिक्ता र गुणस्तरीयता पनि जाँच्नु आवश्यक हुन्छ । तसर्थ तथ्याङ्कको गुणस्तरीयता मापनको लागि RDQA कार्यक्रमको व्यबस्था गरीएको छ । |
| **उद्देश्यः** | तथ्याङ्कको आधिकारिक्ता र गुणस्तर वृद्धि गर्न । |
| **कार्यक्रमको औचित्यः** | • HMISबाट प्राप्त तथ्याङ्कको गुणस्तरमा कमि भएको कारण आधिकारिक तथ्याङ्कको अभाव हुनुका साथै कम गुणस्तर तथ्याङ्कलाई योजना अनुगमन तथा मुल्याङ्कनका लागि प्रयोग गर्न प्रयोगकर्ता उत्साहित नहुने भएकोले तथ्याङ्कको गुणस्तर र आधिकारिक्ता वृद्धि गर्न जरुरी रहेको । |
| **लक्षित समुहः** | प्रदेश भित्रका स्वास्थ्य संस्थाहरु |
| **खर्च क्षेत्र** | फिल्डमा खटिने कर्मचारीहरुका लागि दै भ्र भ तथा यातायात खर्च, सहभागीहरुका लागि खाजा, स्टेशनरी, प्रतिबेदन तयारी तथा छपाई आदी |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | • कार्यक्रमको अवधारणा पत्र तयार<br>• प्रदेशका १२ वटा जिल्लाहरुका कम्तिमा २ वटा स्वास्थ्य संस्थाहरुमा ३ दिनका दरले कार्यक्रम सञ्चालन गरीनेछ । कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य संस्था छनौट गर्दा सम्बन्धित स्वास्थ्य कार्यालयसँग समन्वव गरी HMIS का सूचकहरु कमजोर (Poor Reporting) भएका स्वास्थ्य संस्था छनौट गर्नु पर्नेछ ।<br>• RDQA सञ्चालन गर्दा स्वास्थ्य कार्यालय, स्वास्थ्य संस्था रहेको पालिकाका स्वास्थ्य शाखाका प्रतिनीधि सहित समन्वय गरी सञ्चालन गर्नु पर्नेछ ।<br>• RDQA को Software हरेक पालिकामा Installation गरी त्यसको प्रयोग गर्न सहजिकरण गर्ने । |

| | |
|---|---|
| | • डाटा भेरिफिकेशन, Error सच्याई अन साइट कोचिंग गरी गुणस्तरीय स्वास्थ्य सूचना व्यबस्थापन प्रणालीको विकास हुनेछ ।<br>• कार्यक्रम "नियमित तथ्याङ्क गुणस्तर परीक्षण प्रणाली सञ्चालन निर्देशिका २०७५" अनुसार यो क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ । |
| **बजेट बाँडफाडः** | • प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन  र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धीः** | • तथ्याङ्कको आधिकारिक्ता र गुणस्तरमा वृद्धि भई योजना अनुगमन र मुल्याङ्कनमा तथ्याङ्कको प्रयोगमा वृद्धि हुनेछ ।<br>• १२ वटा जिल्लाका प्रति जिल्ला कम्तिमा २ वटा स्वास्थ्य संस्थाहरुको स्वास्थ्य सूचना प्रणाली सुदृढ हुने र अध्यावधिक रुपमा सञ्चालन हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको प्रगति समिक्षा हुनेछ । निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन हुनेछ |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |
| **खर्च संकेत- २२५२२** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा  उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## १२. MPDSR कार्यक्रम सञ्चालन अनसाईट कोचिङ समेत

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. वीस लाख मात्र | जिल्ला | १२ | प्रथम, दोश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचयः** | मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR)ले मातृ तथा पेरिनेटल मृत्यका निरुपण गर्न सकिने उपायंहरु र कारणहरुको नियमित पहिचान गर्ने, सुचना दिने, गणना गर्ने कार्यका साथै प्राप्त सुचनाहरुको आधारमा भविष्यमा सम्भावित मृत्युहरुबाट बचाउन गर्नु पर्ने कार्यहरु पर्दछ। मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य अनसाइट कोचिङ्ग यस्ता कार्यक्रम लागु भैरहेका अस्पतालहरुमा नियमित रुपमा समिक्षा भए नभएको एकिन गर्न, समिक्षाबाट कार्ययोजना तयार गरी कार्यान्वियन गर्न तथा अभिलेख प्रतिवेदन चुस्त दुरुस्त राख्नुका लागि आवश्यक ज्ञान र सीपहरुको पुर्नताजगी गराउनु पर्ने भएकोले यस कार्यक्रमकाव व्यबस्था गरीएको छ। |
| **उद्देश्यः** | कार्यक्रम सन्चालन नभएका अस्पतालहरुमा कार्यक्रम लागु गर्न तथा कार्यक्रम सन्चालन भैरहेका अस्पतालहरुमा MPDSR निर्देशिका बमोजिम अस्पतालहरुमा हुने सबै मातृ तथा पेरिनेटल मृत्युको पहिचान गर्ने, सुचितिकरण गर्ने, समिक्षा गर्ने र समिक्षाबाट प्राप्त सुझाव अनुसार मातृ तथा पेरिनेटल स्वास्थ्यको गुणस्तर सुधारका लागि कार्ययोजना बनाइ लागु गर्ने कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गराई मातृ तथा पेरिनेटल मृत्यु घटाउने। |
| **लक्षित समुहः** | MPDSR कार्यक्रम लागु हुने तथा लागु भैरहेका अस्पतालहरुमा भएका सबै मातृ तथा पेरिनेटल मृत्युहरु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | "मातृमृत्यु तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिक्रिया निर्देशिका" बमोजिम कार्यक्रम सञ्चालनका लागि बजेट बाँडफाँड गरी खर्च गरीनेछ। |
| **कार्यक्रम सञ्चालन विधिः** | • यस सम्बन्धि बजेट बाँडफाँड कार्यक्रम कार्ययोजना तयार गर्ने।<br>• कार्यक्रमको अवधारणापत्र तयार गर्ने<br>• MPDSR कार्यक्रम सन्चालन भैरहेका तथा कार्यक्रम सञ्चालन नभएका अस्पतालहरुमा "मातृमृत्यु तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिक्रिया निर्देशिका" बमोजिम कार्यक्रम सञ्चालन गर्ने।<br>• MPDSR कार्यक्रम सन्चालन भैरहेका र मातृ तथा पेरिनेटल मृत्यु बढि हुने अस्पताल छनौट गरी अस्पताल भिजिट गर्ने। |

| | |
|---|---|
| | • MPDSR लागु भएका अस्पतालहरुमा हुने मातृ तथा पेरिनेटल सम्बन्धि अभिलेख, रजिष्टर तथा प्रतिवेदन फारमको अवलोकन गर्ने ।<br>• नियमित रुपमा MPDSR समीक्षा भएनभएको एकिन गर्ने र समीक्षा गरेको भए समिक्षाको गुणस्तर तथा समिक्षाबाट तयार गरीएको कार्ययोजना कार्यान्वयन भएनभएको एकिन गर्ने।<br>• MPDSR सम्बन्धि अनलाईन फारमहरु Online Software मा entry गरे नगरेको एकिन गर्ने ।<br>• कार्यक्रम सन्चालनमा आइपरेका समस्याहरु भए सो को पहिचान गरी सुधारका लागि सुझाव दिने ।<br>• सबै फारामहरु Web based MPDSR Surveillance System मार्फत प्रदेश तथा परिवार कल्याण महाशाखामा प्रतिवेदन गरेको यकिन गर्ने ।<br>• कार्यक्रम लागु भएका अस्पतालहरुमा तपशिल बमोजिमको फारमहरु दुरुस्त रुपमा भरी Web based System मा entry गरेको हुनुपर्दछ ।<br>• मातृ मृत्यु समिक्षा फारम प्रत्येक मृत्युका लागि १ पटक ।<br>• पेरिनेटल मृत्युका लागि हरेक महिनाको १ पटक ।<br>• MPDSR Action plan & Response Activities. |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको प्रगति समिक्षा हुनेछ । निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन हुनेछ |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |
| **खर्च संकेत- २२५२२** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## १३. प्रादेशिक अस्पतालहरुको न्युनतम सेवा मापदण्ड कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. दश लाख मात्र | वटा | २ | प्रथम, दोश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचयः** | प्रादेशिक अस्पताहरुका चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा अन्य सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा अस्पतालहरुको अवस्था अनुगमन,Onsite Coaching, अभिमुखिकरण तथा समिक्षा गरी अस्पतालको तहअनुसारको न्युनतम सेवा मापदण्ड Score मुल्याङ्कन गर्ने र सुधार गर्नु पर्ने कार्ययोजना समेत तयार गरी अस्पतालहरुको सेवाको गुणस्तर वृद्धि गर्न यो कार्यक्रमको व्यवस्था गरीएको छ । |
| **उद्देश्यः** | प्रादेशिक अस्पतालहरुले प्रदान गर्ने सेवाको गुणस्तरमा सुधार गर्न अप्नाउनु पर्ने न्युनतम सेवा मापदण्ड ( Minimum Service Standard) सुनिश्चित गर्ने । |
| **कार्यक्रमको औचित्यः** | हरेक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा गुणस्तरीय भई नागरीकको सहज पँहुच सुनिश्चित गर्न आवश्यक भएको यो कार्यक्रमको व्यबस्था गरीएको हो । |
| **लक्षित समुहः** | प्रादेशिक अस्पताल दाङ र लुम्विनीप्रादेशिक अस्पताल बुटवल |
| **खर्च क्षेत्र** | प्रशिक्षक तथा सहभागीहरुका लागि दै भ्र भ तथा यातायात खर्च, खाजा तथा स्टेशनरी, प्रतिबेदन तयारी तथा प्रकाशन आदी |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | प्रादेशिक अस्पतालहरुको लागि तयार भएको न्युनतम सेवा मापदण्ड ( Minimum Service Standard-MSS) निर्देशिका अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित प्रतिफल** | प्रादेशिक अस्पताल दाङ र लुम्विनीप्रादेशिक अस्पताल बुटवलमा न्यूनतम सेवा मापदण्ड लागु भएको हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको प्रगति समिक्षा हुनेछ । निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन हुनेछ |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |
| **खर्च संकेत- २२५२२** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## १४. अस्पतालहरुमा सामाजिक परीक्षण कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १८ लाख मात्र | पटक | १२ | प्रथम, दोश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचयः** | सामाजिक परीक्षण भन्नाले सेवा प्रदायक संस्थाको नीति, नियम, कार्यक्रम कार्यान्वयन, व्यवहार, स्रोत परिचालन, अनियमितथा, पारदर्शिता र प्रभावकारितावारे सम्बन्धित सेवाग्राही, सेवा प्रदायक/व्यवस्थापकपक्ष तथा सो क्षेत्रका सरोकारवालाहरुका धारणाका आधारमा गरीने विश्लेषणात्मक लेखाजोखालाई बुझाउँछ। यस प्रक्रियामा सेवा प्रदान गर्ने क्रममा प्राप्त उपलब्धि तथा सुधारात्मक पक्षहरुलाई पारदर्शीरुपमा तेस्रो पक्षद्वारा लेखाजोखा गरी यथार्थ विवरण सार्वजनिक गरी सुधारको पक्षमा जिम्मेवारी सहितको कार्ययोजना समेत तयार गरीनेछ। |
| **उद्देश्यः** | अस्पतालहरुमा सामाजिक परीक्षण गर्नुको मुख्य उद्देश्य अस्पतालहरुलाई आम नागरीक विशेष गरी महिला, गरीब, पिछडिएका एवं बञ्चित वर्ग र समुदायप्रति सम्वेदनशील र जवाफदेही बनाउनु रहेको छ।यो प्रक्रियाका निश्चित उद्देश्यहरू निम्नानुसार रहेका छन्:-<br>(क) अस्पतालबाट प्रदान गरीने विभिन्न सेवाहरूका बारेमा समदुायलाई जानकारी गराउने ।<br>(ख) आम नागरीक (महिला, गरीब, पिछडिएका एवं बञ्चित समुदायसमेत)को अस्पतालले दिने स्वास्थ्य सेवाप्रति उनीहरूको अधिकार, जिम्मेवारी र अपनत्वको भावना विकास गर्ने ।<br>(ग) अस्पतालहरुलाई आम नागरीक विशेषगरी महिला, गरीब, पिछडिएका एवं बञ्चित समुदाय प्रति जवाफदेही बनाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न योगदान पुर्‍याउने।<br>(घ) आम नागरीक र अस्पतालहरु वीच खुल्ला रूपमा सही सूचना आदानप्रदान, छलफल र नियमित संवाद गर्ने परिपाटीको विकास गर्ने ।<br>(ङ) आम नागरीकमा स्वास्थ्य सम्बन्धी सूचना माग गर्ने र सेवा प्रदायकहरूमा सूचना प्रवाह गर्ने संस्कार स्थापित गर्ने।<br>(च) नागरीकको आवश्यकता अनुसार अस्पतालहरुको सेवा सुदृढीकरणका लागि स्थानीय सहभागीतामा कार्य योजना तयार गर्ने र सोको कार्यान्वयन गर्ने गराउने<br>(छ) सेवाग्राही र सेवा पर्दायक बीच रहेको दुरी घटाउने । |
| **कार्यक्रमको औचित्यः** | सेवाग्राही प्रतिको जवाफदेहिता बहन गर्नहरेक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा गुणस्तरीय भई नागरीकको सहज पँहुच सुनिश्चित गर्न आवश्यक भएकोले यो कार्यक्रमको व्यबस्था गरीएको हो । |
| **लक्षित समुहः** | प्रदेश मातहतका १२ वटा अस्पतालहरु । |
| **खर्च क्षेत्र** | सार्वजनिक खरिद प्रक्रिया अनुसार तेश्रो पक्षको नियुक्ती, अन्तरक्रिया कार्यक्रमका लागि दै भ्र भ तथा यातायात खर्च, खाजा स्टेशनरी आदी |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | • सामाजिक परीक्षण सम्बन्धी क्रियाकलाप सञ्चालनका लागि नेपाल सरकारको स्वास्थ्य क्षेत्रका लागि "सामाजिक परीक्षण कार्य सञ्चालन निर्देशिका २०७० (संशोधन २०७३ समेत) ” बमोजिम गर्नु पर्नेछ ।<br>• प्रचलित कानून अनुसार परामर्श दाताबाट यस सम्बन्धी सेवा खरिद कार्य गरीनेछ ।<br>• सामाजिक परीक्षकबाट प्राप्त प्रतिबेदनको उपयोगिता र गुणस्तरको आन्तरिक विज्ञबाट समिक्षा हुनेछ । |
| **बजेट बाँडफाडः** | • प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित प्रतिफल** | प्रदेशका १२ वटा अस्पतालहरुको सामाजिक परीक्षण भई सो को प्रतिबेदन प्राप्त हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |
| **खर्च संकेत- २२५२२** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ । |

## १५. स्वास्थ्य कार्यक्रमहरुको एकिकृत अनसाईट कोचिङ

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ५० लाख मात्र | पटक | १२ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षक:** | **विवरण** |
|---|---|
| **परिचय:** | विभिन्न तहका स्वास्थ्य संस्थाहरुबाट सम्पादन गर्नु पर्ने कार्यहरु ब्यवस्थित र सफलतापूर्वक सम्पन्न गर्न र नागरीकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि ती संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई उनीहरुको सीप विकासका अतिरिक्त आवश्यक औषधि, उपकरण, भौतिक सुविधाहरु आदि निरन्तर उपलब्ध भइरहनु पर्ने हुन्छ । साथै माथिल्लो तहबाट स्वास्थ्य संस्थाहरुमा एकिकृत अनसाइट कोचिंग मार्फत स्वास्थ्यकर्मीको मनोवल उच्च राख्न, उनीहरुलाई उत्प्रेरित तथा प्रोत्साहित गर्न, मार्गदर्शन गर्न र सेवा सञ्चालनमा आई परेका समस्यालाई तत्काल सम्बोधन गर्न समेत उत्तिकै महत्वपूर्ण हुन्छ । ब्यवस्थित ढंगबाट गरीने अनसाइट कोचिंगले स्वास्थ्य सेवा ब्यवस्थापनलाई प्रभावकारी बनाउन र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा सहयोग पुऱ्याउँछ । |
| **उद्देश्य:** | स्वास्थ्य सेवा कार्यक्रमको एकिकृत अनसाइट कोचिगं कार्यलाई ब्यवस्थित तथा प्रभावकारी बनाएर गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा विभिन्न तहका स्वास्थ्य संस्थाहरुलाई सहयोग पुऱ्याउने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । |
| **लक्षित समुह:** | प्रदेश भित्रका स्वास्थ्य संस्थाहरु । |
| **खर्च क्षेत्र** | फिल्डमा खटिने कर्मचारीहरुका लागि दै भ्र भ तथा यातायात खर्च |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय:** | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयहरु । |
| **कार्यक्रम सञ्चालन विधि:** | एकिकृत स्वास्थ्य अनसाइट कोचिंग कार्यक्रमलाई ब्यवस्थित तथा प्रभावकारी किसिमबाट सम्पन्न गर्नका लागि सबैभन्दा पहिलो चरणमा कार्ययोजना तयार गर्नुपर्छ । दोश्रो चरणमा, कार्ययोजना अनुसार अनसाइट कोचिंग कार्य गर्नुपर्छ । अनसाइट कोचिंग पश्चात तेश्रो चरणमा सम्बन्धित निकाय/ पदाधिकारी समक्ष अनसाइट कोचिंगकर्ताले प्रतिवेदन पेश गर्नु पर्छ र प्रतिवेदनका आधारमा के के उपलब्धी भयो भन्ने सम्बन्धमा चौथो चरणमा सम्बन्धित संस्थालाई आवश्यक पृष्ठ पोषण समेत गर्नुपर्छ । |
| **बजेट बाँडफाड:** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित प्रतिफल** | स्वास्थ्य संस्थाहरुमा अनसाइट कोचिङ्ग भएको हुनेछ । |
| **कार्यक्रमको उपलब्धी** | स्वास्थ्य सेवा गुणस्तरीय र प्रभावकारी रुपमा सञ्चालन हुनेछ । |

| | |
|---|---|
| **अनुगमन, मुल्याङ्कन तथा प्रतिबेदन** | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन गरीनेछ । कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ । |
| **खर्च संकेत- २२५२२** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## १६. आँखाको नि:शुल्क शल्यक्रिया शिविर सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ४५ लाख मात्र | जिल्ला | १२ | प्रथम, दोश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | प्रदेशको आँखा सेवा अधिकांश जिल्ला सदरमुकाममा केन्द्रित रहेको तर दुर्गम भेग तथा पिछडिएका एवं विपन्न वर्ग आदिसम्म पर्याप्त रूपमा सेवा पुऱ्याउन नसकेको, स्वास्थ्य उपचार खर्च व्यहोर्न नसकेर वा अज्ञानताका कारण अझै पनि सर्वसाधारणले आँखाको स्वास्थ्य सेवा लिनबाट बञ्चित भइरहेका छन् । नेपालमा आँखा स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन आँखा अस्पतालहरुसँग समन्वय गरी आँखाको निःशुल्क शल्य क्रिया सञ्चालन गर्नकार्यक्रमको व्यबस्था गरीएको छ । |
| **उद्देश्यः** | ग्रामिण भेग तथा पिछडिएका एबं विपन्न वर्ग आदिका नागरीकलाई शिविर मार्फत आँखाको निःशुल्क शल्य क्रिया गरी दृष्टिविहिन हुनबाट जोगाउनुका साथै आँखा स्वास्थ्य सेवा सम्बन्धि जनचेतना फैलाउनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । |
| **अपेक्षित उपलब्धी** | दुर्गम तथा पिछडिएको क्षेत्र, सेवाको पहुंच नपुगेको विपन्न दलित, जनजाति सिमान्तकृत तथा आँखा स्वास्थ्य सेवाबाट वञ्चित समुदायहरुका नागरीकहरुले आँखाको निःशुल्क शल्यक्रिया प्राप्त गर्नेछन् । |
| **लक्षित समुहः** | प्रदेश ५ का नागरीकहरु । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | विरामीहरुको उपचार तथा शल्य क्रिया खर्च |
| **कार्यक्रम सञ्चालन विधिः** | • विस्तृत कार्यक्रम कार्ययोजना तयार पार्ने ।<br>• स्थानीय पत्र पत्रिका एफ एम रेडियो टि भि च्यानलहरु स्थानीय स्रोत साधानहरु उपयोग गरी प्रचार प्रसार गर्ने ।<br>• शिविर सञ्चालन गरीने स्वास्थ्य सेवाहरुका वारेमा जानकारी गराइने ।<br>• प्रदेश स्थित विभिन्न आँखा अस्पताल तथा आँखा उपचार केन्द्रहरुसँग समन्वय, सहकार्य र आवश्यक्ता अनुसार लागत साझेदारीमा स्थानीय माग अनुसार शिविर सञ्चालन गरीनेछ ।<br>• सल्य क्रिया गरीएका केश अनुसार खर्चको भुक्तानी गरीनेछ । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम बाँडफाँड, कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित प्रतिफल** | सवै जिल्लामा निःशुल्क आँखा शिविरहरु सञ्चालन हुनेछ । |
| **अनुगमन, मुल्याङ्कन र प्रतिबेदन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको प्रगति समिक्षा हुनेछ । निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन हुनेछ । कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |

| | |
|---|---|
| **खर्च संकेत- २२५२२** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा  उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## १७. सि.इ.ओ.एन.सि. सेवा चाप बढि भएका अस्पतालहरुमा रोबसन क्राईटेरिया लागु

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १५ लाख मात्र | वटा | ४ | प्रथम, दोश्रो |

| **उपशीर्षकः** | **विवरण** |
|---|---|
| **परिचयः** | सुरक्षित मातृत्व हरेक महिलाको प्रजनन् अधिकार हो। विश्व स्वास्थ्य संगठनका अनुसार बच्चा जन्माउदा करिब जम्मा अनुमानित जिवित जन्मको १५ प्रतिशत महिलाहरुमा प्रसुति सम्बन्धी जटिलताहरु देखिन सक्छ त्यस्ता जटिलताहरुले मातृ तथा नवजात शिशुहरुको मृत्यु भैरहेको छ। जम्मा अनुमानित जिवित जन्मको ५% प्रसुति जटिलता भएकाहरुलाई बच्चा जन्माउनका लागि Cesarean section गर्नु पर्ने हुन्छ। यो एउटा Life Saving Procedure हो जसले मातृ तथा पेरिनेटल मृत्यु तथा रुग्णता घटाउछ। तर विगतका केही दशक यता Cesarean section को दर अनअपेक्षित रुपमा बढ्दै गइरहेको छ। विश्व स्वास्थ्य संगठनका अनुसार यो दर १० दखि १५ प्रतिशत मात्र हुनु पर्नेमा नेपालमा ३५ प्रतिशत सम्म Cesarean section द्धारा बच्चा जन्माउने गरेको पाइएको छ। यसले अनावश्यक CS दर र त्यसको असर बढाउनुका साथै प्राकृतिक जन्मलाई निरुत्साहित गर्दछ। त्यसकारण Cesarean section लाई आवश्यकता अनुसार मात्र प्रयोग गरी मातृ तथा पेरिनेटल मृत्यु तथा रुग्णता कम गर्नका लागि WHO ले Robson Criteria लाई Global Standard को रुपमा प्रयोग गरी Cesarean Section दरलाई Assess, Monitor र Compare गर्ने र Standard अनुसार Cesarean Section भएको सुनिश्चित गर्ने प्रणाली लागु गर्न सिफारिस गरीएको छ। |
| **उद्देश्यः** | प्रदेश अन्तगतका CEONC सेवा प्रदान गर्ने नीजि तथा सरकारी अस्पतालहरुमा Robson Criteriaलागु गरी Cesarean section को दर लेखाजोखा गरी आमा र बच्चामा त्यसको प्रतिकूल असर कम गर्नु। |
| **लक्षित समूहः** | CEONC सेवा प्रदान गर्ने नीजि तथा सरकारी अस्पतालहरुमा प्रसूति सेवा लिन आउने महिलाहरु । |
| **खर्च क्षेत्र** | प्रशिक्षक तथा सहभागीहरुलाई दै भ्र भ तथा यातायात खर्च, खाजा तथा स्टेशनरी आदी |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधिः** | • CEONC कार्यक्रम लागु भएका सरकारी तथा निजी अस्पतालहरुलाई Robson Criteria बारेमा जानकारी प्रदान गर्नका लागि एक दिनको अभिमूखिकरण कार्यक्रम सन्चालन गर्ने। |

| | |
|---|---|
| | • अभिमूखिकरण कार्यक्रम सन्चालन पश्चात CEONC कार्यक्रम लागु भएका सरकारी तथा निजी अस्पतालहरुमा Robson Criteria Guideline अनुसार कार्यक्रम लागु गर्ने ।<br>• Robson Criteria कार्यक्रम लागु भएका अस्पतालहरुले निर्देशिका बमोजिम अभिलेख तयार गरी प्रतिवेदन स्वाथ्य निर्देशनालय मार्फत सामाजिक विकास मन्त्रालयमा पठाउने । Robson Criteria कार्यक्रम लागु भएका अस्पतालहरुको कार्य प्रभावकारीता अवलोकनका लागि स्वास्थ्य निर्देशनालय ले अस्पतालहरुको अनुगमन र समिक्षाको लागि Cesarean Section दर लेखाजोखा गर्ने । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित प्रतिफल** | • मापदण्ड अनुसार Cesarean Section का दर एकिन हुनेछ ।<br>• आमा सुरक्षा कार्यक्रममा आवद्ध स्वास्थ्य कर्मीहरुमा Robson Criteria Guideline को अभिमुखिकरण हुनेछन् । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको प्रगति समिक्षा हुनेछ । निर्देशनालयबाट अनुगमन र मुल्याङ्कन हुनेछ |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |
| **खर्च संकेत- २२५२२** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## १८. आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई सि.एम.ई.कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५१२ | रु. १० लाख मात्र | संस्था | ११ | दोश्रो, तेश्रो |

| **उपशीर्षक:** | **विवरण** |
|---|---|
| **परिचय:** | प्रदेश अन्तरगत रहेका आयुर्वेद स्वास्थ्य कर्मिहरुको लागि WHO ले दिएको परिमार्जित मान्यताहरु सहित स्थानिय स्तरमा सञ्चालन गरीएका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको लागि सर्ने र नसर्ने रोगको कारण, उपचार, सल्लाह र सुझाव सम्वन्धि तालीम सञ्चालन गर्नका लागि यो कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **उद्देश्य:** | आयुर्वेद स्वास्थ्य कर्मीहरुको दक्षता/क्षमता अभिबृद्धि गर्ने। |
| **कार्यक्रमको औचित्य:** | स्वास्थ्य कर्मिहरुको दक्षता अभिबृद्धि गरी प्रभावकारी सेवा प्रदान गर्न। |
| **लक्षित समुह:** | आयुर्वेद स्वास्थ्य कर्मीहरु |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय:** | स्वास्थ्य निर्देशनालय |
| **कार्यक्रम सञ्चालन विधि:** | • कार्यक्रम सञ्चालन योजना (Action plan) तयार गर्ने।<br>• प्रदेशका ११ वटा आयुर्वेद स्वास्थ्य केन्द्र/औषाद्यलयका स्वास्थ्य कर्मिहरुलाई निरन्तर आयुर्वेद स्वास्थ्य शिक्षा कक्षा CME सञ्चालन गरीनेछ।<br>• कक्षा सञ्चालन गरीएको विषय सहितको प्रतिबेदन मासिक रुपमा निर्देशनालयमा पठाउनु पर्नेछ।<br>• तालिमको नतिजाको वारेमा आन्तरिक समिक्षा गर्ने। |
| **बजेट बाँडफाड:** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा तालिमका लागि प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र तालिम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| **प्रतिवेदन:** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ। |
| **खर्च संकेत** | २२५१२ — सीपविकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च — यसमा सार्वजनिक रुपमा दिइने आय आर्जन सीप विकास सशक्तिकरण सार्वजनिक चेतना जागरणजस्ता तालिम सञ्चालनको खर्च जस्तै प्रशिक्षक र श्रोत व्यक्तिको भत्ता सहभागीको स्वीकृत मापदण्ड अनुसारको दैनिक भत्ता तथा भ्रमण खर्च र स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रम कार्यान्वयन गर्दा लाग्ने भ्रमण खर्च समावेश गरिन्छ। |

# खण्ड – ग

## स्वास्थ्य तालिम केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरुः

## १. अस्पताल नर्सिङ्ग स्टाफहरुलाई ओ.टि. म्यानेजमेन्ट तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि (चौमासिक) |
|---|---|---|---|---|
| २२५१२ | रु. १० लाख मात्र | समूह | १ | दोश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | सहभागिहरुलाई अस्पतालमा शल्य कक्षका सदस्यहरुसँग मिलेर शल्यक्रिया अघि शल्यक्रियाको दौरानमा र शल्य क्रिया पश्चात विरामीलाई उचित स्याहार गर्न उचित निर्णय लिन सक्ने बनाउनको लागि साथै विरामीको गोपनियता कायम गरी स्वस्थ्य हुन र सम्मान पूर्वक बाच्न पाउने अधिकारलाई सुनिश्चित गर्नको लागि शल्यक्रिया तालिमको नितान्त आवश्यक पर्दछ । यो तालिम ४२ दिनको हुनेछ । |
| **उद्देश्य** | शल्यक्रियाद्वारा हुने स्वास्थ्य सेवाको गुणस्तर बृद्धि गर्न सेवा प्रदायक (नर्सिङ् स्टाफ) को शल्यक्रिया कक्ष र सो सम्बन्धी सेवा व्यवस्थापन सम्बन्धी सीप र दक्षता विकास गर्ने । |
| **जिम्मेवार निकाय** | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| **लक्षित समुह** | प्रदेश अन्तर्गतका अस्पतालमा कार्यरत नर्सिङ् कर्मचारीहरु |
| **सहभागी छनौटका आधार** | • कम्तिमा स्टाफ नर्स कोर्ष उतीर्ण गरी नेपाल नर्सिङ् काउन्सिलमा दर्ता भएको<br>• सहभागी छनौट गर्दा शल्य कक्ष प्रविधि तथा ब्यवस्थापन गर्नको लागि जनशक्तिको आवश्यकता भएको शल्यक्रिया सम्बन्धि कार्य भईरहेको अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ । |
| **प्रशिक्षक तथा कार्यक्रम संयोजकको छनौटको आधार** | • CTS तालिम लिएको वा शल्यकक्ष व्यवस्थापन तालिम लिएका चिकित्सक वा नर्सिगं स्टाफ हुनुपर्ने ।<br>• सम्बन्धित क्षेत्रमा १ वर्ष अनुभव भएको हुन पर्ने ।<br>• संयोजकको लागि सिटएस तालिम लिएको हुनु पर्ने । |
| **सञ्चालन प्रक्रिया** | • तालिम योजना (Training plan) तयार गर्ने ।<br>• स्थानीय तह मातहतको अस्पताल भए स्थानीय तहसँग समन्वय गरी र प्रदेश तहको अस्पताल / स्वास्थ्य कार्यालय समेतसंग समन्वय गरी अस्पतालको अपरेशन कक्षमा कम्तिमा ३ जना दक्ष जनशक्ति हुने गरी तालिम नलिएका नर्सिङ्ग स्टाफहरुको पहिचान गरी योजना बनाउने ।<br>• पहिला तालिम लिई सकेका नर्सिङ्ग कर्मचारीलाई तालिममा सहभागी नगराउने । |

| | |
|---|---|
| | • सहभागी छनौटको अन्य Criteria हरु तालिम केन्द्र आफैले निर्धारण गर्ने ।<br>• अपरेसन थियटर व्यवस्थापन (OT Management) तालिम प्रदायक अस्पतालहरुको सुची तयार गरी तालिम सञ्चालनका लागि समन्वय र वार्षिक रुपमा सम्झौता गर्ने । तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा Mail र फोन (दुवै) मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चितता गर्ने ।<br>• बजेटको परिधि भित्र रही तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न सकिने छ ।<br>• अपरेसन थियटर व्यवस्थापन (OT Management) तालिम प्रदायक अस्पतालहरुसँगको समन्वय, सहजीकरण र सहकार्यमा तालिमको लागि छनौट भएका नर्सिङ्ग स्टाफहरुलाई तालिम सञ्चालन गर्ने ।<br>• तालिमको नतिजाको वारेमा आन्तरिक समिक्षा गर्ने । |
| **बजेट बाँडफाँड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित प्रतिफल** | • प्रचलित निर्देशिका तथा खर्च मापदण्ड अनुसार तालिम (९ जना देखि १२ जना सम्म *१ सत्र/ब्याच * ४२ दिने ) सञ्चालन भएको हुनेछ । |
| **अपेक्षित उपलव्धी** | • सेवाप्रदायक (नर्सिङ्ग स्टाफ) को शल्यक्रिया कक्ष र सेवा व्यवस्थापन सम्बन्धी सीप र दक्षता विकास भई शल्यक्रियाद्वारा हुने स्वास्थ्य सेवाको गुणस्तर बृद्धि हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | • सामाजिक विकास मन्त्रालयले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरीयताको अनुगमन गर्नेछ तथा तालिम सम्पन्न प्रतिवेदनको आधारमा गर्नुपर्नेछ ।<br>• तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ ।<br>• तालिम अवधिमा प्रि र पोस्ट टेष्ट गरी सहभागीको मुल्यांकन गर्न सकिनेछ । |
| **प्रतिवेदन** | तालिम सम्पन्न भए पश्चात Training Coordinator ले बिस्तृत प्रतिवेदन बनाई स्वास्थ्य तालिम केन्द्रमा पेश गर्नु पर्नेछ । |
| **खर्च संकेत** | २२५१२ \| सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च \| यसमा सार्वजनिक रुपमा दिइने आय आर्जन सीप विकास सशक्तिकरण सार्वजनिक चेतना जागरणजस्ता तालिम सञ्चालनको खर्च जस्तै प्रशिक्षक र श्रोत व्यक्तिको भत्ता सहभागीको स्वीकृत मापदण्ड अनुसारको दैनिक भत्ता तथा भ्रमण खर्च र स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रम कार्यान्वयन गर्दा लाग्ने भ्रमण खर्च समावेश गरिन्छ । |

## २. लामो अवधिको परिवार नियोजन साधन सम्बन्धी तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि (चौमासिक) |
|---|---|---|---|---|
| २२५१२ | रु. १० लाख मात्र | समूह | ३ | दोश्रो, तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | लामो अवधिको परिवार नियोजनका साधनहरु जस्तै आयु सि डि तथा इम्पलान्ट तालिम स्वास्थ्य कर्मी तथा नर्सिगं स्टाफलाई प्रदान गरी परिवार नियोजनको प्रयोगदर वृद्धि गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ। यो तालिम ८ दिनको हुनेछ। |
| **उद्देश्य** | गुणस्तरिय परिवार नियोजन सेवा प्रदान र परिवार नियोजन सेवा प्रयोगदरमा बृद्धि गर्न चिकित्सक तथा स्वास्थ्यकर्मीहरूमा सीप, दक्षता र क्षमताको विकास गर्ने। |
| **जिम्वार निकाय** | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| **लक्षित समुह** | तालिम नपाएका स्वास्थ्यकर्मीहरु र नर्सिङ् कर्मचारीहरु |
| **सहभागी छनौटका आधार** | • आयुसिडी तालिमको लागि अनमी वा स्टाफ नर्स कोर्ष उतीर्ण गरी नेपाल नर्सिङ् काउन्सिलमा दर्ता गरेको हुनु पर्नेछ।<br>• इम्प्लान्ट तालिमको लागि स्वास्थ्यकर्मीहरु नेपाल स्वास्थ्य ब्यवसायी परिषदमा दर्ता गरेको हुनु पर्नेछ।<br>• सहभागी छनौट गर्दा तालिम प्राप्त जनशक्तिको आवश्यकता भएको स्वास्थ्य संस्था वा अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ। |
| **प्रशिक्षक तथा कार्यक्रम संयोजक छनौटको आधार** | • CTS तालिम लिएको वा **आयुसिडी र इम्प्लान्ट तालिम** लिएका कम्तिमा स्टाफ नर्स योग्यता भएका<br>• सम्बन्धित क्षेत्रमा १ वर्ष अनुभव भएको हुन पर्ने।<br>• संयोजकको लागि सिटएस तालिम लिएको हुनु पर्ने। |
| **सञ्चालन प्रक्रिया** | • तालिम योजना (Training plan) तयार गर्ने।<br>• प्रदेश मातहतका अस्पताल, स्वास्थ्य कार्यालयतथा स्थानीय तहसँग समन्वय गरी सहभागी छनौट गरी योजना बनाउने।<br>• सहभागीको सुची तयार गर्दा पहिला प्रदेश मातहतका अस्पतालमा वा स्वास्थ्य संस्था जहाँ धैरै सेवाग्राही (WRA) को संख्यालाई प्राथमिकतामा राखेर तयार गर्नुपर्नेछ 1 महिला सहभागीलाई प्राथमिकता दिनुपर्नेछ।<br>• विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पताल तथा संघ संस्थाहरुको सुची तयार गरी तालिम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने। |

<table>
<tr><td></td><td>• पहिला तालिम लिईसकेका स्वास्थ्यकर्मीलाई तालिममा सहभागी गराउन पाईने छैन ।<br>• तालिमको लागि संस्था छनौट गर्दा जँहा उक्त सेवा दिनको लागि अरु सेवा प्रदायकहरु छैनन त्यही संस्थालाई प्राथमिकता दिनु पर्दछ ।<br>• सहभागी छनौटको अन्य Criteria हरु तालिम केन्द्र आफैले निर्धारण गर्ने र सहभागीलाई पायक पर्ने स्थानमा तालिमको स्थान छनौट गर्नुपर्नेछ ।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा Mail र फोन वा दुवै मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चीतथा गर्ने ।<br>• बजेटको परिधि भित्ररही तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न सकिने छ ।<br>• सहभागीले तालिम पश्चात स्वास्थ्य संस्था वा आफु कार्यरत संस्थामा गईसके पश्चात १ महिनाभित्र संस्थाको सम्पूर्ण स्टाफसँग आफुले तालिममा सिकेको सीप र ज्ञानको प्रस्तुतीकरण अनिवार्य रुपमा गर्ने र सो को अनुगमन तालिम केन्द्रले गर्नुपर्नेछ ।<br>• तालिमको नतिजाको वारेमा आन्तरिक समिक्षा गर्ने ।</td></tr>
<tr><td>बजेट बाँडफाँड</td><td>• प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा तालिमका लागि प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र तालिम सञ्चालन र खर्च गर्नुपर्नेछ ।</td></tr>
<tr><td>अपेक्षित प्रतिफल</td><td>प्रचलित निर्देशिका र खर्च मापदण्ड अनुसार (प्रति ब्याचमा ४ जना सहभागि रहने गरी) जम्मा ३ ब्याच तालिम सञ्चालन हुनेछ ।</td></tr>
<tr><td>अपेक्षित उपलव्धी</td><td>• चिकित्सक तथा स्वास्थ्यकर्मीहरूमापरिवार नियोजन सेवा प्रदान गर्ने सीप र दक्षता विकास भई परिवार नियोजन सेवा प्रयोगदरमा गुणस्तरीयता बृद्धि हुने ।</td></tr>
<tr><td>अनुगमन र मुल्याङ्कन</td><td>• सामाजिक विकास मन्त्रालयले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरीयताको अनुगमन गर्नेछ तथा तालिम सम्पन्न प्रतिवेदनको आधारमा गर्नुपर्नेछ ।<br>• तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ ।<br>• तालिम अवधिमा प्रि र पोस्ट टेष्ट गरी सहभागीको मुल्यांकन गर्न सकिनेछ ।</td></tr>
| **सञ्चालन प्रक्रिया** | • तालिम योजना (Training plan) तयार गर्ने ।<br>• प्रदेश मातहतका अस्पताल, स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग समन्वय गरी सहभागी छनौट गरी योजना बनाउने ।<br>• स्वास्थ्य संस्था र सहभागी छनौटको अन्य Criteria हरु स्वास्थ्य तालिम केन्द्र आफैले निर्धारण गर्ने ।<br>• दुर्गमका स्वास्थ्य संस्था जहाँ धैरै सेवाग्राही (WRA) को संख्यालाई प्राथमिकतामा राखेर तयार गर्नुपर्नेछ । चिकित्सकहरुलाई सहभागी गराउदा महिला चिकित्सकलाई प्राथमिकता दिनुपर्नेछ ।<br>• विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पताल तथा स्वास्थ्य संस्थाहरुको सुची तयार गरी तालिम सञ्चालनका लागि आवश्यक समन्वय गर्ने ।<br>• पहिला तालिम लिईसकेका चिकित्सक तथा नर्सिङ स्टाफहरुलाई तालिममा सहभागी नगराउने । |

| | |
|---|---|
| | • राष्ट्रिय वा प्रदेश तालिम निर्देशिका वा कार्यविधि वा प्रोटोकल वा अन्य Practice बमोजिम ब्याच तालिम केन्द्रले विनियोजित बजेटको आधारमा निर्धारण गर्ने र योजना बनाई तालिम सञ्चालन गर्ने ।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा Mail र फोन वा दुवै मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चीतथा गर्ने ।<br>• बजेटको परिधिभित्र रहि तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद र तयार गर्न सकिने छ ।<br>• सहभागीले तालिम पश्चात स्वास्थ्य संस्था वा आफु कार्यरत संस्थामा गईसके पश्चात १ महिनाभित्र संस्थाको सम्पूर्ण स्टाफसँग आफुले तालिममा सिकेको सीप र ज्ञानको अनुभव आदान प्रदान गर्ने र सो को अनुगमन स्वास्थ्य तालिम केन्द्रले गर्नुपर्नेछ ।<br>• प्रदेश भित्र क्लिनिकल ट्रेनिगं साइट नभएको खण्डमा वा उपयुक्त तालिम साईट नभएमा संघ वा अन्य प्रदेशको ट्रेनिंग साइटसँग समन्वय गरी तालिम सञ्चालन गर्न सकिनेछ । सो को सुनिश्चितता स्वास्थ्य तालिम केन्द्रले गर्नेछ ।<br>• तालिमको नतिजाको वारेमा आन्तरिक समिक्षा गर्ने । |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा तालिमका लागि प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित प्रतिफल** | प्रचलित निर्देशिका र खर्च मापदण्ड अनुसार प्रति ब्याच २ जना चिकित्सक र २ जना नर्सलाई १२ दिनको तालिम प्राप्त हुनेछ । |
| **अपेक्षित उपलव्धी** | चिकित्सक तथा नर्सिङ स्टाफहरुको ज्ञान, सीप र क्षमतामा विकास भई मिनिल्याप कार्य गर्न दक्षता हासिल हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | • सामाजिक विकास मन्त्रालयले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरीयताको अनुगमन गर्नेछ ।<br>• तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | तालिम सम्पन्न भए पश्चात Training Coordinator ले बिस्तृत प्रतिवेदन पेश गर्नु पर्नेछ । |
| **खर्च संकेत** | २२५१२ \| सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च \| यसमा सार्वजनिक रुपमा दिइने आय आर्जन सीप विकास सशक्तिकरण सार्वजनिक चेतना जागरणजस्ता तालिम सञ्चालनको खर्च जस्तै प्रशिक्षक र श्रोत व्यक्तिको भत्ता सहभागीको स्वीकृत मापदण्ड अनुसारको दैनिक भत्ता तथा भ्रमण खर्च र स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रम कार्यान्वयन गर्दा लाग्ने भ्रमण खर्च समावेश गरिन्छ । |

## १४. एडभान्स एफ.सि.एच.भी.

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि (चौमासिक) |
|---|---|---|---|---|
| २२५१२ | रु. ३५ लाख मात्र | समूह | १ | दोश्रो, तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | प्रदेश भित्र वसोवास गर्ने जनताहरु विशेष गरी महिला तथा बालवालिकाहरुको स्वास्थ्य स्तर उकास्न तथा नयाँ स्वास्थ्य नीति अनुसार गुणस्तरीय स्वास्थ्य सेवाको पहुचँमा बृदि गर्न आधारभूत तालिम लिईसकेका प्रवेशिका परीक्षा उतीर्ण भएका सम्बन्धित स्थानीय तहमा सेवारत महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई एडभान्स महिला स्वास्थ्य स्वयंम सेविका तालिमको ब्यवस्था गरीएको हो । यो मोडुल बेसमा आधारित तालिम हो । यस तालिममा ३ वटा मोड्ल हुनेछन् जसमा प्रत्येक मोडुलको अवधी १ महिनाको हुनेछ र मोडुल वीचको अन्तराल दुई महिनाको हुनेछ । |
| उदेश्य | • महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई एडभान्स महिला स्वास्थ्य स्वयंसेविका तालिम प्रदान गरी उनीहरुको ज्ञान तथा सीप विकास गरी आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सक्षम वनाउन।<br>• स्वास्थ्य संस्थाको सेवाको पँहुचबाट टाढा रहेका सेवाग्राहीहरुलाई आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न । |
| जिम्मेवार निकाय | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| लक्षित समुह | महिला स्वास्थ्य स्वयं सेविकाहरु |
| सहभागी छनौटका आधार | • यस प्रदेशका पहाड र तराइलाई समेट्ने गरी महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई समावेश गर्नु पर्दछ ।<br>• समुदायस्तरका कम्तिमा प्रबेशिका परीक्षा उतीर्ण र एडभान्स तालिम लिन ईच्छुक बिबाहित महिला स्वास्थ्य स्वयंसेविका हुनुपर्नेछ ।<br>• महिला स्वास्थ्य स्वयं सेविकाहरुको उमेर २० देखि ४० वर्ष उमेर समुहका हुनुपर्दछ ।<br>• छनौट भएका महिला स्वास्थ्य स्वयंसेविका स्थानीय तहको आफनो कार्य क्षेत्रको स्थायी वासिन्दा हुनुपर्नेछ ।<br>• तालिम पश्चात महिला स्वास्थ्य स्वयंसेविकाहरुले कम्तिमा ३ वर्ष साविक कै स्थानीय तहमा कार्य गर्न मन्जुर हुनुपर्नेछ ।<br>• तालिममा पिछडिएका दलित मधेशी मुस्लिम तथा जनजाति र विकट स्थानका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्राथमिकता दिनु पर्नेछ ।<br>• यस तालिमको लागि इच्छुक महिला स्वास्थ्य स्वयंसेविकाहरुले अनुसुचि १ अनुसारको फारम भरेर तालिम केन्द्रमा बुझाउनु पर्नेछ । |

| | |
|---|---|
| **प्रशिक्षक तथा तालिम संयोजक छनौटका आधार** | • यस प्रदेश अन्तर्गत स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ् वा स्वास्थ्यकर्मीहरुबाट यो बिषयसँग सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम लिएको हुनुपर्दछ । |
| **सञ्चालन प्रक्रिया** | • तालिम योजना (Training plan) तयार गर्ने ।<br>• दुर्गम क्षेत्रका कम्तिमा एउटा स्थानीय तहबाट १ जना सहभागी हुने गरी महिला स्वास्थ्य स्वयंसेविका छनौट गर्ने ।<br>• एकपटक एडभान्स महिला स्वास्थ्य स्वयंसेविका तालिम प्राप्त गरीसकेका स्थानीय तहका महिला स्वास्थ्य स्वयं सेविकालाई सहभागी छनौटका लागि प्राथमिकता दिइने छैन ।<br>• प्रदेश मातहतका स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग समन्वय गरी सहभागी छनौट गरी योजना बनाउने ।<br>• स्वास्थ्य संस्था र सहभागी छनौटको अन्य Criteria हरु स्वास्थ्य तालिम केन्द्र आफैले निर्धारण गर्ने ।<br>• त्यसपछि दुर्गमका स्वास्थ्य संस्था जहाँ धैरै सेवाग्राही (WRA) को संख्या लाई प्राथमिकतामा राखेर तयार गर्नुपर्नेछ ।<br>• एक महिनाको पहिलो मोडुल तालिम लिई सकेपछि छनौट भएका सहभागीहरुको सम्बन्धित पालिकासंग यो कार्यक्रमको आवश्यकता तथा महत्वका बारेमा स्वास्थ्य तालिम केन्द्रले तोकेको कर्मचारी वा तालिम केन्द्रले छनौट गरेको परामर्शदाताको साथमा सो कार्यक्रम सम्वन्धमा एक दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । साथै तालिम लिई सकेका सहभागिहरुलाई एक वर्षको लागि आवश्यक पर्ने सेवा किट र सामाग्री हस्तान्तरण गरिनेछ र तत्पश्चात सेवा किट र आवश्यक सामाग्री स्थानीय तहबाट नियमित रुपमा परिपूर्ति गर्नुपर्नेछ ।<br>• एड्भान्स महिला स्वास्थ्य स्वयंसेविका निर्देशिका २०७६ वा कार्यविधि वा प्रोटोकल वा अन्य अभ्यास बमोजिम स्वास्थ्य तालिम केन्द्रले विनियोजित बजेटको आधारमा निर्धारण गर्ने र योजना बनाई तालिम सञ्चालन गर्ने ।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा १५ दिन पहिले पत्र वा Mail र फोन वा दुवै मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चितता गर्ने ।<br>• बजेटको परिधिभित्र रहि तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद र तयार गर्न सकिने छ ।<br>• सहभागीले तालिम पश्चात आफ्नो कार्यक्षेत्रमा गईसके पछी १ महिनाभित्र आमा समुहसँग आफुले तालिममा सिकेको सीप र ज्ञानको आदान-प्रदान गर्ने र सो को अनुगमन सम्बन्धित स्वास्थ्य संस्था तथा स्वास्थ्य तालिम केन्द्रले गर्नेछन् ।<br>• तालिमको नतिजाको वारेमा आन्तरिक समिक्षा गर्ने । |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा तालिमका लागि प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन  र खर्च गर्नुपर्नेछ । |

| | |
|---|---|
| **अपेक्षित उपलव्धी** | महिला स्वास्थ्य स्वयंसेविकाको ज्ञान, सीप र क्षमतामा विकास गरी आमा र बच्चाको स्वास्थ्यको सम्वर्द्धन गर्ने। |
| **अनुगमन र मुल्याङ्कन** | • सामाजिक विकास मन्त्रालयले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरीयताको अनुगमन गर्नेछ ।<br>• तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | तालिम सम्पन्न भए पश्चात Training Coordinator ले बिस्तृत प्रतिवेदन पेश गर्नु पर्नेछ। |
| **खर्च संकेत** | २२५१२ — सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च — यसमा सार्वजनिक रुपमा दिइने आय आर्जन सीप विकास सशक्तिकरण सार्वजनिक चेतना जागरणजस्ता तालिम सञ्चालनको खर्च जस्तै प्रशिक्षक र श्रोत व्यक्तिको भत्ता सहभागीको स्वीकृत मापदण्ड अनुसारको दैनिक भत्ता तथा भ्रमण खर्च र स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रम कार्यान्वयन गर्दा लाग्ने भ्रमण खर्च समावेश गरिन्छ। |

## १५. आई. पि. अन साईट कोचिङ्ग तालिम

| खर्च शीर्षक नं | बजेट | एकाई | परिमाण | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि (चौमासिक) |
|---|---|---|---|---|
| २२५१२ | रु. ६ लाख ८० हजार मात्र | समूह | २ | तेश्रो |

| **उपशीर्षक** | **विबरण** |
|---|---|
| **परिचय** | स्वास्थ्य संस्थाबाट प्रदान गर्ने सेवामा संक्रमण न्यूनिकरण गरी सेवाको गुणस्तर वृद्धि गर्न स्वास्थ्यकर्मीहरुलाई संक्रमण रोकथाम सम्बन्धी तालिमका लागि यो कार्यक्रमको व्यबस्था गरीएको छ। यो तालिमको अवधि ३ दिनको हुनेछ। |
| **उदेश्य** | • संक्रमण रोकथामको उचित अभ्यास गरी यसका फाइदाहरुको वारेमा सहभागीहरुको सकारात्मक धारणा निर्माण गर्ने।<br>• सहभागीहरुले काम गरी रहेको स्वास्थ्य संस्थामा संक्रमण रोकथामको अभ्यासलाई सुधार गर्न उनीहरुमा आवश्यक ज्ञान तथा सीपमा अभिबृद्धि गर्ने। |
| **जिम्मेवार निकाय** | स्वास्थ्य तालिम केन्द्र, बुटवल |
| **लक्षित समुह** | चिकित्सक, नर्सिङ स्टाफहरु, स्वास्थ्यकर्मीहरु तथा कार्यालय सहयोगीहरु |
| **सहभागी छनौटको आधार** | • विगतमा आई. पि. अन. साइट कोचिङ्ग सम्बन्धी तालिम नलिएको।<br>• तालिम लिन इच्छुक हुनु पर्नेछ।<br>• सहभागी छनौट गर्दा तालिम प्राप्त जनशक्तिको आवश्यकता भएको स्वास्थ्य संस्था वा अस्पतालमा कार्यरत स्थायी कर्मचारीलाई प्राथमिकता दिनु पर्दछ। |
| **प्रशिक्षक तथा संयोजक छनौटको आधार** | आई. पि. अन. साइट कोचिङ्ग सम्बन्धि प्रशिक्षक प्रशिक्षण तालिम लिएको हुनु पर्नेछ। |
| **सञ्चालन प्रक्रिया** | • तालिम योजना (Training plan) तयार गर्ने।<br>• प्रदेश मातहतका स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग समन्वय गरी सहभागी छनौट गरी योजना बनाउने।<br>• स्वास्थ्य संस्था र सहभागी छनौटको अन्य Criteria हरु तालिम केन्द्र आफैले निर्धारण गर्ने।<br>• यस भन्दा अगाडि तालिम लिईसकेका सहभागीहरुलाई तालिममा सहभागी नगराईने ।<br>• तालिमका लागि सहभागीलाई कम्तिमा ७ दिन पहिले पत्र वा Mail र फोन वा दुवै मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चित गर्ने।<br>• बजेटको परिधिभित्र रहि तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद र तयार गर्ने |

| | |
|---|---|
| | सकिने छ । <br>● सहभागीले तालिम पश्चात आफ्नो स्वास्थ्य संस्थामा गईसके पछि १ महिनाभित्र अन्य स्टाफहरुसँग तालिममा सिकेको सीप र ज्ञानको प्रस्तुतीकरण गर्ने र सो को अनुगमन स्वास्थ्य तालिम केन्द्रले गर्नेछ । <br>● प्रदेश भित्र क्लिनिकल ट्रेनिगं साइट नभएको खण्डमा वा उपयुक्त तालिम साईट नभएमा संघ वा अन्य प्रदेशको ट्रेनिंग साइटसँग समन्वय गरी तालिम सञ्चालन गर्न सकिनेछ । सो को सुनिश्चितता स्वास्थ्य तालिम केन्द्रले गर्नेछ । <br>● तालिमको नतिजाको वारेमा आन्तरिक समिक्षा गर्ने । |
| **बजेट बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा तालिमका लागि प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन  र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | स्वास्थ्य कार्यकर्ताहरुको  ज्ञान, सीप र क्षमतामा अभिवृद्धि भई गुणस्तरिय स्वास्थ्य सेवा प्रबाह भएको हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | ● सामाजिक विकास मन्त्रालयले तालिम अवधि र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरीयताको अनुगमन गर्नेछ । <br>● तालिम पश्चात तालिमको प्रभावकारिताका लागि स्वास्थ्य तालिम केन्द्रले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | तालिम सम्पन्न भए पश्चात Training Coordinator ले बिस्तृत प्रतिवेदन बनाई स्वास्थ्य तालिम केन्द्रमा  पेश गर्नु पर्नेछ । |
| **खर्च संकेत** | २२५१२ \| सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च \| यसमा सार्वजनिक रुपमा दिइने आय आर्जन सीप विकास सशक्तिकरण सार्वजनिक चेतना जागरणजस्ता तालिम सञ्चालनको खर्च जस्तै प्रशिक्षक र श्रोत व्यक्तिको भत्ता सहभागीको स्वीकृत मापदण्ड अनुसारको दैनिक भत्ता तथा भ्रमण खर्च र स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रम कार्यान्वयन गर्दा लाग्ने भ्रमण खर्च समावेश गरिन्छ । |

# खण्ड -घ

## प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रमार्फत सञ्चालन कार्यक्रमहरु

## १. प्रदेश स्वास्थ्य आपुर्ति व्यबस्थापन केन्द्रको सुदृढीकरण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. १५ लाख मात्र | वटा | १ | प्रथम |

| | |
|---|---|
| **परिचय** | कुनै पनि कार्यक्रमलाई सफलता पुर्वक व्यबस्थापन गर्नको लागि आबश्यक औषधि, भ्याक्सिन, खोपजन्य सामग्रीहरु, औजार उपकरण, अभिलेख प्रतिबेदन, फारामहरु, केमीकल लगायतका समानहरु व्यबस्थीत तरीकाले भण्डारण गर्न, घाम पानी, हावा हुरीबाट सुरक्षीत राख्न र तोकिएको तापक्रममा संचय गर्न प्रदेश स्वास्थ्य आपुर्ति व्यबस्थापन केन्द्रको सूदृढिकारण गर्नका लागि यस शिर्षक अन्तरगत वजेटको व्यबस्थापन गरीएको छ। |
| **उद्देश्य** | यस प्रदेश अन्तरगका अस्पताल, स्वास्थ्य संस्थाहरुमा सप्लाई गरीने औषधि, खोप, खोपजन्य सामग्रीहरु औजार उपकरण हरुलाई औषधि तथा खोप भण्डारण गर्दा तोकिएको गणुस्तर कायम राखी मापदण्ड अनुसार भण्डारको लागि व्यबस्थापन गर्ने। |
| **अपेक्षित प्रतिफल** | औषधि तथा खोप, खोपजन्य सामग्रीहरु ताकिएको मापडण्ड अनुसार भण्डारण गरीएको औषधि र खोप उपभोक्ताहरुले उपभोग गर्न पाउने छन्। |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपुर्ति व्यबस्थापन केन्द्र |
| **सञ्चालन बिधि** | • प्रचलित कानून अनुसार प्राविधिकबाट विस्तृत लागत अनुमान तयार गर्ने।<br>• प्रचलित कानून अनुसार प्राविधिकबाट स्पेशिफिकेशन र विड डकुमेन्ट तयार गर्ने।<br>• प्रचलित कानून अनुसार खरिद प्रक्रिया अगाडि बढाउने।<br>• कार्य सम्पन्न पश्चात प्राविधिक मुल्याङ्कन, जाँचपास र फरफारक गर्ने। |
| **बजेटको वाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अभिलेख प्रतिबेदन** | कार्यक्रम सम्पन्न भए पश्चात कार्याक्रमको प्रगति प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| **खर्च संकेत** | ३११२२- पूजीगत – मसिनरी औजार |

## २. औषधि ढुवानी

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | रु. वीस लाख मात्र | जिल्ला | १२ | प्रथम |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | कुनै पनि कार्यक्रमलाई सफलता पूर्वक सञ्चालन गर्नको लागि औषधि भ्याक्सिन, भ्याक्सिनजन्य सामग्रीहरु औजार उपकरण अभिलेख तथा प्रतिवेदन फारामहरु, साधन तथा समय समयमा प्राप्तहूने अन्य सामग्रीहरु प्रदेश स्वास्थ्य आपुर्ति व्यबस्थापन केन्द्रको लागि रिप्याकिङ्ग, तथा ढुवानी र पुनः बितरण गर्नाका लागि यस शिर्षक अन्तरगत वजेटको व्यबस्था गरीएको छ। |
| **उद्देश्य** | • स्थानीय स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि निःशूल्क औषधिहरु निरन्तर आपुर्ति।<br>• स्थानिय स्वास्थ्य संस्थाहरुमा औषधिको मौज्दात कायम राख्ने।<br>• औषधि तथा साधनको त्रैमासिक भ्याक्सिनको मासिक वितरण गर्ने व्यबस्था मिलाउन। |
| **अपेक्षित प्रतिफल** | स्थानीय निकाय अन्तरगतका स्वास्थ्य संस्थाहरुमा नियमित औषधि तथा खोप खोपजन्य सामग्री नियमित रुपमा उपलब्ध हुने। |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपुर्ति व्यबस्थापन केन्द्र। |
| **सञ्चालन बिधि** | • प्रचलित कानून अनुसार लागत अनुमान, स्पेशिफिकेशन तथा विड डकुमेन्ट तयार पार्ने।<br>• सार्वजनिक खरिद ऐन तथा नियम अनुसार खरिद प्रक्रिया अगाडि वढाउने। |
| **लक्षीत समूह** | स्वास्थ्य सेवा अन्तरगतका सवै सामाग्रीहरु। |
| **बजेटको वाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अभिलेख प्रतिबेदन** | कार्यक्रम सम्पन्न भए पश्चात कार्याक्रमको प्रगति प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्ने छ। |
| **खर्च संकेत** | २७२१३ — औषधी खरिद खर्च — यसमा अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्बेद औषधालय आदी जस्ता निकायबाट निः शुल्क रुपमा वितरण गरिने वा विरामीको उपचारमा प्रयोग हुने औषधी तथा स्वास्थ्य सामाग्री खरीद र सोको ढुवानी सम्बन्धी खर्च समाबेश गरिन्छ। |

## ३. निशुल्क औषधी खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | रु. ३ करोड ६० लाख मात्र | पटक | १ | प्रथम |

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | प्रदेश अन्तगर्त रहेका स्वास्थ्य संस्थाहरुबाट दिइने निःशुल्क अत्यावश्यक औषधीहरु वितरण सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन औषधी खरिद गरी सर्वसुलभ तरिकाले उपभोक्तामा सेवाको प्रयोगदर बढाइ प्रदेशका अधिकाशं जनतालाई लाभान्वित गराउन बजेट विनियोजन गरीएको छ । |
| **उद्देश्य** | • स्वास्थ्य संस्थाहरुबाट दिइने निःशुल्क औषधी वितरण सेवालाई गुणस्तरीय तथा सर्वसुलभ रुपमा उपलब्ध गराउने ।<br>• गरीब तथा विपन्न वर्गका जनताहरुमा अत्यावश्यक औषधीको पहुँच बढाई लाभान्वित गराउने ।<br>• सेवाको गुणस्तरलाई बढाउने । |
| **अपेक्षित प्रतिफल** | रोगबाट पीडित उपभोक्ताहरुलाई सर्वसुलभ तरिकाले औषधी उपलब्ध गराई स्वस्थ बनाउने । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| **सञ्चालन बिधि** | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट अस्पतालहरुको आन्तरिक योजना तथा औषधी सम्बन्धी आवश्यक अध्ययन गर्ने ।<br>• प्रदेश भित्र रहेका स्वास्थ्य संस्थाहरुमा सेवा प्रदान गर्न अत्यावश्यक औषधीहरुको नाम सहितको सुची र परिमाण तयार गर्ने ।<br>• आवश्यक पर्ने औषधीहरु खरिदका लागि प्रचलित खरिद ऐन नियमानुसार दररेट निर्धारण गर्ने ।<br>• सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद प्रक्रिया अगाडि बढाउने । |
| **लक्षीत समूह** | अस्पताल, स्वास्थ्य संस्थामा उपचारको लागि आउने विभिन्न रोगका विरामी तथा सेवा ग्राहीहरु । |
| **बजेटको वाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अभिलेख प्रतिबेदन** | सञ्चालन गरीएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |
| **खर्च संकेत** | २७२१३ — औषधी खरिद खर्च — यसमा अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्बेद औषधालय आदी जस्ता निकायबाट निः शुल्क रुपमा वितरण गरिने वा विरामीको उपचारमा प्रयोग हुने औषधी तथा स्वास्थ्य सामाग्री खरीद र सोको ढुवानी सम्बन्धी खर्च समाबेश गरिन्छ । |

## ४. आयुर्वेद औषधी खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | रु. ३० लाख मात्र | पटक | १ | प्रथम |

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | सरकारले विभिन्न तहका आयुर्वेद संस्थाहरुका लागि अत्यावश्यक औषधि सूचि तयार गरीएको छ । उक्त सूचिको आधारमा विभिन्न भौगोलिक क्षेत्र, विरामीकोचाप, संघबाट आपूर्ति गर्दा अपुग हुने औषधीहरुलाई प्रदेश तथा स्थानीय आयुर्वेद स्वास्थ्य संस्थाहरुबाट सेवाग्राहीका लागि छिटो छरितो व्यबस्थापन गर्न आवश्यक देखिएकोले औषधि खरिद कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | ● आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधि समयमा नियमित उपलब्धता गराउने । |
| **अपेक्षित प्रतिफल** | रोगबाट पीडित उपभोक्ताहरुलाई सर्वसुलभ तरिकाले औषधी उपलब्ध गराई स्वस्थ बनाउने । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| **सञ्चालन बिधि** | ● प्रदेश भित्र रहेका स्वास्थ्य संस्थाहरुमा सेवा प्रदान गर्न निःशुल्क आयुर्वेद औषधीहरुको नाम सहितको सुची र परिमाण तयार गर्ने ।<br>● आवश्यक पर्ने औषधीहरु खरिदका लागि प्रचलित खरिद ऐन नियमानुसार दररेट निर्धारण गर्ने ।<br>● सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद प्रक्रिया अगाडि बढाउने । |
| **लक्षीत समूह** | अस्पताल, स्वास्थ्य संस्थामा उपचारको लागि आउने विभिन्न रोगका विरामीहरु । |
| **बजेटको वाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अभिलेख प्रतिबेदन** | सञ्चालन गरीएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |
| **खर्च संकेत** | २७२१३ — औषधी खरिद खर्च — यसमा अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्बेद औषधालय आदी जस्ता निकायबाट निः शुल्क रुपमा वितरण गरिने वा विरामीको उपचारमा प्रयोग हुने औषधी तथा स्वास्थ्य सामाग्री खरीद र सोको ढुवानी सम्बन्धी खर्च समाबेश गरिन्छ । |

## ५. पूर्वकर्म/पञ्चकर्मको लागि स्टिमबाथ बक्स खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. १० लाख मात्र | पटक | १ | तेश्रो |

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | नसर्ने रोगका विरामीहरु तथा सेवाग्राहीहरुलाई पञ्चकर्मको पूर्वकर्म माध्यमबाट स्वास्थ्य प्रबर्द्धन तथा रोगको उपचारमा मद्दत पुऱ्याउनका लागि आयुर्वेद स्वास्थ्य संस्थाहरुमा स्टिमवाथ बक्स खरिद गरी प्रदान गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| **उद्देश्य** | • आयुर्वेद चिकित्सा पद्धतिबाट नसर्ने रोगहरु जस्तै बाथव्याधि, पक्षाघात आदि रोगहरुबाट ग्रसित विरामीहरुको उपचार गर्नआवश्यक पर्ने स्टिम वाथ बक्स खरिद गर्ने । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश आपूर्ति व्यबस्थापन केन्द्र |
| **सञ्चालन बिधि** | प्रदेश भित्र रहेका आयुर्वेद स्वास्थ्य संस्थाहरुमा पूर्वकर्म र पञ्चकर्म सेवा प्रदान गर्न स्टिमवाथ बक्स आदिको खरिदका लागि सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन २०७५ समेत) अनुसार खरिद प्रक्रिया अगाडि बढाउने । |
| **लक्षीत समूह** | नसर्ने रोगहरु, Degenerative Bone and Joint Diseases तथा मानसिक रोगका विरामी र स्वास्थ्य प्रबर्द्धन गर्न चाहने आम नागरीकहरु । |
| **बजेटको वाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित प्रतिफल** | आयुर्वेद पद्धतिको माध्यमबाट नसर्ने रोगको नसर्ने रोगहरु जस्तै बाथव्याधि, पक्षाघात आदि रोगहरुको रोकथाम र न्यूनिकरण गर्न सहज हुनेछ । |
| **अभिलेख प्रतिबेदन** | सञ्चालन गरीएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |
| **खर्च संकेत** | ३११२२ — मेशिनरी तथा औजार — यसमा एक वर्ष भन्दा वढी आयु भएका सवारी साधन बाहेकको मेशिन तथा मेशिनरी औजारहरुको खरिदको लागि भएको खर्च समावेश हुन्छ । |

## ६. महामारी अवस्थाको लागि औषधी लगायत अन्य सामाग्री खरिद तथा बफर स्टक

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | रु. ५० लाख मात्र | पटक | १ | प्रथम |

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | कुनै पनि समय र स्थानमा सरुवा रोगको महामारी/प्रकोप हुनसक्ने भएकाले आवश्यक औषधि, उपकरण तथा औषधि जन्य सामाग्रीहरु खरिद गरी तयारी अवस्थामा राख्नको लागि बजेटको व्यबस्था गर्न यो कार्यक्रमको व्यबस्था गरीएको हो। |
| **उद्देश्य** | उत्पन्न महामारी/प्रकोप/विपदको कारण हुन सक्ने जनधनको क्षति हुनबाट जोगाउन आवश्यक पर्ने औषधिजन्य सामाग्रीहरु तत्काल अस्पताल तथा स्वास्थ्य कार्यालयहरुमा व्यबस्थापन गर्न। |
| **अपेक्षित प्रतिफल** | प्रकोप/महामारी/विपदको कारण हुन सक्ने ठूलो जनधनको क्षति हुनबाट जोगाउन आवश्यक पर्ने औषधि जन्य सामाग्री आईपुग्न समय लाग्ने भएकोले हुन सक्ने सम्भावित जनधनको क्षतिबाट जोगाउछ। |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश आपूर्ति व्यबस्थापन केन्द्र |
| **सञ्चालन बिधि** | • चौमासिक बाँडफाँड अनुसार स्वीकृत कार्यक्रमको खरिद योजना वनाई खरिद गर्ने।<br>• RRT को सिफारिस तथा विगतको अवस्था तथा Risk Analysis हेरी औषधि उपकरण, निदान सामाग्री आदी खरिद लिष्ट तयार गरी बफर स्टक तयार गर्ने।<br>• बफर स्टकमा राखिएका औषधिहरु महामारीको अवस्थामा मात्रै प्रयोगमा ल्याउनु पर्ने भए पनि औषधिको म्याद जाने अवस्था भएमा नँया खरिद गरीएको औषधि स्टकमा राखि स्टकमा रहेको औषधि म्याद सकिनु अघि नै प्रयोगमा ल्याउनु पर्दछ। |
| **बजेटको वाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अभिलेख प्रतिबेदन** | सञ्चालन गरीएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| **खर्च संकेत** | २७२१३ — औषधी खरिद खर्च — यसमा अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्बेद औषधालय आदी जस्ता निकायबाट निः शुल्क रुपमा वितरण गरिने वा विरामीको उपचारमा प्रयोग हुने औषधी तथा स्वास्थ्य सामाग्री खरीद र सोको ढुवानी सम्बन्धी खर्च समाबेश गरिन्छ। |

## ७. स्वास्थ्य संस्थामा जन्मेका बालबालिकाहरुको लागि भिटामिन k खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २७२१३ | रु. २५ लाख मात्र | पटक | १ | प्रथम |

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | भिटामिन **k** प्रयोग गरी गम्भिर (VKDB) रक्तश्रावबाट नवजात शिशुको मृत्यु हुने जोखिम घटाउनको लागि प्रयोग गरीने औषधी । |
| **उद्देश्य** | भिटामिन **k** को कमिले हुने रक्तश्राव (VKDB) बाट नवजात शिशुको मृत्युदर घटाउने । |
| **अपेक्षित प्रतिफल** | भिटामिन **k** को कमिले हुने रक्तश्राव (VKDB) बाट हुने मृत्युदरमा कमी आउने । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| **सञ्चालन बिधि** | • प्रदेश स्तरीय अपेक्षित जीवित बच्चा (Live Birth) को संख्या निर्धारण गर्ने साथै नवजात शिशु मृत्युदरको आधारमा लक्ष्य निर्धारण गर्नुपर्ने छ ।<br>• प्राप्त लक्ष्यको आधारमा आवश्यक पर्ने भिटामिन K खरिद गर्नुपर्नेछ ।<br>• प्रदेश भित्र रहेका प्रसुती सेवा दिने स्वास्थ्यसंस्थाहरुमा सेवा प्रदान गर्न सकिने छ ।<br>• आवश्यक पर्ने औषधी (भिटामिन K) खरिदका लागि दरभाउलाई आधार मानि नयाँ दररेट निर्धारण गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने । |
| **लक्षीत समूह** | जीवित नवजात शिशु । |
| **बजेटको वाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अभिलेख प्रतिबेदन** | सञ्चालन गरीएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |
| **खर्च संकेत** | २७२१३ — औषधी खरिद खर्च — यसमा अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्बेद औषधालय आदी जस्ता निकायबाट निः शुल्क रुपमा वितरण गरिने वा विरामीको उपचारमा प्रयोग हुने औषधी तथा स्वास्थ्य सामाग्री खरीद र सोको ढुवानी सम्बन्धी खर्च समाबेश गरिन्छ । |

## ८. अस्पताल तथा स्थानीय तहहरुमा एम्बुलेन्स खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२१ | रु. २ करोड २५ लाख मात्र | पटक | १ | प्रथम |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | विरामीलाई आकस्मिक उपचारको लागि समयमै अस्पतालमा पुऱ्याउन र थप उपचार सेवाको लागि सुविधायुक्त अस्पतालमा पुऱ्याई विरामीको उपचार, व्यवस्थापनको लागि प्रयोग गरीने । |
| **उद्देश्य** | • आपतकालीन स्वास्थ्य सेवाको पहुँच बढाउन ।<br>• ग्रामीण स्तरमा रहेका विरामीहरुलाई स्वास्थ्य सेवा उपलब्ध गराउन ।<br>• न्यूनतम खर्चमा स्वास्थ्य सेवा गर्न । |
| **अपेक्षित प्रतिफल** | बिरामीहरुको मृत्युदरलाई घटाउन । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, तोकिएका अस्पताल तथा स्थानीय तहहरु । |
| **सञ्चालन बिधि** | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट अस्पतालहरुको आन्तरिक योजना तथा एम्बुलेन्सको आवश्यकताको पहिचान गर्ने ।<br>• मेकानिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• मेकानिकल इन्जिनियरको उपस्थितिमा Postshipment inspection को आधारमा दाखिला गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयबाट पहिचान भएका अस्पताल तथा स्थानीय तहलाई एम्बुलेन्स उपलब्ध गराउने ।<br>• यस कार्यक्रमको कार्यान्वयन अस्पतालहरु वा स्वास्थ्य कार्यालयहरु वा स्थानीय तह मार्फत पनि गर्न सकिन्छ । |
| **लक्षीत समूह** | ग्रामीण क्षेत्र तथा सेवाको पहुँचबाट टाढा रहेका नागरीकहरुलाई उपचार सेवाको पहुँच पुऱ्याउन । |
| **बजेटको वाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अभिलेख प्रतिबेदन** | सञ्चालन गरीएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |
| **खर्च संकेत** | ३११२१ \| सवारी साधन \| यसमा देहायका रकमहरु समावेश हुन्छः<br>(क) सवारी साधनहरु (जस्तै जीप, मोटरकार, वस, ट्रक, मोटर साइकल, स्कुटर, |

| | | | | |
|---|---|---|---|---|
| | | | | साइकल ढुवानी सम्बन्धी काम गर्ने ट्र्याक्टर, गाडा तान्ने जनावरहरुः वयर र घोडा ) को मोल<br>(ख) सवारी साधनका इन्जीन नै वदली मर्मत गरेमा सो को मोल,<br>(ग) सवारी साधन वा इन्जीन झिकाउँदा लागेको भाडा भरौट कर भन्सार मार्गस्थल विमा |

## ९. दुर्गम क्षेत्रका स्वास्थ्य क्षेत्रहरुमा प्रयोगशाला विस्तारका लागि औजार उपकरण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. २ करोड मात्र | पटक | १ | प्रथम |

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | प्रदेश भित्र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि स्वास्थ्य चौकीहरुमा आधारभूत प्रयोगशाला विस्तार गर्ने। |
| **उद्देश्य** | • उपचार गर्न आएका विरामीहरुको रोगको पहिचान गर्न।<br>• प्रयोगशाला सञ्चालन नभएका विकट, दुर्गम तथा सेवाको पहुँच नभएका स्थानमा सेवा सञ्चालन गर्न।<br>• सेवा विस्तार गर्न। |
| **अपेक्षित प्रतिफल** | बिरामीहरुको रोग एकिन गरी सेवा प्रवाह गर्न। |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल। |
| **सञ्चालन बिधि** | • प्रयोगशाला नभएका दुर्गम क्षेत्रका स्वास्थ्य चौकीहरुको तथ्याङ्क एकिन गर्ने।<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट प्रयोगशाला सम्बन्धी विशेषज्ञसँग परामर्श गरी सुची तयार गर्ने।<br>• बायोमेडिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने।<br>• सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Postshipment inspection को आधारमा दाखिला गर्ने।<br>• सामाजिक विकास मन्त्रालयबाट पहिचान भएका अस्पताल तथा स्थानीय तहलाई ल्याब सम्बन्धी सामान वितरण गर्ने।<br>• सम्झौता गरीएको कम्पनीबाट सम्झौता बमोजिम सामाग्री प्राप्त भई दाखिला प्राप्त भएपछि कम्पनीलाई रकम भुक्तानी गर्न सकिने छ। |
| **लक्षीत समूह** | ग्रामीण क्षेत्र तथा सेवाको पहुँचबाट टाढा रहेका नागरीकहरुलाई उपचार सेवाको पहुँच पुर्‍याउन। |
| **बजेटको वाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |

| | |
|---|---|
| **अभिलेख प्रतिबेदन** | सञ्चालन गरीएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |
| **खर्च संकेत** | ३११२२ — मेशिनरी तथा औजार — ३११२२ — यसमा एक वर्ष भन्दा बढी आयू भएका सवारी साधन बाहेकको मेशिन तथामेशिनरी औजारहरूको खरिदको लागि भएका खर्च समावेश हुन्छ । |

## १०. बर्थिङ्ग सेन्टरहरुको लागि औजार, उपकरण खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | | अवधि |
| ३११२२ | रु. १ करोड मात्र | पटक | १ | प्रथम |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | आमा सुरक्षा सेवाको पहुँच तथा गुणस्तर बढाई मातृ तथा नवजात शिशुको मृत्युलाई कम गर्न । |
| **उद्देश्य** | • संस्थागत सुत्केरी बढाउन ।<br>• आमा सुरक्षा सेवा पहुँच र गुणस्तर बढाउन ।<br>• मातृ तथा नवजात शिशुको मृत्युदर घटाउन । |
| **अपेक्षित प्रतिफल** | मातृ तथा नवजात शिशु मृत्युदर र विरामी दर घटाउन । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| **सञ्चालन बिधि** | • बर्थिङ्ग सेन्टर लागु भएका/नभएका स्वास्थ्य संस्थाहरुको तथ्याङ्क एकिन गर्ने ।<br>• सेवा सञ्चालन गर्न आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका २०६५ अनुसार आवश्यक पूर्वाधार, उपकरण तथा जनशक्तिको एकिन गर्ने ।<br>• बायोमेडिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Postshipment inspectionको आधारमा दाखिला गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयबाट पहिचान भएका अस्पताल तथा स्थानीय तहलाई बर्थिङ्ग सेन्टर सम्बन्धी सामाग्री वितरण गर्ने ।<br>• सम्झौता गरीएको कम्पनीबाट सम्झौता बमोजिम सामाग्री प्राप्त भई दाखिला प्राप्त भएपछि कम्पनीलाई रकम भुक्तानी गर्न सकिने छ । |
| **लक्षीत समूह** | प्रदेश भित्रका सेवाग्राहीहरु । |
| **बजेटको वाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अभिलेख प्रतिबेदन** | सञ्चालन गरीएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |
| **खर्च संकेत** | ३११२२ \| मेशिनरी तथा औजार \| यसमा एक वर्ष भन्दा वढी आयु भएका सवारी साधन बाहेकको मेशिन तथा मेशिनरी औजारहरुको खरिदको लागि भएको खर्च समावेश हुन्छ । |

## ११. प्रादेशिक अस्पतालहरुको लागि आई.सी.यू. सेट अप सहितको एम्बुलेन्स खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२१ | रु. २ करोड ५० लाख मात्र | वटा | २ | दोश्रो |

| | |
|---|---|
| **परिचय** | विरामीलाई आकस्मिक उपचारको लागि समयमै अस्पतालमा पुऱ्याउन र थप उपचार सेवाको लागि सुविधायुक्त अस्पतालमा पुऱ्याई विरामीको उपचार, व्यवस्थापनको लागि प्रयोग गरीने। |
| **उद्देश्य** | • आपतकालीन स्वास्थ्य सेवाको पहुँच बढाउन।<br>• ग्रामीण स्तरमा रहेका विरामीहरुलाई स्वास्थ्य सेवा उपलब्ध गराउन।<br>• न्यूनतम खर्चमा स्वास्थ्य सेवा गर्न। |
| **अपेक्षित प्रतिफल** | बिरामीहरुको मृत्युदरलाई घटाउन। |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल वा प्रादेशिक अस्पतालहरु। |
| **सञ्चालन बिधि** | • सम्बन्धित अस्पतालबाट आन्तरिक योजना तथा ICU सेटअफ सहितको एम्बुलेन्स आवश्यकताको पहिचान गर्ने।<br>• मेकानिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने।<br>• सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने।<br>• मेकानिकल इन्जिनियरको उपस्थितिमा Postshipment inspection को आधारमा दाखिला गर्ने।<br>• पहिचान भएका प्रादेशिक अस्पताललाई ICUसहितको एम्बुलेन्स खरिद गर्ने। |
| **लक्षीत समूह** | ग्रामीण क्षेत्र तथा सेवाको पहुँचबाट टाढा रहेका नागरीकहरुलाई उपचार सेवाको पहुँच पुऱ्याउन। |
| **बजेटको वाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अभिलेख प्रतिबेदन** | सञ्चालन गरीएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| **खर्च संकेत** | ३११२१ — सवारी साधन — यसमा देहायका रकमहरु समावेश हुन्छः<br>(क) सवारी साधनहरु (जस्तै जीप, मोटरकार, वस, ट्रक, मोटर साइकल, स्कुटर, साइकल ढुवानी सम्बन्धी काम गर्ने ट्रयाक्टर, गाडा तान्ने जनावरहरुः वयर र घोडा ) को मोल<br>(ख) सवारी साधनका इन्जीन नै वदली मर्मत गरेमा सो को मोल,<br>(ग) सवारी साधन वा इन्जीन झिकाउँदा लागेको भाडा भरौट कर भन्सार मार्गस्थल विमा |

## १२. अस्पतालहरुमा फोहोर व्यवस्थापनको लागि अटोकेलेभ मेसिन खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. १ करोड मात्र | पटक | १ | दोश्रो |

| | |
|---|---|
| **परिचय** | प्रदेशभित्र अस्पतालमा रहेका फोहोरमैलाहरुलाई गुणस्तरीय व्यवस्थापन गर्न । |
| **उद्देश्य** | फोहोरमैलाबाट हुने संक्रमणलाई नियन्त्रण गर्न । |
| **अपेक्षित प्रतिफल** | महामारी रोकथाम गर्न र संक्रमण घटाउन । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| **सञ्चालन बिधि** | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट अस्पतालहरुको आन्तरिक योजना तथा अटोकेलेभको पहिचान गर्ने ।<br>• बायोमेडिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Postshipment inspection को आधारमा दाखिला गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयबाट पहिचान भएका प्रादेशिक अस्पतालहरुलाई अटोकेलेभ मेसिन उपलब्ध गराउने । |
| **लक्षीत समूह** | प्रदेश भित्रका आम नागरीक सेवा लिने र दिने । |
| **बजेटको बाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अभिलेख प्रतिबेदन** | सञ्चालन गरीएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |
| **खर्च संकेत** | ३११२२ — मेशिनरी तथा औजार — यसमा एक वर्ष भन्दा वढी आयु भएका सवारी साधन बाहेकको मेशिन तथा मेशिनरी औजारहरुको खरिदको लागि भएको खर्च समावेश हुन्छ । |

## १३. स्वास्थ्य संस्थाहरुको लागि अक्सिजन कनसन्ट्रेटर खरिद

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. पाँच लाख  मात्र | पटक | १ | दोश्रो |

| उपशीर्षक | विबरण |
|---|---|
| परिचय | उपचारका क्रममा अक्सिजन दिई उपचार गर्नुपर्ने विरामीहरुलाई सुविधा प्रदान गर्न । |
| उद्देश्य | उपचारको गुणस्तर साथै उपचारमा प्रभावकारीता ल्याउन । |
| अपेक्षित प्रतिफल | स्वासप्रश्वास तथा अन्य आवश्यकता पर्ने रोगीको व्यवस्थापन गर्न । |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| सञ्चालन बिधि | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट अस्पतालहरुको आन्तरिक योजना तथा प्रयोग गर्ने विरामीको पहिचान र परिमाण एकिन गर्ने ।<br>• बायोमेडिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Postshipment inspection को आधारमा दाखिला गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयबाट पहिचान भएका स्वास्थ्य संस्थाहरुमा **Oxygen Concentrator** उपलब्ध गराउने । |
| लक्षीत समूह | प्रदेश भित्रका आम नागरीक सेवा लिने र दिने । |
| बजेटको वाँडफाँड | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| अभिलेख प्रतिबेदन | सञ्चालन गरीएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |
| खर्च संकेत | ३११२२ \| मेशिनरी तथा औजार \| यसमा एक वर्ष भन्दा वढी आयु भएका सवारी साधन बाहेकको मेशिन तथा मेशिनरी औजारहरुको खरिदको लागि भएको खर्च समावेश हुन्छ । |

## १४. अस्पतालहरुको लागि मेसिनरी औजार खरिद (सिटी स्कायन मेसिन समेत)

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३११२२ | रु. ४ करोड मात्र | पटक | १ | दोश्रो |

| उपशीर्षक | विबरण |
|---|---|
| **परिचय** | सरकारी स्वास्थ्य संस्थाहरुबाट दिइने सेवालाई गुणस्तरीय सेवा प्रदान गर्ने । |
| **उद्देश्य** | रोगको पहिचान गर्ने । |
| **अपेक्षित प्रतिफल** | बिरामीहरुको रोग एकिन गरी सेवा प्रवाह गर्ने । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, बुटवल । |
| **सञ्चालन बिधि** | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट स्वास्थ्य संस्थाका लागि आवश्यक पर्ने औजार, उपकरणको आवश्यकता पहिचान गरी विवरण तयार गर्ने ।<br>• बायोमेडिकल इन्जिनियर बाट स्पेशिफिकेशन तयार गरी त्यसको आधारमा बजार भाउ माग गर्ने ।<br>• सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद प्रक्रिया अगाडि बढाउने ।<br>• बायोमेडिकल इन्जिनियरको उपस्थितिमा Postshipment inspection को आधारमा दाखिला गर्ने ।<br>• सामाजिक विकास मन्त्रालयबाट पहिचान भएका अस्पतालमा वितरण गर्ने ।<br>• सम्झौता गरीएको कम्पनी/फर्मबाट सम्झौता बमोजिम सामाग्री प्राप्त भई दाखिला प्राप्त भएपछि कम्पनी/फर्मलाई रकम भुक्तानी गर्न सकिने छ । |
| **लक्षीत समूह** | प्रदेश भित्रका आम नागरीक सेवा लिने र दिने । |
| **बजेटको वाँडफाँड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अभिलेख प्रतिबेदन** | सञ्चालन गरीएका कार्यक्रमहरुको प्रगती प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |
| **खर्च संकेत** | ३११२२ — मेशिनरी तथा औजार — यसमा एक वर्ष भन्दा वढी आयु भएका सवारी साधन बाहेकको मेशिन तथा मेशिनरी औजारहरुको खरिदको लागि भएको खर्च समावेश हुन्छ । |

## खण्ड ‘ङ’

## स्वास्थ्य कार्यालयहरु मार्फत सञ्चालन कार्यक्रमहरु

## ८४ बर्ष पुगेका जेष्ठ नागरीकहरुलाई घरमै स्वास्थ्य सेवा कार्यक्रम

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. २ करोड मात्र | जिल्ला | १२ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचयः** | जेष्ठ नागरीकहरुको शारीरिक, मानसिक, आर्थिक तथा सामाजिक कारणले अस्पतालमा गई स्वास्थ्य सेवा लिन कठिनाई हुने हुँदा उँहाहरुलाई स्वस्थ रहन मद्दत गर्ने र उँहाहरुको मनोबल बढाउनका लागि प्रदेश सरकारले ८४ वर्ष उमेर पुगेका जेष्ठ नागरीकहरुलाई स्वास्थ्यकर्मीहरु घरघरमा गएर आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **उद्देश्यः** | प्रदेश भित्र वसोवास गर्ने ८४ वर्ष पुगेका सवै जेष्ठ नागरीकहरुलाई घरमै स्वास्थ्य सेवा प्रदान गर्ने । |
| **लक्षित समुहः** | प्रदेशभित्र बसोबास गर्ने ८४ वर्ष भन्दा माथिका जेष्ठ नागरीकहरु । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्थानिय तहसँग सम्वन्वय गरी स्वास्थ्य कार्यालयहरुले सञ्चालन गर्ने । |
| **कार्यक्रम सञ्चालन विधिः** | • स्थानीय पालिकासँग समन्वय गरी सामाजिक विकास मन्त्रालयबाट जारी "८४ वर्ष उमेर पुगेका जेष्ठ नागरीकहरुको घरमै स्वास्थ्य सेवा सम्बन्धी निर्देशिका (संशोधन समेत)" बमोजिम सन्चालन गर्नुपर्नेछ ।<br>• मासिकरुपमा सेवा दिएको संख्या तोकिएको ढाँचामा प्रतिबेदन स्वास्थ्य निर्देशनालय मा पेश गर्नु पर्नेछ । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पश्चात यस कार्यक्रमको प्रतिबेदन स्वास्थ्य निर्देशनालय मा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |
| **खर्च संकेत** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## १. स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रम, प्रकाशन, प्रसारण सन्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ५० लाख मात्र | जिल्ला/निर्देशनलय | १२ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षक: | विवरण |
|---|---|
| **परिचयः** | स्वास्थ्य सम्बन्धी सूचना, सन्देश तथा जानकारीहरु पाउनु आम नागरीकको अधिकार हो। समाजमा रहेका नकारात्मक अवधारणाहरु हटाई नागरीकलाई स्वास्थ्य रहन आवश्यक पर्ने स्वास्थ्य सम्बन्धी ज्ञान, सीप र चेतनालाई अभिबृद्धि गर्न, उपयुक्त र स्वस्थ्यकर व्यवहार अपनाउन सहयोग पुग्ने सुचना र सन्देशहरु आम नागरीक सम्म विभिन्न माध्यमबाट पुऱ्याउन स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गर्न जरुरी रहेको छ। त्यसैले यस कार्यक्रम मार्फत लक्षित वर्गहरुमा स्वास्थ्य सम्बन्धी बिभिन्न ज्ञान, धारणा तथा व्यहारमा सकारात्मक परिवर्तन ल्याई समुदायमा उपलब्ध स्वास्थ्य सेवाको उपयोग गर्ने र स्वस्थ्य जीवन यापन गर्ने बानीको विकास हुने अपेक्षा गरीएको छ। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय:** | स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालयहरु। |
| **यस कार्यक्रमलाई सञ्चालन गर्ने बजेटको परिधि भित्र रहि देहाय अनुसारको क्रियाकलापहरु गर्नु पर्नेछः** | |
| **क्रियाकलाप नं. १** | **सर्ने तथा नसर्ने रोगहरु रोकथाम सम्बन्धी स्थानीय स्तरमा सचेतना कार्यक्रम** |
| **परिचयः** | यो कार्यक्रम सञ्चालन पछि समुदायमा वातावरणीय तथा पेशागत स्वास्थ्य र सरसफाई जस्तैः (स्वस्थ खाना, पानी र साबुन पानीले हात धुने व्यवहार प्रवर्धन तथा सरसफाई) सम्वन्धी चेतना जागृत भई वातावरणीय तथा पेशागत स्वास्थ्य र सरसफाई कार्यमा योगदान दिन तत्परता देखिने छ। वातावरण स्वच्छ राख्नुका साथै आफ्नो पेशागत स्वास्थ्यमा समेत स्वस्थ व्यवहार अपनाउन यो कार्यक्रमले अभिप्रेरित गर्ने छ । नेपालमा नसर्ने रोग एक जनस्वास्थ्य समस्याको रुपमा देखा परिरहेको छ। मानिसहरुको जिवनशैलीमा आएको परिवर्तनसँगै मधुमेह, मुटुरोग, दिर्घ स्वासप्रश्वास अवरोध सम्बन्धी रोग उच्च रक्तचाप मृगौला सम्बन्धी रोग जस्ता नसर्ने रोगहरुको समस्या दिन प्रतिदिन बढ्दो छ। साथै मौसमी रोगहरु पनि समय समयमा समस्याका रुपमा देखा पर्ने भएको हुँदा यसबाट बच्ने उपायहरुका वारेमा सचेतना फैलाउनका लागि यो कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **उद्देश्यः** | • सर्ने तथा नसर्ने रोगको मुख्य कारण यसका जोखिमका तत्वहरु र रोग लाग्नबाट बच्ने उपायहरुका वारेमा सचेत गराउने।<br>• नियमित रुपमा स्वास्थ्य जाँच गराउन अभिप्रिरित गर्ने।<br>• स्वस्थ जीवनशैली अनुशरण गर्न अभिप्रेरित गर्ने। |
| **कार्यक्रम सञ्चालन विधि:** | **कार्यक्रम सञ्चालन हुने स्थान:**स्थानीयतहका विभिन्न समुदाय।<br>**लक्षित समूह/सहभागी समूह:**समुदायका बिभिन्न पेशाका व्यक्तिहरु |

| | |
|---|---|
| | **कार्यक्रममा समावेश गर्न सकिने बिषय बस्तुहरु:**<br>● व्यक्तिगत सरसफाई<br>● वातावरणीय सरसफाइ<br>● पेशागत स्वास्थ्य<br>● स्वस्थ पानी<br>● स्वस्थ खाना<br>● फोहरमैला व्यवस्थापन<br>● साबुन पानीले हात धुनु पर्ने अवस्था तथा फाइदाहरु<br>● स्वस्थ जीवनशैली अप्नाउन गर्नुपर्ने व्यबहार सम्बन्धी विषयहरु<br>**सहभागी**:प्रति १ कार्यक्रममा ४० जना सम्म हुनेछ ।<br>**सहजकर्ता**:<br>● प्रदेश स्वास्थ्य निर्देशक/ स्वास्थ्य कार्यलय प्रमुख वा नीजले तोकेको अधिकृत – १ जना<br>● स्वास्थ्य प्रवर्धन शाखाका प्रमुख वा नीजले तोकेको व्यक्ति – १ जना<br>● प्रदेश स्तरमा वा स्वास्थ्य कार्यालय स्तरमा कार्यक्रम हेर्ने कर्मचारीहरुमध्येबाट – १ जना<br>(निर्धारित बजेटलाई ध्यानमा राखेर कार्यालयले विषय विज्ञ व्यक्तिहरुलाई सहजकर्ताको रुपमा तोक्न सकिने छ )<br>**विधि:पूर्वतयारी**<br>● समुदाय स्तरीय कार्यक्रमको लागि छलफल गरी विस्तृत कार्य योजना तयार गर्ने ।<br>● आवश्यक स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार सम्बन्धी सामग्री वितरण तथा प्रयोगको लागि तयारी राख्ने ।<br>● कार्यक्रम सञ्चालन हुने मिति, स्थान र समय निर्धारण गरी कार्यक्रमका सहभागीहरूलाई पर्याप्त समय दिई आमन्त्रण गर्ने ब्यवस्था गर्ने । अतःगर्नुपर्ने कामको सूचि तयार गरी जिम्मेवारी तोक्ने ।<br>● कार्यक्रमको लागि छनौट गरीएका विषयहरुको प्रस्तुतीकरणको सलाईडहरु तयार गर्ने<br>● प्रस्तुतीकरणको तयारी गर्दा कार्यक्रमसंग सम्बन्धित पाठ्य सामाग्री, Manual, स्वास्थ्य प्रवर्धन पुस्तिका, संचारका लागि स्वास्थ्य सम्बन्धी प्राविधिक विषय वस्तुहरु सम्बन्धी पुस्तिकाको आधारमा गर्नुपर्ने छ ।<br>● कार्यक्रमलाई प्रदेशस्तर देखि स्थानीयतहमा सञ्चालन गर्ने गरी कार्य योजना बनाउने ।<br>**कार्यक्रम सञ्चालन:** |

| | |
|---|---|
| | ● समुदायस्तरीय कार्यक्रम एक दिन अर्थात पूरै ६ घण्टाको कार्य समय हुनु पर्नेछ ।<br>● सहभागीहरूलाई उपयुक्त स्वास्थ्य शिक्षा सामग्री पोष्टर, व्रोसर, पर्चा, पाम्पलेट, पुस्तिका इत्यादि उपलव्ध गराउने ।<br>● कार्यक्रममा श्रब्य दृश्य सामग्रीको माध्यमबाट विभिन्न विषय बस्तुहरु जस्तैः व्यक्तिगत र वातावरणीय सरसफाई (आफ्नो शरीरलाई सफा राख्ने, दिनहुँ नुहाउने, कपडा फेर्ने, कपडाहरुलाई पारिलो घाममा सुकाउने ), Oral Hygiene आदि (५०मिनेट); साबुन पानीले हात धुने अवस्थाहरु, यसका फाइदाहरु र तरिकाहरु (५०मिनेट); स्वस्थ खाना र सफा पानीका फाइदाहरु र पानी शुद्धिधिकरण गर्ने तरिकाहरु(५०मिनेट); वातावरण सरसफाई र यसका फाइदाहरु, चर्पीको प्रयोग, फोहरमैला व्यवस्थापन गर्ने तरिका (५०मिनेट); आदि विषय वस्तुहरुमा अनिवार्य रुपमा छलफल गर्नुपर्ने छ ।<br>● कार्यक्रममा सहभागीहरूबाट कार्य योजना सहितको प्रतिबद्धता लिने । जस्तैः कार्यक्रममा सिकेका कुराहरुलाई घर, परिवार र समुदायमा पनि जानकारी गराई आफु, आफ्नो परिवार र समुदायको स्वस्थ व्यवहार प्रवर्धन गर्न गराउन प्रतिबद्धता व्यक्त गर्दछु ।<br>● कार्यक्रममा उठेका मुख्यमुख्य कुराहरू बुंदागत रूपमा अभिलेख राख्न एकजनाले टिप्ने ।<br>● सहजकर्ताले नै पूर्ण प्रतिवेदन तयार गर्नु पर्दछ । |
| **क्रियाकलाप नं. २** | **छापा माध्यमबाट स्वास्थ्य सन्देश प्रकाशन** |
| **परिचयः** | आम संचारका माध्यमहरु मध्ये पत्र पत्रिका पनि एक महत्वपूर्ण माध्यम भएकोले यस मार्फत स्वास्थ्य सम्बन्धी सूचनाहरु प्रवाह गर्दा आम समुदायमा सजिलैसँग पुग्न जान्छ । समुदायको आवश्यक्ता अनुसारका स्वास्थ्य सम्बन्धी सूचना सन्देश लेख रचना एवं विज्ञप्ती आदी तयार गरी स्थानीय स्तरको पत्र पत्रिका मार्फत प्रकाशन गर्ने गराउने कार्यले स्थानीय स्तरमा स्वास्थ्य सम्बन्धी प्रबर्द्धनात्मक र प्रतिकार्यात्मक उपायहरुको वारे छिटो छरितो र सहज किसिमले एकै साथ प्रचार प्रशार र जानकारी प्रदान गर्न मद्दत पुर्‍याउछ । स्थानीय जनताहरुलाई स्थानीय भाषामा स्वास्थ्य सन्देश सूचना स्थानीय छापा संचार माध्यममा प्रकाशन गर्दा प्रभावकारी हुने हुँदा यो कार्यक्रमको व्यबस्था गरीएको छ |
| **उद्देश्यः** | ● स्थानीय तहमा प्रकाशन हुने दैनिक साप्ताहिक मासिक तथा अन्य प्रकाशनहरुमा स्वास्थ्य सन्देश प्रकाशन गर्ने ।<br>● पाठक वर्गहरुलाई प्रकाशित स्वास्थ्य सन्देशहरु प्राप्त गरी त्यसलाई अनुशरण गर्न र उनीहरुमार्फत पनि समुदायमा स्वास्थ्य सन्देश प्रचार प्रसार गर्ने । |
| **कार्यक्रम सञ्चालन विधिः** | **कार्यक्रम सञ्चालन हुने स्थानः**प्रदेश तथा स्थानीय तह ।<br>**लक्षित समूह/सहभागी समूहः**<br>प्रदेश तथा स्थानीयस्तरमा प्रकाशन हुने दैनिक, साप्ताहिक, पाक्षिक, मासिक तथा अन्य प्रकाशनहरुका पाठक वर्गहरु<br>**सन्देशहरु समावेश गर्न सकिने विषयहरुः** |

| | |
|---|---|
| | • स्वास्थ्य सम्बन्धी विभिन्न विषयहरुवस्तुहरू (खोप, झाडापखाला, श्वासप्रश्वास, क्षयरोग, कुष्ठरोग, औलो, कालाजार लगायत अन्य किटजन्य रोग, यौनरोग, एच.आई.भी तथा एड्स, सुरक्षित मातृत्व/परिवार नियोजन, सुरक्षित गर्भपतन, किशोरावस्था, बाल स्वास्थ्य, बृद्ध स्वास्थ, लैंगिक हिंसा, सुनौला १००० दिन संचार अभियान, स्वस्थ जीवनशैली, नसर्ने रोगहरु, वातावरणीय र व्यक्तिगत सरसफाई र स्वच्छता, सावुनपानीले हातधुने, निःशुल्क स्वास्थ्य सेवा लगायत अन्य अत्यावश्यकीय स्वास्थ्यसेवाका विषयवस्तुहरु आदि) ।<br>**विधिः पूर्व तयारी**<br>● प्रदेशस्तरमा छापामा ध्यमबाट सन्देश प्रकाशन गर्न सामाजिक विकास मन्त्रालय र प्रदेश स्वास्थ्य निर्देशनालयमा कार्यरत स्वास्थ्यकर्मीहरु तथा अन्य सरोकारवालाहरुसंग कार्यक्रमबारे छलफल गरी प्रदेश तथा स्थानीय आवश्यकताको आधारमा स्वास्थ्यका विषय वस्तुहरु चयन गर्ने ।<br>● प्रदेश तथा स्थानीयस्तरमा देखा परेका महामारी तथा अन्य प्रकोपहरुको प्रभाव, रोग फैलन सक्ने सम्भाव्यको बारेमा तथ्याङ्क विश्लेषण गर्न उपलब्ध तथ्याङ्क/सूचनाहरु केलाउने ।<br>● मौसम अनुसार देखा पर्ने गरेको रोगको प्रकोपहरुको तथ्याङ्क केलाउने ।<br>● तथ्याङ्कहरु विश्लेषण गरे पछि देखिएका स्वास्थ्य समस्याहरुको प्राथमिकता सूची तयार गर्ने ।<br>● सन्देशको लेखन प्राविधिक, नीतिगत र उपलव्ध स्वास्थ्य सेवाको आधारमा गर्ने र आधिकारिताको लागि सरकारको लोगो छाप्ने ।<br>**कार्यक्रम सञ्चालनः**<br>● समय सान्दर्भिक र आवश्यकता अनुसारका सन्देशहरु प्रकाशन गर्ने ।<br>● सन्देशको छपाई सम्भव भएसम्म रंगिन, चित्र, तस्वीरहरु सहित छाप्ने ।<br>● सन्देशको छपाई बजेटको उपलब्धताको आधारमा रही बुझिने गरी सकेसम्म ठूलो साइजमा प्रकाशन गर्ने ।<br>● सन्देश प्रकाशित भएको पत्रपत्रिका र अन्य सवै प्रकाशनहरु संकलन एवं अनुगमन गर्ने ।<br>बील भुक्तानीको लागि पेश गर्दा सम्बन्धित पक्षले बीलसँग सन्देश प्रकाशन भएको पत्रपत्रिका र अन्य सवै प्रकाशनहरुको एक प्रति संलग्न राखी पेश गर्ने । |
| **क्रियाकलाप नं. ३** | **स्वास्थ्य सम्बन्धी सन्देश एफ एम रेडियोबाट प्रसारणः** |
| **परिचयः** | समुदायका मानिसहरुको स्वास्थ्य सम्बन्धी विभिन्न धारणा र व्यबहारमा सकारात्मक परिवर्तन ल्याउन एफ एम रेडियको भूमिका महत्वपूर्ण हुन्छ । स्थानीय एफ एम रेडियो स्टेशनको माध्यमबाट स्वास्थ्य सन्देश सूचनाहरु प्रवाह गरी सामुदायका मानिसहरुलाई स्वास्थ्यका विभिन्न विषयहरु वारे जानकारी गराई उनीहरुमा ज्ञान अभिबृद्धि र व्यबहारमा सकारात्मक परिबर्तन हुनेछ ।त्यसैले विभिन्न भाषाहरुमा स्वास्थ्य सम्बन्धी सन्देशहरु विभिन्न स्थानीय एफ एम रेडियोहरुबाट प्रवाह गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ । |

| | |
|---|---|
| **उद्देश्यः** | • स्थानीय भाषा भाषी चाल चलनलाई विशेष ध्यानमा राखी स्थानीय आवश्यक्ता अनुसार स्थानीय एफ एम रेडीयो स्टेशनबाट आम समुदायमा स्वास्थ्य सम्बन्धी जानकारी मुलक सन्देशहरु प्रबाह गर्ने ।<br>• एफ एम रेडियो मार्फत सन्देश प्रसारण गरी स्वास्थ्य सम्बन्धी ज्ञान अभिवृद्धि गर्ने र उपलब्ध स्वास्थ्य सेवाको उपभोग गर्न अभिप्रेरित गर्ने ।<br>• स्थानिय स्वास्थ्य समस्यालाई ध्यानमा राखि त्यसलाई सम्बोधन हुने गरी सन्देशहरु प्रसारण गर्ने । |
| **कार्य सञ्चालन विधिः** | **कार्यक्रम सञ्चालन हुने स्थानः** प्रदेशस्तरमा<br>**लक्षित समूह/सहभागी समूहः**<br>• आमजनसमुदाय<br>• समुदायस्तरमा स्वास्थ्य सन्देश प्रवाह गर्नेहरु जस्तैः महिला स्वास्थ्यस्वयंसेविका, विद्यार्थी, शिक्षक, स्वास्थ्यकर्मी आदि।<br>• किशोर/किशोरीहरु, युवा/युवतीहरु, आमाहरु, गर्भवती महिलाहरुआदि।<br>**सन्देशहरु समावेश गर्न सकिने विषयहरुः**<br>• नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट संचालित स्वास्थ्य सेवाहरु तथा कार्यक्रमहरुको बारेमा<br>• प्रदेश एवं स्थानीय स्तरमा देखिएका प्रमुख स्वास्थ्य समस्याहरु जस्तैः Morbidity and Mortality को आधारमा विषय छनौट गर्ने।<br>• स्वास्थ्य सम्बन्धी विभिन्न विषयहरु जस्तैः खोप, झाडापखाला, श्वासप्रश्वास, क्षयरोग, कुष्ठरोग, औलो, कालाजार, डेंगु लगायत अन्य किटजन्य रोग, यौनरोग, एच.आई.भी तथा एड्स, सुरक्षित मातृत्व/परिवार नियोजन, सुरक्षित गर्भपतन, किशोरावस्था, बाल स्वास्थ्य, बृद्ध स्वास्थ, लैंगिक हिंसा, सुनौला १००० दिन संचार अभियान, स्वस्थ जीवनशैली, नसर्ने रोगहरु, वातावरणीय र व्यक्तिगत सरसफाई र स्वच्छता, सावुनपानीले हातधुने, निःशुल्क स्वास्थ्य सेवा लगायत अन्य अत्यावश्यकीय स्वास्थ्यसेवाका विषयवस्तुहरु आदि।<br>• सामाजिक विकास मन्त्रालय र प्रदेश स्वास्थ्य निर्देशनालयमा कार्यरत स्वास्थ्यकर्मीहरु तथा अन्य सरोकारवालाहरुसंग कार्यक्रमबारे छलफल गरी प्रदेश तथा स्थानीय आवश्यकताको आधारमा स्वास्थ्यका विषयवस्तुहरु चयन गर्ने।<br>पुनश्चः कुनै विषयमा स्थानिय भाषामा सन्देश उत्पादन गरी प्रसारण गर्नुपरेमा सम्बन्धित एफ.एमहरुले केन्द्रले प्राप्त गराएको सन्देशलाई स्थानिय भाषामा रुपान्तरण गरी प्रसारण गर्नुपर्नेछ। केन्द्रबाट सिडि पनि उपलव्ध हुनेछ ।<br>**विधिः पूर्वतयारी** |

| | |
|---|---|
| | • मौसम अनुसार देखापर्ने गरेका रोगको प्रकोपहरुको तथ्याङ्क केलाउने।<br>• तथ्याङ्कहरु विश्लेषण गरेपछि देखिएका स्वास्थ्य समस्याहरुको प्राथमिकता सूची तयार गर्ने।<br>• प्राथमिकता सूचीमा परेका कुनकुन विषयमा सन्देश प्रसारण गर्ने भन्ने सम्बन्धमा केन्द्रसंग समन्वय गरी निर्णय गर्ने/गराउने।<br>• सन्देश प्रसारणको स्पेशीफिकेशन तयार गर्ने।<br>• स्पेशीफिकेशन अनुसारको सन्देश प्रसारणको लागि स्थानीय एफ.एम.स्टेसन/मिडिया हाउससंग नियमानुसार प्रक्रिया अघिबढाउने।<br>**सन्देशप्रसारण:**<br>• नियमानुसार स्थानीय एफ.एम.रेडियो स्टेसन/मिडिया हाउस चयन गरी संझौता गर्ने।<br>• सन्देश स्पष्ट र छोटो र संवादमूलक वा गीति वा सूचनामूलक हुनेछ।<br>• स्वीकृत वार्षिक लक्ष्यअनुसार एफ.एम.रेडियोबाट सन्देश प्रसारण गर्ने।<br>• सन्देश प्रसारण भएको/नभएको अनुगमन गर्ने।<br>**सन्देश प्रसारण पश्चात:**<br>• स्थानीय भाषामा रुपान्तरण गरेको सन्देश प्रसारणको सि.डी. वा Electronic copy सामाजिक विकास मन्त्रालय वा प्रदेश स्वास्थ्य निर्देशनालयमा दाखिला गर्ने।<br>• कार्यक्रम वा सन्देश प्रसारण गरेपश्चात सबै एफ.एमस्टेसनहरुबाट प्रसारण गरीएको कार्यक्रमको प्रसारण प्रमाणपत्र खर्च गर्ने कार्यालयमा पेश गर्ने।<br>**अवधिः** स्वीकृत बार्षिक लक्ष्य अनुसार तोकिएको चौमासिकमा । |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | स्थानीय स्तरमा स्वास्थ्य सचेतना कार्यक्रम, छापा माध्यमबाट सन्देश प्रकाशन तथा एफ एम रेडियोबाट स्वास्थ्य सन्देश प्रशारण हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालय बाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पश्चात यस कार्यक्रमको प्रतिबेदन स्वास्थ्य निर्देशनालय मा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |
| **खर्च संकेत** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## २. निजि स्वास्थ्य संस्थाहरुको तथ्यांक समावेशिकरणको लागि अभिमुखिकरण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १८ लाख मात्र | जिल्ला | १२ | प्रथम, दोश्रो |

| **उपशीर्षक:** | **विवरण** |
|---|---|
| **परिचयः** | प्रदेश स्तरका सवै जिल्लामा सरकारी निकायहरू र निजी तथा गैरसरकारी निकायहरूबाट समेत स्वास्थ्य सेवा प्रदान गरीदै आएको अवस्थामा सम्बन्धित संस्थाहरुबाट स्वास्थ्य सेवा प्रदान गरे पछि सोको रेकर्ड राखी रेकर्ड अनुसार रिपोर्ट सम्बन्धित पालिकाका स्वास्थ्य शाखाबाट गर्न ब्यबस्था भएको र सो सम्वन्धी सूचना व्यवस्थापन गर्न स्वास्थ्य सेवा विभागले स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Health Management Information System, HMIS) को ब्यवस्था गरेको छ। खास गरी निजी तथा गैरसरकारी निकायहरुबाट HMIS द्वारा निर्धारित ढाँचा र स्थानमा हुनु पर्ने रेकर्ड र रेकर्ड अनुसार रिपोर्ट हुन नसकिरहेको परिप्रेक्ष्यमा सेवा दिएको भन्दा Under Reporting को अवस्था सृजना भएको छ र निजी तथा गैह्र सरकारी संस्थाको योगदान देखाउन सकिएको छैन। Under Reporting हटाइ निजी तथा गैरसरकारी निकायहरू समेत लाई HMIS को मूलधारमा ल्याउनको लागि यो कार्यक्रम राखिएको हो। यो कार्यक्रमको मुख्य उद्देश्य स्वास्थ्य क्षेत्रमा सरकारले लिएको लक्षलाई परिपूर्ति गर्न निजी तथा गैह्र सरकारी क्षेत्रबाट गरीएका सेवा प्रवाह र लगानीलाई समेत महत्वका साथ समावेश गरी प्रगति समिक्षा गर्ने र सार्वजनिक, निजी साथै गैह्र सरकारी क्षेत्रबाट महिला, गरीव तथा पछाडी परेका बर्गको स्वास्थ्य सुधारमा के कस्तो योगदान हुन पुग्यो भन्ने बारेमा समेत छलफल गर्ने गरी यो क्रियाकलाप समावेश भएको हो। |
| **उद्देश्यः** | निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरुले प्रदान गरेको सेवा तथ्याङ्कलाई HMIS मा समाबेश गरी ती संस्थाहरुको स्वास्थ्य क्षेत्रमा भएको बास्तविक योगदान थाहा पाउने। |
| **कार्यक्रमको औचित्यः** | आ. ब. २०७५/७६ मा यस प्रदेशमा HMIS को मूलधारमा करिव २० प्रतिशत मात्र निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरुको तथ्याङ्क समावेश भएको देखिन्छ । सो Under Reporting लाई हटाउन यो कार्यक्रम सञ्चालन गर्नु पर्ने भएको हो। |
| **लक्षित समुहः** | जिल्ला भित्रका निजी तथा गैर सरकारी स्वास्थ्य संस्था तथा अस्पतालहरु |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य कार्यालयहरु |
| **कार्यक्रम सञ्चालन विधिः** | • यो कार्यक्रम कार्यशाला गोष्ठीको रुपमा सञ्चालन गरेमा बढीमा तीन दिन सम्बन्धित जिल्लास्तरका निजी तथा गैह्रसरकारी स्वास्थ्य संस्थाहरुलाई कुनै एक स्थानमा बोलाई गर्न सकिने।<br>• कार्यशाला गोष्ठि सञ्चालन गर्दा सहभागीहरुको दैनिक तथा भ्रमण खर्च सम्बन्धित निजी |

| | |
|---|---|
| | तथा गैह्सरकारी स्वास्थ्य संस्थाहरुबाटै ब्यहोर्ने गरी सञ्चालन गर्ने । यसो गर्दा आर्थिक भार नेपाल सरकारलाई कम पर्ने ।<br>● तर यातायात खर्च भुक्तानी गर्न सकिने छ ।<br>● अन्य खर्चहरुमा प्राप्त बजेटको परिधि भित्र रही खाजा, स्टेशनरी, हल भाडा, मसलन्द आदि लगायतका खर्च यस क्रियाकलापमा विनियोजन भएको रकमबाट प्रचलित आर्थिक ऐन नियम भित्र रही ब्यहोर्ने ।<br>● स्वाथ्य कार्यालय, स्वास्थ्य निर्देशनालय साथै सामाजिक विकास मन्त्रालयका पदाधिकारीहरुको दै. तथा भ्रमण भत्ता यस शिर्षकबाट भुक्तानी गर्न सकिने ।<br>● कार्यशाला गोष्ठिमा जिल्लास्तरका सम्बन्धित कार्यमा सहभागी कर्मचारीहरु मध्ये बढीमा ५ जनासम्म सहभागी हुन पर्ने ।<br>● सामाजिक विकास मन्त्रालय चिकित्सा सेवा महाशाखाबाट १ जना र स्वास्थ्य निर्देशनालय बाट निर्देशकज्यू लगायत अन्य शाखाहरु (योजना/नर्सिङ/एच.एम.आई.एस.) मध्येबाट बढीमा ३ जना सम्म पदाधिकारीहरुलाई बोलाउन सकिने ।<br>● कार्यशाला गोष्ठीमा समेट्नु पर्ने विषयहरुः<br>➢ HMIS tools हरु बारे २ दिन<br>➢ DHIS2 सम्बन्धी १ दिन |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा प्रदेश सरकारवाट स्वीकृत खर्च मापदण्ड अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पश्चात यस कार्यक्रमको प्रतिबेदन स्वास्थ्य निर्देशनालय मा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |
| **खर्च संकेत** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## ३. सिकल सेल प्रभावित जिल्लाहरुमा सचेतना कार्यक्रम सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ३० लाख मात्र | जिल्ला | ६ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षकः | विवरण |
|---|---|
| **परिचयः** | सिकल सेल एक पुस्ताबाट अर्को पुस्तामा सर्ने रातो रक्तकोष भित्र रहेको हेमोग्लोविनलाई असर पार्ने बंशाणुगत रोग हो । विश्व स्वास्थ्य संगठनको २००७ को प्रतिबेदनमा अफ्रिकामा ४५% मानिसहरु यो रोगबाट प्रभावित रहेको तथ्याङ्क छ । भारतको गुजरात राजस्थान र अमेरिकामा पनि यो रोग देखिएको विभिन्न अध्ययनले देखाएको छ । को दाङ बाँके र वर्दियामा वढी देखिएको छ । खास गरी तराईमा वसोवास गर्ने थारु समुदायमा यो रोग बढी देखिएको भएपनि अन्य समुदायमा पनि पाइन्छ । यस रोगको समयमै पहिचान गर्न र प्रभावितहरुलाई परामर्श दिएर ज्यान जोखिम हुनबाट रोक्ने कार्यको लागि समुदाय तथा स्वास्थ्य कर्मिहरुमा अभिमुखिकरण मार्फत सचेतना फैलाउन यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| **उद्देश्यः** | • रोगका असर न्यूनिकरण तथा रोकथामका उपायहरुका वारेमा सचेत गराउने ।<br>• नियमित रुपमा स्वास्थ्य जाँच गराउन अभिप्ररित गर्ने ।<br>• राज्यले प्रदान गर्ने सुविधाका वारेमा जानकारी गराउने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकायः** | स्वास्थ्य कार्यालयहरुः बाँके, बर्दिया, दाङ, रुपन्देही, कपिलबस्तु र नवलपरासी पूर्व । |
| **यस कार्यक्रमलाई सञ्चालन गर्न बजेटको परिधि भित्र रहि देहाय अनुसारको क्रियाकलापहरु गर्नु पर्नेछः** | |
| **क्रियाकलाप नं. १** | **स्वास्थ्यकर्मीहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रमः** |
| **कार्यक्रम सञ्चालन विधिः** | सिकल सेल एनिमिया प्रभावित स्थानीयतहमा कार्यरत चिकित्सक, ल्याव असिस्टेन्ट/ टेक्निसियन, स्वास्थ्य चौकीको प्रमुख र अन्य स्वास्थ्यकर्मीहरु साथै उक्त क्षेत्रमा पर्ने मेडिकल कलेज, प्राइभेट तथा सामुदायिक अस्पतालहरुमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मि, नर्सिङ्ग कर्मचारीहरुलाई लक्षित गरी सिकल सेल एनिमिया रोगको निदान, उपचार, रोकथाम र व्यवस्थापन बारेमा १ दिनको अभिमुखिकरण कार्यक्रम सम्पन्न गर्नुपर्नेछ ।<br>**सहभागी संख्याः** प्रति समुह ३० देखि ३५ जना सम्म हुनु पर्नेछ ।<br>**सहभागीः** मे.अ., हे.अ., स्टाफ नर्स, अ.हे.व, अ.न.मि., ल्याव टेक्निसियन/असिस्टेन्ट<br>**प्रशिक्षकः** सम्बन्धित विषय विशेषज्ञ ४ जना ।<br>**सहयोगीहरुः**<br>प्रशासन/लेखा १ जना<br>का. स. १ जना |

| **क्रियाकलाप नं. २** | **सिकेल सेल रोगरोकथाम सम्बन्धी स्थानीय स्तरमा सचेतनाः** |
|---|---|
| **कार्यक्रम सञ्चालन विधिः** | सामान्यतया मानिसहरुले कुनै लक्षण नदेखिएसम्म चेक जाँच गराउदैनन् त्यस कारण पनि धेरै व्यक्तिका शरीरमा रोग लुकेर बसेको हुन्छ । समाजका अधिकांश व्यक्तिहरुलाई यस रोग सम्बन्धी जानकारी छैन जसले गर्दा यस रोग प्रति समुदायमा जनचेतना अभिबृद्धि गर्न १ दिने सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।<br>**लक्षित समुहः** स्थानीय जनप्रतिनीधिहरु, आम नागरीक, म. स्वा. स्व. से., दलित, जनजाती, पिछडिएको वर्ग, किशोर किशोरी, शिक्षक र समाज सेवी आदी ।<br>**सहभागी संख्या** प्रति १ कार्यक्रममा ३० जना सम्म हुनेछन् ।<br>**सहजकर्ताः** ४ जना ।<br>**सहयोगीहरुः**<br>प्रशासन/लेखा १ जना<br>का. स. १ जना |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित प्रतिफल** | प्रदेशका ५ वटा जिल्लामा सिकेल सेल प्रभावित समुदायमा सिकेल सेल एनिमिया रोग सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालय बाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पश्चात यस कार्यक्रमको प्रतिबेदन स्वास्थ्य निर्देशनालय मा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । |
| **खर्च संकेत** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## ४. पाठेघर खस्ने समस्या, फिस्टुला तथा पाठेघरको मुखको क्यान्सर परिक्षण शिविर सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. २० लाख मात्र | जिल्ला | १२ | प्रथम, दोश्रो |

| उपशीर्षक: | विवरण |
|---|---|
| **परिचय:** | पाठेघर खस्ने समस्या, फिस्टुला तथा पठेघरको मुखको क्यान्सर महिलाहरुमा हुने प्रमूख प्रजनन् स्वास्थ्य समस्याहरु हुन् । यस्ता समस्या भएका महिलाहरु समुदायमा आफ्नो समस्या भन्न लजाउने र समयमा नै समस्या को पहिचान हुन नसक्दा विकराल रुप लिन जान्छ । समयमै यस्ता समस्याहरु पत्ता लगाउन सकेमा रोगको सुरुवाती समयकै अवस्थामा उपचार तथा व्यवस्थापन गर्न सकिन्छ र प्रजनन् रुग्णता घटाइ महिलाहरुको प्रजनन् स्वास्थ्य स्तर उकास्न यी समस्याहरुको परीक्षण शिविर सञ्चालनका बजेट विनियोजन गरीएको छ । |
| **उद्देश्य:** | पाठेघर खस्ने समस्या, फिस्टुला तथा पठेघरको मुखको क्यान्सर जस्ता समस्याहरुको सुरुवाती चरणमै पहिचान गरी समयमै व्यवस्थापन गर्ने । |
| **लक्षित समूह** | प्रजनन् उमेर समूहका महिलाहरु |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय:** | स्वाथ्य कार्यालयहरु |
| **कार्यक्रम सञ्चालन विधि:** | • स्क्रिनिङ्ग शिविर सचालन भन्दा अगाडि स्थानीय तह संगको समन्वयमा पाठेघर खस्ने तथा अब्स्टेट्रिक फिस्टुला तथा पाठेघरको मुखको क्यान्सरको जोखिम भएका महिलाहरु बढि भएको सेवाको पहूँचबाट टाढा रहेका समुदाय एकिन गरी सकेसम्म बढि भन्दा बढि महिलाहरुको सहभागिता हुने गरी कार्यक्रम सन्चालन गर्ने ।<br>• छनौट गरीएको स्थानमा स्क्रिनिङ्ग क्याम्प गर्नु भन्दा एक हप्ता अगाडि नै प्रचार प्रसारको व्यवस्था मिलाउनुपर्नेछ ।<br>• VIA क्रायोथेरापी तालिम प्राप्त चिकित्सक/स्टाफ नर्स/अ.मी.न., रिङ पेसरी राख्न एवम् परामर्श गर्न सक्षम स्टाफ नर्स/अजनाको प्राविधिक टोली ५मी सहित कम्तीमा .न. सहितबाट शिविर सन्चालनगर्ने ।<br>• शिविरबाट सेवा लिएका सेवाग्राहीलाई नेपाल सरकारबाट हुने पाठेघरको निःशुल्क शल्यक्रियाका लागि सेवा सन्चालन भइरहेका सम्बन्धित पायक पर्ने अस्पतालहरुमा प्रेषण गर्ने । सो उपचारका लागि सम्पूर्ण खर्च अस्पतालहरुले व्यहोर्नेछन् र यातायात खर्च वापत हिमाल, पहाड र तराइका लागि क्रमशः रु १५००, १००० र ५०० सम्बिन्धित अस्पतालले उपलब्ध गराउनेछन् ।<br>• स्क्रिनिङ्ग गर्दा VIA positive विरामीहरुलाई नजिकको क्रायोथेरापी सुविधा भएका स्वास्थ्य संस्थामा रिफर गर्नुपर्नेछ । |

| | |
|---|---|
| | • अब्स्टेट्रिक फिस्टुलाका निःशुल्क शल्यक्रियाको लागि सामाजिक विकास मन्त्रालयले तोकेको अस्पतालमा प्रेषण गर्नुपर्दछ। सो को लागि सम्पूर्ण खर्च अस्पतालले व्योहोर्नेछ। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन,नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजितबजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अपेक्षित प्रतिफल** | १२ वटै जिल्लामा पाठेघर खस्ने समस्या, फिस्टुला तथा पाठेघरको मुखको क्यान्सर परीक्षण सम्बन्धी शिविर सञ्चालन भएको हुनेछ। |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ। |
| **खर्च संकेत** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

# खण्ड - च

## अस्पतालहरुमार्फत सञ्चालन कार्यक्रमहरु

## १. अस्पतालको सेवा सुदृढिकरणको लागि गुरुयोजना निर्माण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२४११ | रु.५५ लाख मात्र | वटा | ११ | दोश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचयः | प्रदेश मातहतका अस्पतालहरुको उचित पूर्वाधार विना उपचारात्मक, प्रतिकार्यात्मकतथा प्रबर्द्धनात्मक स्वास्थ्य सेवाको प्रवाह अपेक्षा अनुसार हुन सकेको छैन । प्रदेश स्तरका अस्पतालहरुको भौतिक संरचनाहरुको व्यबस्थित गुरुयोजना तयार गरी अस्पतालहरुको भौतिक पूर्वाधार निर्माण गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ । |
| उद्देश्यः | व्यबस्थित रुपमा भौतिक पूर्वाधार निर्माण गरी अस्पतालहरुको सेवा सुदृढिकरण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । |
| लक्षित समुह | प्रदेशका आम नागरीक |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश मातहतका अस्पतालहरु |
| कार्यक्रम सन्चालन प्रकृया | • कार्यशर्त निर्माण गर्ने ।<br>• लागत अनुमान तयारी गर्ने ।<br>• मूल्याङ्कनका आधारहरुको निर्माण गर्ने ।<br>• RFP निर्माण गर्ने ।<br>• परामर्शदाता नियुक्तिका लागि प्रस्ताव आव्हान गर्ने ।<br>• उपयुक्त परामर्शदाता छनौट गर्ने ।<br>• परामर्शदाताको सहयोगमा गुरु योजना तयार गरीने छ ।<br>• खरिद विधिः सेवा खरिद । |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| अपेक्षित प्रतिफल | ११ वटा अस्पतालहरुको गुरुयोजना तयार हुनेछ । |
| अनुगमन र मुल्याङ्कन | • सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन गरीनेछ।<br>• निर्देशनालयले गुरु योजना निर्माणको खाका तयार गरी अस्पताललाई उपलब्ध गराउनेछ। |
| प्रतिवेदनः | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |
| खर्च संकेत | २२४११ — सेवा र परामर्श — यसमा देहायका रकमहरु समावेश हुन्छः<br>(क) पुंजीगत निर्माण अन्तर्गत नपरेका वा त्यस्तो निर्माणसँग सम्वन्धित नभएका अ |

| | | | |
|---|---|---|---|
| | | खर्च | अनुसन्धान आदीको पारिश्रमिक र<br>(ख) छानविन, जाँचबुझ गराए वापतको खर्च विशेषज्ञबाट लिइने परामर्श सेवा तथा सल्लाहकार सेवा आदीको पारिश्रमिक सम्बन्धी खर्चहरु समावेश गरिन्छ। |

## २. अस्पतालहरुमा सामाजिक सेवा एकाई स्थापना

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ९० लाख मात्र | वटा | ९ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचयः** | नेपालको संविधान २०७२ को धारा ३५ मा “प्रत्येक नागरीकलाई राज्यबाट कानूनमा व्यबस्था भए बमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरीने छैन” भनी स्वास्थ्य सेवालाई नेपाली नागरीकको मौलिक हक अन्तर्गत राखेको छ। सरकारले संविधानको भावना समेतलाई दृष्टिगत गरी निः शुल्क राष्ट्रिय स्वास्थ्य सेवा कार्यक्रम लागु गरेको छ । सो कार्यक्रम अन्तर्गत २०६५ माघदेखि २५ शैया सम्मको अस्पतालहरुमा आम-नागरीकलाई सूचीकृत अत्याश्यक औषधि निःशुल्क रुपमा प्रदान गर्न सुरु गरेको छ । साथै लक्षित समूहका विरामीहरुलाई अत्यावश्यक औषधि तथा साथै अन्तरङ्ग, बहिरङ्ग र आकस्मिक सेवा निःशुल्क उपलब्ध गराउने गरीएको छ।<br>प्रदेश सरकार प्रदेश नं. ५ सामाजिक विकास मन्त्रालयले प्रदेश मातहत रहेका तोकिएका ९ वटा अस्पतालहरुमा सशर्त र निःशुल्क औषधिका लागि (Conditional and Medicine Grants) अनुदान रकम उपलब्ध गराई सो रकमबाट लक्षित समूहका विरामीहरुलाई निःशुल्क वा आंशिक छुटमा स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने प्रावधान अनुसार अस्पतालहरुमा सामाजिक सेवा एकाई स्थापना भई सामाजिक सेवा एकाई कार्यक्रम सञ्चालन गर्न यस कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **उद्देश्यः** | सामाजिक सेवा एकाईको मुख्य उद्देश्य लक्षित समूहका विरामीहरुलाई तोकिएका अस्पतालहरुमा उपलब्ध सेवा निःशुल्क वा आंशिक छुटमा उपलब्ध गराउने कार्यमा आवश्यक सहजीकरण गर्नु रहेको छ। |
| **सामाजकि सेवा एकाइका कार्यहरु** | • लक्षित समूहका विरामीहरुको स्वास्थ्य सेवामा समतामूलक पहुँच एबम उपयोग वृद्धि गर्ने।<br>• लक्षित समूहसम्म निःशुल्क तथा आंशिक छुटमा विशेषज्ञ सेवाहरु उपलब्ध गराउने।<br>• स्वास्थ्य सम्बन्धी विमा लगायत सामाजिक सुरक्षा कार्यक्रमहरुको संयोजन एबं सहजिकरण गर्ने।<br>• ब्यबस्थित पारदर्शी र प्रभावकारी रुपले लक्षित समूहले स्वास्थ्य सेवा लिन सक्ने वातावरण तयार गर्ने। |
| **सामाजिक सेवा एकाई ब्यबस्थापन समितिः** | सामाजिक सेवा एकाईको स्थापनाका लागि आवश्यक व्यबस्थापन गर्न र एकाईले निर्णय लिन नसकेको विषयमा निर्णय गर्न अस्पताल प्रमुखको संयोजकत्वमा नर्सिङ्ग प्रमुख, आकस्मिक विभाग प्रमुख, मेडिकल विभाग प्रमुख, लेखा प्रमुख, सामाजिक स्वास्थ्य विमा सम्पर्क व्यक्ति र सामाजिक सेवा एकाई प्रमुख रहेको सामाजिक सेवा एकाइ व्यबस्थापन समिति गठन गर्नुपर्नेछ। |
| **कार्य सञ्चालन गर्ने** | प्रदेश मातहत रहेका तोकिएका ९ वटा अस्पतालहरुः<br>१. भिम अस्पताल |

| | |
|---|---|
| **निकायः** | २. पृथ्वी चन्द्र अस्पताल<br>३. कपिलवस्तु अस्पताल<br>४. गुल्मी अस्पताल<br>५. अर्घाखाँची अस्पताल<br>६. पाल्पा तानसेन अस्पताल<br>७. रामपुर अस्पताल<br>८. रोल्पा अस्पताल<br>९. प्युठान अस्पताल |
| **कार्यक्रम सन्चालन प्रकृया** | तोकिएका अस्पतालहरुमा कम्तिमा अधिकृत वा सो सरहको कर्मचारी प्रमुख रहने गरी विरामीको चापको आधारमा महिला र पुरुष गरी २ देखि १० जनासम्म सहजकर्ता भएको सामाजिक सेवा एकाइ रहनेछ। सामाजिक सेवा एकाइले गर्ने सहजीकरण सेवा प्रबर्द्धन र अभिलेखन कार्यमा सहयोग पुऱ्याउन स्थानीय सामाजिक संस्था वा गैर सरकारी संस्थालाई सेवा करार गरी सहजीकरणको जिम्मेवारी दिनु पर्नेछ। एकाइ प्रमुखको व्यबस्था भने मौजुदा अस्पतालका नियमित कर्मचारीहरु मध्येबाट अस्पताल व्यबस्थापनले गर्नुपर्नेछ। अस्पतालमा सामाजिक सेवा सम्बन्धी सहजीरण गर्ने कार्य पहिलादेखि नै कुनै संस्थाले गर्दै आएको र यो संस्थाको कार्यसम्पादन सन्तोषजनक भएमा सामाजिक सेवा एकाइ व्यवस्थापन समितिले सोही संस्थालाई सामाजिक सेवा एकाईको सहजीकरणका लागि सेवा करार गर्न सक्नेछ।<br>लक्षित समुहः सामाजिक सेवा एकाइले निःशुल्क वा सहुलियत रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने लक्षित समुह निम्नानुसार रहेका छन्:<br>१. गरीव<br>२. असहाय<br>३. अपाङ्गता भएका व्यक्ति<br>४. जेष्ठ नागरीक<br>५. लैङ्गिक हिंसा पीडित (बालबालिका समेत)<br>६. महिला स्वास्थ्य स्वयम सेविका<br>७. प्राकृतिक प्रकोपभुकम्प), बाढी पहिरो आगलागि आदीबाट पिडित (<br>८. शहिद परिवार<br>९. कुपोषित बालबालिका<br>१०. प्रहरीले ल्याएका थुनुवा<br>११. दुर्घटनामा परेका आकस्मिक विरामी (अविभावक नभएको)<br>१२. सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजाती<br>माथि उल्लेखित लक्षित समूहका विरामीहरुलाई उनीहरुको आर्थिक अवस्थाको मूल्याङ्कन एवं परिचय पत्र भएको हकमा परिचय पत्रका आधारमा र नभएको हकमा स्थानीय तहको सिफासिरका आधारमा अस्पतालमा उपलब्ध सेवाहरुमा छुट प्रदान गर्नुपर्नेछ। तर लैङ्गिक हिंसा पीडित ब्यक्तिका हकमा भने सम्बन्धित अस्पतालमा उपलब्ध हुने सवै स्वास्थ्य सेवाहरु निःशुल्करुपमा पाउने व्यबस्था मिलाउनुपर्नेछ। |

| | |
|---|---|
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अभिलेखन** | सामाजिक सेवा एकाइबाट निःशुल्क वा आंशिक छुटमा सेवा लिएका विरामीहरुको अभिलेख तोकिएको ढाँचामा अद्यावधिक गरी राख्नुपर्नेछ । सो अभिलेख अनलाईन व्यबस्थापन सूचना प्रणालीको व्यबस्था भए पश्चात नियमित रुपमाअद्यावधिक गर्नुपर्नेछ। |
| **प्रगति समीक्षा तथा प्रतिबेदनः** | अस्पतालमा रहेको सामाजिक सेवा एकाइ व्यबस्थापन समितिले चौमासिक रुपमा कार्यप्रगतिको समिक्षा गरी सो को प्रतिबेदन स्वास्थ्य निर्देशनालय मा पठाउनुपर्नेछ। सामाजिक सेवा एकाइले सेवाग्राहीहरुको अभिलेख अद्यावधिक गरी मासिक रुपमा अस्पतालको मेडिकल रेकर्ड शाखा र स्वास्थ्य निर्देशनालय मा इमेल गरी पठाउनुपर्नेछ। प्रत्येक अस्पतालको सामाजिक सेवा एकाइले संस्थागत इमेल निर्माण गरी सो मार्फत सूचना आदान-प्रदान गर्नेपर्नेछ। |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| **निर्देशनालयको भुमिका** | निर्देशनालयले यसको कार्यक्रम अवधारणापत्र र यसको कार्यविधि निर्माण गरी तोकिएका अस्पताललाई उपलब्ध गराउनेछ। |
| **खर्च संकेत** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## ३. ओ.सि.एम.सि. सेवा विस्तार ३ अस्पताल

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ४५ लाख मात्र | वटा | ३ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **परिचयः** | लैङ्गिक हिंसा पीडित महिला तथा बालबालिकाहरुलाई एकीकृत रुपमा स्वास्थ्य सेवा मनोसामाजिक विमर्श चिकित्साजन्य प्रमाण सङ्कलन र संरक्षण अल्पकालिन आश्रय कानूनी उपचार आवश्यक सुरक्षा व्यबस्था र परिवार वा समुदायमा पुनर्स्थापना तथा जीविको पार्जनमा सहयोग गर्ने उद्देश्यले तोकिएका अस्पतालहरुमा एकद्वार सङ्कट व्यबस्थापन केन्द्र स्थापना गरीएको हो यसैको निरन्तरता बमोजिम थप ३ वटा अस्पतालहरुमा कार्यक्रम विस्तारका लागि यो कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **उद्देश्यः** | अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धी एकद्वार सङ्कट व्यबस्थापन केन्द्र स्थापना गरी लैङ्गिक हिंसा पीडित व्यक्तिहरुलाई स्वास्थ्य उपचारका साथै अन्य आवश्यक सेवाहरु एकीकृतरुपमा उपलब्ध गराई लैङ्गिक हिंसा नियन्त्रणमा योगदान पुऱ्याउने। |
| **लक्षित समुह** | निम्न लिखित समूहहरुलाई एकिकृत रुपमा आवश्यक सेवाहरु उपलब्ध गराउनुपर्ने छ।<br>• सवै किसिमका लैङ्गिक हिंसाबाट प्रभावित व्यक्ति<br>• लैङ्गिक हिंसाको जोखिम युक्त परिस्थितीमा रहेका वेवारिसे एबम शारीरिक तथा मानसिक रुपले अशक्त महिला तथा वालबालिका<br>• लैङ्गिक हिंसाको जोखिम युक्त परिस्थितिमा रहेका वेवारिस एवं शारीरिक तथा मानसिक रुपले अशक्त महिला तथा बालबालिका<br>• लैङ्गिक हिंसाबाट प्रभावित भई मानसिक स्वास्थ्य गम्भिर समस्या उत्पन्न भएका कारणले घर वा सार्वजनिक स्थानमा अलपत्र अवस्थामा जीवन जिउन बाध्य महिला तथा बालकबालिका<br>• लैङ्गिक हींस पीडित एकल महिला अपाङ्गता भएका महिला बालवालिका वा जेष्ठ नागरीक महिला<br>• सशस्त्र द्वन्द्व तथा प्राकृतिक विपदका कारण हिंसामा परेका र पर्न सक्ने महिला वा बालबालिका<br>• एच आइ भी तथा एड्सबाट सङ्क्रमित भई लैङ्गिक हिंसाबाट प्रभावित महिला वा बालबालिका |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | ३ वटा अस्पतालहरुः भिम अस्पताल, राप्ती प्रादेशिक अस्पताल र रोल्पा अस्पताल |
| **सञ्चालन गर्नु पर्ने समयः** | केन्द्र स्थापना भएको अस्पतालबाट लैङ्गिक हिंसापीडित वा प्रभावित व्यक्तीलाई २४ सै घण्टा निःशुल्क रुपमा सेवा उपलब्ध गराउनु पर्दछ। |
| **कार्यक्रम सन्चालन प्रकृया** | नेपाल सरकारको “अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालन निर्देशिका २०६७” मा व्यबस्था भए बमोजिम लैङ्गिक हिंसा पीडित वा प्रभावित व्यक्तिहरुलाई एकिकृत रुपमा सेवाहरु उपलब्ध गराउनु पर्दछ। |

| | |
|---|---|
| **सञ्चालन गर्नुपर्ने प्रमुख कार्यहरु र खर्च क्षेत्र** | केन्द्र मार्फत गरीने प्रमुख क्रियाकलापहरुः<br>क) परामर्श सेवाः१ जना नर्स करार सेवामा नियुक्त गर्ने ।<br>ख) नियमित बैठक र समीक्षा गर्ने<br>ग) केन्द्र स्थापना खर्चः कम्प्युटर, प्रिन्टर, फर्निचर आदी<br>घ) उपचार खर्च र सामाग्री खरिदःनिःशुल्क औषधिबाहेकका आबश्यक्ता अनुसार औषधि खरिद गर्न अस्पतालमा उपलब्ध नभएको सेवा बजारबाट खरिद गर्न, अन्य उपचार खर्च र आवश्यक सामाग्री खरिद गर्न ।<br>ङ) अत्यावश्यक सेवाः अस्पतालमा भर्ना भएको अवस्थामा खाना कपडा जस्ता अत्यावश्यक सेवा उपलब्ध गराउन र पीडितको अभिभावक नभएको अवस्थामा सो अवधिको लागि ज्यालादारीमा हेरचाह वा कुरुवा व्यक्तिको सेवा उपलब्ध गराउन ।<br>च) अतिरिक्त सुविधाः पीडितको जाँच गर्ने हेर्ने चिकित्सक र मनोसामाजिक परामर्शकर्तालाई अतिरिक्त समय काम लगाएबापत दिनुपर्ने अतिरिक्त सुविधा ।<br>छ) यातायात सुविधाः पीडितलाई अस्पतालसम्म सार्वजनिक यातायात सेवाबाट आवत जावत तथा आवश्यक्ता अनुसार एम्वुलेन्स सेवाका लागि खर्च उपलब्ध गराउने ।<br>ज) रेफरल खर्चः अन्य अस्पतालमा उपचारका लागि पीडितलाई पठाउनुपर्ने भएमा मामला ब्यबस्थापन समितिको निर्णयानुसार उपचार यातायात एबम् खाना खर्च पीडितको साथमा वालबालिका भएमा उनीहरुको लागि उपचार यातायात तथा खाना खर्च समेत बेहोर्नुपर्नेछ ।<br>झ) अन्य विविध कार्यहरु जस्तैः अस्पतालका कर्मचारी एबम् स्वास्थ्य कर्मीको क्षमता विकास, प्रबर्दनात्मक तथा प्रतिरोधात्मकः केन्द्र सम्बन्धी प्रचार प्रसार सामाग्री उत्पादन वितरण प्रसारण आदी । |
| **बजेट बाँडफाडः** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अनुगमन** | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |
| **खर्च संकेत** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

# ४. लुम्बिनी प्रादेशिक अस्पतालमा न्युरो तथा अर्थो बिशिष्टिकृत सेवा सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२२३१ | रु. १० लाख मात्र | पटक | १ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचयः** | भौतिक पूर्वाधारको मर्मत तथा संभार गरी लुम्विनी प्रादेशिक अस्पतालमा न्यूरो तथा अर्थो विशिष्टिकृत विभागबाट सेवा प्रवाह गर्न यो कार्यक्रमको व्यबस्था गरीएको हो। |
| **उद्देश्यः** | • भौतिक पूर्वाधारको मर्मत तथा संम्भार गरी अस्पतालको सेवा प्रवाह गर्ने<br>• स्वास्थ्य सेवालाई गुणस्तरीय वनाउने। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | लुम्विनी प्रादेशिक अस्पताल |
| **कार्यक्रम सन्चालन प्रकृया** | • मर्मत गर्नु पर्ने सामाग्रीहरुको सूचि तयार गर्ने।<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन २०७५ समेत) अनुसार कार्यक्रम सञ्चालन गर्नु । |
| **बजेट बाँडफाडः** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ। |
| **खर्च क्षेत्र** | भौतिक पुर्वाधारको निर्माण |
| **खर्च संकेत** | २२२३१ — निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च — यसमा निर्माण भइसकेका स्थिर सार्वजनिक सम्पति जस्तै सडक पुल नहर विद्युत गृह भवन आदीको नियमित मर्मत सम्भार तथा रंगरोगन सम्बन्धी चालु प्रकृतिका खर्च समावेश गरिन्छ। |

## ५. लुम्बिनी प्रादेशिक अस्पतालमा नँया न्युरो तथा अर्थो बिशिष्टिकृत सेवा सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. २० लाख मात्र | पटक | १ | प्रथम, दोश्रो |

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **परिचयः** | न्युरो तथा अर्थो विशिष्टकृत सेवा यस प्रदेश भित्र वढी चाप भएकोले यस प्रदेशका आम नागरीकलाई सो सम्बन्धि विशिष्टकृत सेवा सहजरुपमा प्रदान गर्न कठिनाइ भएकोले सो सेवाको सवलिकरणका लागि लुम्विनी प्रादेशिक अस्पतालमा नयाँ न्यूरो तथा अर्थो विशिष्टकृत सेवा सञ्चालन गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ। |
| **उद्देश्यः** | ● अस्पतालमा न्युरो तथा अर्थो विशिष्टकृत सेवा सञ्चालनका लागि जनशक्ती सहयोग तथा व्यबस्थापनमा सहयोग गर्ने। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | लुम्विनी प्रादेशिक अस्पताल |
| **कार्यक्रम सन्चालन प्रकृया** | ● अस्पतालले न्युरो तथा अर्थो विशिष्टकृत सेवा विभागमा आवश्यक जनशक्ति (नर्स, चिकित्सक) नियम अनुसार करारमा लिई सेवालाई निरन्तरता दिनु पर्नेछ।<br>● बजेटको परिधि भित्र रही न्युरो तथा अर्थो विशिष्टकृत सेवामा आवश्यक पर्ने औजार उपकरण समेत खरिद गर्नु पर्नेछ। |
| **बजेट बाँडफाडः** | ● प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ। |
| **खर्च संकेत** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## ६. राप्ती प्रादेशिक अस्पताल एन.आई.सि.यु. सेवा सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १५ लाख मात्र | पटक | १ | प्रथम, दोश्रो, तेश्रो |

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **परिचयः** | नेपाल जानसंख्यिक स्वास्थ्य सर्वेक्षण २०१६ को तथ्याङ्क अनुसार नवजात शिशु मृत्युदर विगतको भन्दा केही घटे पनि अन्य देशको भन्दा उच्च रहेको छ । नेपाल सरकारले नवजात शिशु उपचार निः शुल्क प्रदान गर्दै आइरहेको छ । प्रसुतिको चाप वढी भएका अस्पतालहरुमा दरवन्दी रिक्त भई दक्ष जनशक्ती तथा अन्य सामाग्रीहरुको अभाव हुने कारणले गुणस्तरीय NICU सञ्चालनमा कठिनाई भैरहेको हुँदा ती अस्पतालहरु मध्ये राप्ती प्रादेशिक अस्पतालमा एन आइ सि यु सेवा सञ्चालन गर्न यो कार्यक्रमको व्यबस्था गरीएको हो । |
| **उद्देश्यः** | ● अस्पतालमा रहेको NICU सञ्चालनका लागि जनशक्ती सहयोग तथा व्यबस्थापनमा सहयोग गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | राप्ती प्रादेशिक अस्पताल |
| **कार्यक्रम सन्चालन प्रकृया** | ● अस्पतालले निःशुल्क नवजात शिशु कार्यक्रममा सहयोग पुर्‍याउन अस्पतालले एन आइ सि यु कक्षमा आवश्यक जनशक्ति (नर्स, चिकित्सक) नियम अनुसार करारमा लिई सेवालाई निरन्तरता दिनु पर्नेछ । |
| **बजेट बाँडफाडः** | ● प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |
| **खर्च संकेत** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## ७. राप्ती प्रादेशिक अस्पतालमा जेरियार्टिक वार्ड सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १५ लाख मात्र | पटक | १ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचयः** | नेपालको संविधान २०७२ को धारा ४१ मा "जेष्ठ नागरीकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ" भनी जेष्ठ नागरीकको मौलिक हक अन्तर्गत राखेको छ । संविधानको भावना समेतलाई दृष्टिगत गरी जेष्ठ नागरीकलाई विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभुति स्वरुप अन्तरगं स्वास्थ्य सेवा प्रदान गर्दा जेष्ठ नागरीकहरुलाई विशेष ध्यान दिई स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने भएकोले अलग्गै वार्डको ब्यबस्था गर्न राप्ति प्रादेशिक अस्पतालमा जेरियार्टिक वार्ड सञ्चालन गर्न यो कार्यक्रमको व्यवस्था गरीएको हो । |
| **उद्देश्यः** | • जेष्ठ नागरीकहरुलाई विशेष स्वास्थ्य सेवा प्रदान गर्न अलग्गै अन्तरंग सेवा सञ्चालन गर्नु यस कार्यक्रमको मुख्य उद्दश्य रहको छ । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | राप्ती प्रादेशिक अस्पताल |
| **कार्यक्रम सन्चालन प्रकृया** | • वार्ड सञ्चालनका लागि भौतिक संरचना निर्माण, मर्मत सुधार<br>• जनशक्तीको व्यबस्था<br>• औजार उपकरणको व्यबस्था<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन २०७५ समेत) अनुसार खरिद कार्य गर्ने । |
| **बजेट बाँडफाडः** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |
| **खर्च संकेत** | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## ८. लुम्बिनी प्रादेशिक अस्पतालमा प्यालिएटिभ सेवा सञ्चालन

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. १० लाख मात्र | पटक | १ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचयः | गम्भिर प्रकारका रोगिहरु जुन स्थायी रुपमा निको हुन सक्दैनन् त्यस्ता विरामीहरुको रोगको लक्षण र तनावमा राहत दिलाई उनीहरुको जीवनस्तरमा सुधार ल्याउनका लागि लुम्विनि प्रादेशिक अस्पतालमा प्यालिएटिभ सेवा सञ्चालन गर्न यो कार्यक्रमको व्यबस्था गरीएको छ। |
| उद्देश्यः | प्यालिएटिभ सेवा सञ्चालन गरी विरामी र विरामीको परिवारको जीवनको गुणस्तरमा सुधार ल्याउनु। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | लुम्विनी प्रादेशिक अस्पताल |
| कार्यक्रम सन्चालन प्रकृया | • सेवा सञ्चालनका लागि भौतिक संरचना निर्माण, मर्मत सुधार<br>• जनशक्तीको व्यबस्था<br>• औजार उपकरणको व्यबस्था<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन २०७५ समेत) अनुसार खरिद कार्य गर्ने। |
| बजेट बाँडफाडः | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| प्रतिवेदनः | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ। |
| खर्च संकेत | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोस्टि बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला , पर्यटन लगायतका बिभिन्न क्षेत्रमा उत्पादन तथा सेवा प्रवाह ( बिक्रि हुने बाहेक) सम्बन्धी कार्यक्रम खर्च समावेश गरिन्छ। |

## ९. लुम्बिनी प्रादेशिक अस्पताल डाईग्नोष्टिक भवन निर्माण निरन्तरता

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३१११२ | रु. ८ करोड मात्र | पटक | १ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचयः | कुनै पनि अस्पतालबाट गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न आधारभूत भौतिक संरचनाको आवश्यक पर्दछ । लुम्विनी प्रादेशिक अस्पतालमा डाइग्नोष्टिक सेवा सञ्चालनलाई गुणस्तरीय र प्रभावकारी वनाउन भवन निर्माण कार्यका लागि यो कार्यक्रमको ब्यबस्था गरीएको छ। |
| उद्देश्यः | विगत वर्षमा निर्माण कार्य शुरु भैरहेको भवन निर्माण निरन्तरता तथा निर्माण कार्य सम्पन्न गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | लुम्विनी प्रादेशिक अस्पताल |
| कार्यक्रम सन्चालन प्रकृया | सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (सशोधन २०७५ समेत) को परिधिमा रहि कार्यक्रम सञ्चालन गर्ने। |
| बजेट बाँडफाडः | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| अनुगमन र मुल्याङ्कन | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| प्रतिवेदनः | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ। |
| खर्च संकेत | ३१११२ — गैर आवासीय भवन निर्माण/खरिद — यसमा कार्यालय भवन, भवन तथा जग्गाको कम्पाउन्ड वाल निर्माण गोठ र टहराजस्ता भवनजन्य संरचनाको निर्माण/खरिद गर्न लाग्ने खर्चहरुको साथै भइरहेको भवनमा कोठा वा तला थप गर्दा हुने खर्च समावेश गर्नु पर्दछ। भवन खरिद गर्दा यो भवन तथा भवनले ओगटेको जग्गा, कम्पाउण्ड लगायतको अन्य संरचनागत खर्च (जग्गा फर्निचर र फिक्चर्स आदीको) को लागत छुट्याउन सक्ने भएमा सम्बन्धित खर्च शीर्षक मै रकम व्यबस्था गरी खर्च लेख्नु पर्दछ। |

## १०. लुम्बिनी प्रादेशिक अस्पतालको हालको ओ.टी. भवन माथि क्याबिन निर्माण कार्य निरन्तरता

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| ३१११२ | रु. ३ करोड ९३ लाख ७८ हजार मात्र | पटक | १ | प्रथम, दोश्रो, तेश्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचयः** | कुनै पनि अस्पतालबाट गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न आधारभूत भौतिक संरचनाको आवश्यक पर्दछ। लुम्विनी प्रादेशिक अस्पतालको सेवा सञ्चालनलाई गुणस्तरीय र प्रभावकारी वनाउन ओ.टी. भवन माथि क्याबिन निर्माण कार्यका लागि यो कार्यक्रमको ब्यबस्था गरीएको छ। |
| **उद्देश्यः** | विगत वर्षमा निर्माण कार्य शुरु भैरहेको भवन निर्माण निरन्तरता तथा निर्माण कार्य सम्पन्न गर्ने। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | लुम्विनी प्रादेशिक अस्पताल |
| **कार्यक्रम सन्चालन प्रकृया** | सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (सशोधन २०७५ समेत) को परिधिमा रहि कार्यक्रम सञ्चालन गर्ने। |
| **बजेट बाँडफाडः** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा वाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ। |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन गरीनेछ । |
| **प्रतिवेदनः** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रम सञ्चालन वारेको प्रतिबेदन अनिवार्य रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ। |
